# राइनास नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**तिनपिप्ले लमजुङ्ग,**

**गण्डकि प्रदेश,**

**नेपाल**

## राइनास नगरपालिकाको आवधिक विकास योजना,

## (२०७९/२०८०–२०८३/२०८४)

## लमजुङ

**नगरपालिकाको वस्तुस्थिति विवरण** (भाग १)

**२०७८/२०७९**

**मस्यौदा प्रतिवेदन**

परामर्शदाता संस्था


**भर्डेन्ट इन्जिनियरिङ एण्ड इन्भाइरोमेन्टल सर्भिसेस् प्रा.लि.,**

**टोखा, काठमाण्डौं**


बैशाख, २०७९

# विषय सूची


तालिका सूची
नक्सा सूची
फोटो सूची

**परिच्छेदः १ परिचय** १
१.१ पृष्ठभूमि १
१.२ उद्देश्य १
१.३ कानुनी तथा नीतिगत आधारहरू १
१.४ तयारी प्रक्रिया २
१.५ अध्ययनको सीमा २

**परिच्छेदः २ नगरपालिकाको चिनारी** ४
२.१ भौगोलिक अवस्थिति तथा प्रशासनिक विभाजन ४
२.१.१ भौगोलिक अवस्थिति ४
२.१.२ प्रशासनिक विभाजन ५
२.२ ऐतिहासिक चिनारी तथा नामाकरण ६
२.३ धरातलिय अवस्था (भू-क्षेत्रको प्रकृति भिरालोपन तथा उचाइ, मोहडा) ७
२.४ भू-उपयोगको विवरण ८
२.५ माटोको बनावट ९
२.६ भू-क्षेत्रको बर्गीकरण ९
२.७ जलवायु ११
२.८ मुख्य प्राकृतिक सम्पदा ११
२.९ साँस्कृतिक विशेषताहरु १३
२.१० विकासका मुख्य सम्भावनाहरु १३

**परिच्छेदः ३ पारिवारिक विवरण तथा जनसंख्याको अवस्था** १६
३.१ बस्ती र घरपरिवार विवरण १६
३.२ जनसंख्याको अवस्था १७
३.३ वडागत क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण १७
३.४ उमेर समूह अनुसार जनसख्याको विवरण १९
३.५ जातजाती समूहअनुसार जनसंख्याको विवरण २१
३.६ मातृभाषा अनुसार जनसंख्याको विवरण २१
३.७ धर्मअनुसार जनसंख्याको वितरण २२
३.८ अपाङ्गताको आधारमा जनसंख्याको विवरण २३

**परिच्छेदः ४ आर्थिक अवस्था** २४
४.१ प्रमुख आर्थिक विवरण २४
४.२ खाद्यान्न सुरक्षा तथा आपूर्तिको अवस्था २४
४.३ आयात निर्यातको अवस्था २५
४.४ स्थानीय श्रोतमा आधारित कच्चा पदार्थहरु २५

४.५ सुकुम्बासी जनसंख्याको विवरण २५
४.६ कृषि तथा पशु विकास २५
४.६.१ सिंचाइको स्रोत सम्बन्धि विवरण २६
४.६.२ मुख्य कृषिजन्य उत्पादनहरुको विवरण र उत्पादकत्व २७
४.६.३ बाली पात्रो २९
४.६.४ खाद्यान्न तथा तरकारी बालीमा लाग्ने रोग तथा कीरा २९
४.६.५ खेतीजन्य जमिनको विवरण ३०
४.६.६ कृषि बजार सम्बन्धी विवरण ३०
४.६.७ कृषि पकेट क्षेत्रको विवरण ३०
४.६.८ चिस्यान केन्द्र, भण्डारण केन्द्र तथा डेरीहरुको विवरण ३२
४.६.९ कृषि तथा पशुपालनसँग सम्बन्धित सामुदायिक, सहकारी फार्म वा संस्थाको विवरण ३२
४.६.१० पशुपालन ३३
४.६.११ पशु नश्ल ३३
४.६.१२ नगरपालिकामा दुग्ध बजारीकरण ३४
४.६.१३ पशुपंक्षी फार्महरूको विवरण ३४
४.६.१४ पशु उपचार कार्यक्रम ३५
४.६.१५ कृषि तथा पशु सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण ३५
४.६.१६ पशुपंक्षीको तथ्यांक विवरण ३६
४.७ पर्यटन विकास ३७
४.७.१ होटल रिसोर्ट तथा रेस्टुरेन्ट सम्बन्धि विवरण ३७
४.७.२ धार्मिक ,ऐतिहासिक तथा पर्यटकिय स्थल सम्बन्धि विवरण ३७
४.७.३ प्रमुख पर्यटकीय स्थलहरु ३८
४.७.४ पर्यटकिय पूर्वाधारहरुको विवरण ४०
४.७.५ मठमन्दिहरुको विवरण ४०
४.७.६ नगरपालिकामा मनाइने प्रमुख चाडपर्वहरु ४२
४.८ उद्योग व्यापार तथा बैङ्कीङ ४३
४.८.१ हाल संचालित उद्योग तथा व्यापार व्यवसायको विवरण ४३
४.८.२ मुख्य व्यापारको विवरण ४४
४.८.३ खनिज तथा खानी सम्बन्धी विवरण ४४
४.८.४ मुख्य बजार तथा व्यापारिक केन्द्रहरुको विवरण ४४
४.८.५ बैंकहरुको विवरण ४५
४.८.६ सहकारी संस्थाको विवरण ४६
४.८.७ वैदेशिक लगानीका उद्योग वा आयोजनाहरु ४८

**परिच्छेदः ५ सामाजिक अवस्था** ४९
५.१ शैक्षिक तथा मानव संशाधन विकास ४९
५.१.१ शैक्षिक संस्थाहरुको विवरण ५०
५.१.२ विद्यालयको स्वामित्वको किसिम अनुसार विवरण ५०
५.१.३ अन्य शैक्षिक कार्यक्रम संचालित संस्थाहरुको विवरण ५०
५.१.४ बालबिकास केन्द्रहरुको बिवरण ५२
५.१.५ माध्यमिक ९०-१२० संचालित बिद्यालयहरुको बिवरण ५३
५.१.६ संस्थागत बिद्यालयहरुको बिवरण ५४

५.१.७ अन्य शैक्षिक कार्यक्रम संचालित संस्थाहरुको बिवरण ५४
५.१.८ सामुदायिक सिकाइ केन्द्रहरुको विवरण ५४
५.१.९ विद्यालयगत शिक्षक विद्यार्थी अनुपात ५४
५.१.१० विद्यालयमा भएको शौचालयको विवरण ५५
५.१.११ विद्यालयको भौतिक विवरण ५७
५.१.१२ विद्यालयमा भएका पुस्तकालय, कम्प्युटर, इन्टरनेट तथा विज्ञान प्रयोगशाला सम्बन्धि विवरण ५९
५.१.१३ विद्यालयको संरचनागत विवरण ६१
५.१.१४ विद्यालयको गुणस्तर व्यवस्थापनसम्बन्धी विवरण ६३
५.२ स्वास्थ्य तथा पोषण ६५
५.२.१ स्वास्थ्य संस्थाको भौतिक पूर्वाधारको अवस्था ६७
५.२.२ स्वास्थ्य सुविधाको आधारमा सेवा केन्द्रहरु ६८
५.२.३ वडा अनुसार स्वास्थ्य संस्थाहरुको विवरण ६८
५.२.४ गाउँघर क्लिनीक र नियमित खोप ६९
५.२.५ मानव संशाधानको अवस्था ७०
५.२.६ सुरक्षित मातृत्वको अवस्थाको विवरण ७०
५.२.७ महिला स्वास्थ्य स्वयंसेवीकाहरू ७१
५.२.८ परिवार नियोजन सम्बन्धि विवरण ७१
५.२.९ विपन्न नागरिक उपचार सहायता सिफारिस ७२
५.२.१० खोपको विवरण ७२
५.२.११ अपांगताका आधारमा जनसंख्या ७३
५.२.१२ महिला सम्बन्धि विवरण ७४
५.२.१३ वाल क्लव सम्वन्धि विवरण ७५
५.३ खानेपानी तथा सरसफाइ ७६
५.३.१ खानेपानी सुविधाको अवस्था ७६
५.३.२ खानेपानीको आधारमा घरधुरी ७९
५.३.३ शौचालय प्रयोगको अवस्था ७९
५.३.४ सार्वजनिक शौचालय ७९
५.३.५ फोहोरमैला व्यवस्थापन तथा सरसफाइ ८०
५.४ युवा तथा खेलकुद र मनोरञ्जन ८०
५.४.१ खेलमैदान, पार्क, पिकनिक स्थल तथा मनोरन्जनस्थल सम्वन्धीको विवरण ८०
५.४.२ नगरपालिकामा भएका युवा क्लव सम्वन्धि विवरण ८२
५.४.३ पार्क तथा पिकनिक स्थल सम्बन्धी विवरण ८३
५.५ शान्ति सुरक्षाको विवरण ८३

**परिच्छेदः ६ वन तथा वातावरणीय स्थिति** ८५
६.१ वन क्षेत्रको अवस्था तथा जैविक विविधता ८५
६.१.१ नगरपालिकामा पाइने प्रमुख वनस्पति विवरण ८५
६.१.२ नगरपालिकामा पाइने प्रमुख वन्यजन्तुको विवरण ८५
६.२ वन व्यवस्थापन सम्बन्धि विवरण ८६
६.२.१ राष्ट्रिय वन ८६
६.२.२ सामुदायिक वन सम्बन्धी विवरण ८६

६.२.३ कबुलियति वन सम्बन्धि विवरण ८८
६.२.४ चकला वन ८९
६.२.५ धार्मिक वन ८९
६.३ जलस्रोत तथा जलाधार क्षेत्र ८९
६.३.१ प्रमुख नदी तथा खोलाहरु ८९
६.३.२ तालतलैया पोखरी र सिमसार क्षेत्रसम्बन्धि विवरण ९०
६.४ विपद जोखिम व्यवस्थापन ९१
६.४.१ वातावरणीय संवेदनशील क्षेत्र ९१
६.४.२ जोखिम युक्त स्थानमा बसोबास गरिरहेको परिवार विवरण ९२
६.४.३ विपद व्यवस्थापन पूर्व तयारी सम्बन्धी विवरण ९२
परिच्छेद: ७ भौतिक विकासको अवस्था ९४
७.१ यातायात पूर्वाधारको अवस्था ९४
७.१.१ यातायात सञ्जालको वर्तमान अवस्था ९४
७.१.२ सवारी सुविधा र रुट ९६
७.१.३ बसपार्क वा वसस्टेसनसम्बन्धि विवरण ९७
७.१.४ गाउँ नगरक्षेत्रभित्र चल्ने सवारी साधन ९९
७.१.५ पुल पुलेसा सम्बन्धी विवरण १००
७.१.६ पैदलमार्गसम्बन्धि विवरण १००
७.१.७ टाढाको बस्तीबाट वडा कार्यालयसम्म पुग्न लाग्ने अनुमानित समय १०१
७.१.८ वडा केन्द्रबाट नगरपालिका केन्द्रसम्म पुग्न लाग्ने अनुमानित समय १०१
७.२ बिद्युत तथा वैकल्पिक उर्जा १०१
७.२.१ इन्धन उपयोग विवरण (खाना पकाउने इन्धनको आधारमा घरपरिवार) १०१
७.२.२ बत्ति बाल्ने उर्जा प्रयोगको आधारमा घरपरिवार १०२
७.२.३ जलविद्युत, सौर्य उर्जा, वायु उर्जाबाट विद्युत उत्पादन विवरण १०२
७.२.४ विद्युत उपलब्ध घरपरिवार विवरण १०२
७.३ सञ्चार तथा प्रविधि १०२
७.३.१ हुलाक तथा पत्र पत्रिका सम्बन्धि विवरण १०२
७.३.२ दुरसञ्चार सम्बन्धि विवरण १०३
७.४ आवास तथा भवन १०३
७.४.१ विद्यमान सतह ढलको अवस्था १०३
७.४.२ छानोको प्रकारको आधारमा घरधुरी १०४
७.४.३ स्वामित्वको आधारमा घरधुरी विवरण १०४
७.४.४ नगरपालिका अन्तर्गतका सरकारी भवनहरु सम्बन्धि विवरण १०५
७.४.५ सामुदायिक तथा सार्वजनिक भवनहरुको विवरण १०६
७.४.६ सार्वजनिक पाटि पौवा र चौतारा सम्बन्धी विवरण १०८
७.४.७ शबदाहस्थलहरुकको विवरण १०९
७.४.८ पशुबधशालाहरुको विवरण १०९
परिच्छेद:८ संस्थागत तथा सुशासनको अवस्था ११०
८.१ संगठनात्मक तथा मानव संशाधनको अवस्था ११०
८.१.२ नगर कार्यपालिका कार्यालयमा कार्यरत कर्मचारीहरु १११
८.१.३ नगर कार्यपालिकाको विषयगत शाखा तथा मानव संशाधन ११२
८.१.४ राइनास नगरपालिका नगर कार्यपालिकाको निर्वाचित पदाधिकारीहरुको विवरण ११२

८.२ राइनास नगरपालिकाको ऐन, निती, नियम, नियमावली र कार्याविधिहरु ११३

## तालिका सूची


तालिका: १ राइनास नगरपालिकाको अवस्थिति ५
तालिका: २ राइनास नगरपालिकाको प्रशासनिक विभाजन ५
तालिका: ३ वर्तमान भूउपयोगको अवस्था ९
तालिका: ४ प्रमुख नदीनालाहरु १२
तालिका: ५ स्थानिय रुपमा मनाइने प्रमुख चाडपर्वहरू १३
तालिका: ६ प्रमुख बस्ती/गाउको नाम १६
तालिका: ७ जनसंख्या वितरणको अवस्था १७
तालिका: ८ वडागत क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण १७
तालिका: ९ जातिगत आधारमा जनसंख्याको विवरण २१
तालिका: १० मातृभाषा अनुसार जनसंख्याको विवरण २१
तालिका: ११ धर्मअनुसार जनसंख्याको विवरण २३
तालिका: १२ अपांगताको आधारमा जनसंख्याको विवरण २३
तालिका: १३ खाद्यान्न सुरक्षा तथा आपूर्तिको अवस्था २४
तालिका: १४ प्रमुख सिंचाइका आयोजनाहरु २६
तालिका: १५ मुख्य कृषिजन्य उत्पादनहरुको उत्पादकत्व २७
तालिका: १६ कृषिजन्य बालीको उत्पादन र आम्दानीको विवरण २८
तालिका: १७ बाली पात्रो २९
तालिका: १८ तरकारी बालीमा लाग्ने रोग तथा कीरा ३०
तालिका: १९ कृषि पकेट क्षेत्रको बिवरण ३१
तालिका: २० कृषि सहकारी फार्म वा संस्थाको विवरण ३३
तालिका: २१ पशुपंक्षी फार्महरूको विवरण ३४
तालिका: २२ पशु उपचार कार्यक्रम ३५
तालिका: २३ कृषि तथा पशु सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण ३५
तालिका: २४ पशुपंक्षीको तथ्यांक विवरण ३६
तालिका: २५ प्रमुख पर्यटकीय स्थलहरु ३८
तालिका: २६ मठमन्दिहरुको विवरण ४०
तालिका: २७ नगरपालिकामा मनाइने प्रमुख चाडपर्वहरु ४२
तालिका: २८ उद्योग तथा व्यापार व्यावसाय सम्बन्धि विवरण ४३
तालिका: २९ मुख्य बजार तथा व्यापारिक केन्द्रहरुको विवरण ४४
तालिका: ३० सहकारी संस्थाको विवरण ४६
तालिका: ३१ बिद्यालयहरुको कक्षागत संरचना अनुसार विवरण ५०
तालिका: ३२ विद्यालयहरुको स्वामित्वको किसिम अनुसार विवरण ५०
तालिका: ३३ अन्य शैक्षिक कार्यक्रम संचालित संस्थाहरुको विवरण ५०
तालिका: ३४ बालबिकास केन्द्रहरुको बिवरण ५२
तालिका: ३५ माध्यमिक संचालित बिद्यालयहरुको बिवरण ५३
तालिका: ३६ संस्थागत बिद्यालयहरुको बिवरण ५४
तालिका: ३७ अन्य शैक्षिक कार्यक्रम संचालित संस्थाहरुको बिवरण ५४
तालिका: ३८ सामुदायिक सिकाइ केन्द्रहरुको विवरण ५४

तालिका: ३९ विद्यालयगत शिक्षक विद्यार्थी अनुपात ५४
तालिका: ४० विद्यालयमा भएको शौचालयको विवरण ५५
तालिका: ४१ विद्यालयको भौतिक विवरण ५७
तालिका: ४२ विद्यालयमा भएका पुस्तकालय, कम्प्युटर, इन्टरनेट
तथा विज्ञान प्रयोगशाला सम्बन्धि विवरण ५९
तालिका: ४३ विद्यालयको संरचनागत विवरण ६१
तालिका: ४४ विद्यालयको गुणस्तर व्यवस्थापनसम्बन्धी विवरण ६३
तालिका: ४५ स्वास्थ्य संस्थाहरुको विवरण ६५
तालिका: ४६ स्वास्थ्य संस्थाको भौतिक पूर्वाधारको अवस्था ६७
तालिका: ४७ स्वास्थ्य सुविधाको आधारमा सेवा केन्द्रहरु ६८
तालिका: ४८ वडा अनुसार स्वास्थ्य संस्थाहरुको विवरण ६८
तालिका: ४९ गाउघर क्लिनीक र नियमित खोपको विवरण ६९
तालिका: ५० मानव संशाधानको अवस्था ७०
तालिका: ५१ सुरक्षित मातृत्वको अवस्थाको विवरण ७०
तालिका: ५२ महिला स्वास्थ्य स्वयंसेवीकाहरूका सेवाहरु ७१
तालिका: ५३ परिवार नियोजन सम्बन्धि विवरण ७१
तालिका: ५४ विपन्न नागरिक उपचार सहायता सिफारिस ७२
तालिका: ५५ खोपको विवरण ७२
तालिका: ५६ अपांगताका आधारमा जनसंख्या ७३
तालिका: ५७ आमा समुहहरुको विवरण ७५
तालिका: ५८ वाल क्लव सम्वन्धि विवरण ७५
तालिका: ५९ खानेपानी आयोजना सम्बन्धि विवरण ७८
तालिका: ६० खानेपानीको आधारमा घरधुरी ७९
तालिका: ६१ शौचालय प्रयोगको अवस्था ७९
तालिका: ६२ सार्वजनिक शौचालयहरु ८०
तालिका: ६३ खेलमैदान, पार्क, पिकनिक स्थल तथा मनोरन्जनस्थल सम्वन्धि विवरण ८१
तालिका: ६४ युवा क्लव सम्वन्धि विवरण ८२
तालिका: ६५ प्रहरी इकाइको विवरण ८३
तालिका: ६६ सामुदायिक वन सम्बन्धी विवरण ८७
तालिका: ६७ कबुलियति वन सम्बन्धि विवरण ८९
तालिका: ६८ प्रमुख नदी तथा खोलाहरु ९०
तालिका: ६९ वातावरणीय संवेदनशील क्षेत्र ९२
तालिका: ७० जोखिम युक्त स्थानमा बसोबास गरिरहेको परिवार विवरण ९२
तालिका: ७१ विपद व्यवस्थापन पूर्व तयारी सम्बन्धी विवरण ९३
तालिका: ७२ यातायात सञ्जालको वर्तमान अवस्था ९५
तालिका: ७३ रुट परमिट लिएर सञ्चालन भएका सवारी साधनहरु ९६
तालिका: ७४ पुल पुलेसा सम्बन्धि विवरण १००
तालिका: ७५ पैदलमार्गसम्बन्धि विवरण १००
तालिका: ७६ वडा केन्द्रबाट नगरपालिका केन्द्रसम्म पुग्न लाग्ने अनुमानित समय १०१

तालिकाः ७७ इन्धन उपयोग विवरण १०२
तालिकाः ७८ बत्ति बाल्ने उर्जा प्रयोगको आधारमा घरपरिवार १०२
तालिकाः ७९ दुरसञ्चार सम्बन्धि विवरण १०३
तालिकाः ८० छानोको प्रकारको आधारमा घरधुरी १०४
तालिकाः ८१ स्वामित्वको आधारमा घरधुरी विवरण १०४
तालिकाः ८२ नगरपालिका अन्तर्गतका सरकारी भवनहरु सम्बन्धि विवरण १०६
तालिकाः ८३ सामुदायिक तथा सार्वजनिक भवनहरुको विवरण १०७
तालिकाः ८४ सार्वजनिक पाटि पौवा र चौतारा सम्बन्धी विवरण १०८
तालिकाः ८५ नगर कार्यपालिका कार्यालयमा कार्यरत कर्मचारीहरु १११
तालिकाः ८६ सामाजिक बिकास समितिका पदाधिकारीहरुको नामावली ११२
तालिकाः ८७ शिक्षा समितिका पदाधिकारीहरुको नामावाली ११२
तालिकाः ८८ कार्यपालिकाको निर्वाचित पदाधिकारीहरुको विवरण ११२

## नक्सा सूची


| | |
|---|---|
| नक्साः १ राइनास नगरपालिकाको अवस्थिति | ४ |
| नक्साः २ राइनास नगरपालिकाको वडा विभाजन | ६ |
| नक्साः ३ नगरपालिकाको वर्तमान भू उपयोगको अवस्था | ८ |
| नक्साः ४ नगरपालिकाको भिरालोपनसम्बन्धि विवरण | १० |
| नक्साः ५ प्रमुख नदीनालाहरु | १२ |
| नक्साः ६ वडाअनुसार जनसंख्याको अवस्था | १९ |
| नक्साः ७ मठमन्दिर तथा प्रमुख पर्यटकीय स्थलहरुको विवरण | ४२ |
| नक्साः ८ मुख्य बजार तथा व्यापारिक केन्द्रहरु | ४५ |
| नक्साः १० बैंक तथा वित्तीय संस्थाहरुको विवरण | ४८ |
| नक्साः ११ विद्यालयहरुको विवरण | ५२ |
| नक्साः १२ स्वास्थ्य संस्थाहरुको विवरण | ६६ |
| नक्साः १३ खानेपानी आयोजनाहरु तथा ट्यांकीहरु | ७६ |
| नक्साः १४ खेलमैदान, पार्क, पिकनिक स्थल तथा मनोरन्जनस्थल सम्वन्धि विवरण | ८१ |
| नक्साः १५ प्रहरी इकाइहरु | ८४ |
| नक्साः १६ नगरपालिकामा भएका प्रमुख नदी तथा खोलाहरु | ९० |
| नक्साः १७ वातावरणीय संवेदनशील क्षेत्रहरु | ९१ |
| नक्साः १८ सडक मार्गको अवस्था | ९४ |
| नक्साः १९ सडकको सतहको आधारको सडकको विवरण | ९५ |
| नक्साः २० बसपार्क वा बस स्टेसन सम्बन्धि विवरण | ९७ |
| नक्साः २१ नगरपालिकाका सरकारी भवनहरु | १०५ |

# फोटो सूची


| | |
|---|---|
| फोटोसंग्रहः १ कृषियोग्य जमिन तथा पकेट क्षेत्र | ३२ |
| फोटोसंग्रहः २ चिस्यान केन्द्रहरु | ३२ |
| फोटोसंग्रहः ३ धार्मिक तथा पर्यटकिय स्थलहरु | ४० |
| फोटोसंग्रहः ४ बैंक तथा वित्तीय संस्थाहरु | ४६ |
| फोटोसंग्रहः ५ शैक्षिक संस्थाहरु | ५१ |
| फोटोसंग्रहः ६ स्वास्थ्य संस्थाहरु | ६७ |
| फोटोसंग्रहः ७ खानेपानीका ट्याङकी तथा पाइपलाइनहरु | ७८ |
| फोटोसंग्रहः ८ प्रहरि चौकीहरु | ८३ |
| फोटोसंग्रहः ९ प्रमुख सडकमार्ग तथा पुलहरु | ९९ |
| फोटोसंग्रहः १० बस बिसौनी तथा प्रतिक्षालयहरु | १०० |
| फोटोसंग्रहः ११ नगरको ढलको अवस्था | १०४ |

# परिच्छेदः १ परिचय

## १.१ पृष्ठभूमि

नेपाली जनताको बलिदानी पूर्ण लामो संघर्षपछि नेपालमा संघीय लोकतान्त्रिक गणतान्त्रात्मक राज्य व्यवस्था कायम भएको छ । विश्वभर विभिन्न देशहरुमा सफल अभ्यासमा आएको यो व्यवस्था नेपालमा नौलो भएकाले यसमा अभ्यस्त हुन केही समय अवश्य लाग्नेछ । संघीय शासन प्रणालीको सबल पक्ष भनेको जनता केन्द्रित शासन हो । नेपालको संघीय प्रणाली अन्तर्गत राज्यको संरचनालाई तीन तहमा विभाजन गरिएको छ । संघीय अर्थात केन्द्रीय शासन, प्रादेशिक शासन बीचमा र तल्लो तहमा स्थानीय सरकार सरह नेपालको संविधानले स्थानीय तहहरूलाई स्थानीय स्वायत्त सरकारको रुपमा स्थापित गरेको छ । संविधानको अनुसूची ८ को क्र.सं.६ मा स्थानीय तथ्याङ्क र अभिलेख संकलन सम्बन्धी सम्पूर्ण अधिकार स्थानीय सरकारलाई भएको उल्लेख छ भने स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) को च मा माथि उल्लेखित विषयलाई थप विस्तार गरिएको छ ।

तसर्थ नेपालको संविधानको अधिनमा रहि बनेको ऐन (स्थानीय सरकार सञ्चालन ऐन २०७४) ले प्रदान गरेको अधिकार प्रयोग गरी स्थानीय स्तरका विकासको योजना निर्माण, नीति निर्माण तथा स्थानीय सूचनाको प्रमुख श्रोतको रुपमा रहने यो वस्तुगत विवरणले गाउँपालिकालाई विकास र सम्वृद्धिको समुचित दिशातर्फ उन्मुख हुन सहयोग गर्ने विश्वासका साथ यो पार्श्वचित्र अद्यावधिक गरिएको छ ।

## १.२ उद्देश्य

पार्श्वचित्र अद्यावधिक गर्नुको प्रमुख उद्देश्य भनेकै नगरपालिकाको समग्र वस्तुगत अवस्थाको जानकारीहरूलाई सु-व्यवस्थित ढङ्गले अभिलेखिकरण गर्ने र ती तथ्याङ्क र सूचनाहरुलाई समयक्रमअनुसार परिमार्जन गर्दै आवश्यक पर्दा सरोकारवालाहरुलाई सूचना उपलब्ध गराउनु हो पार्श्वचित्रका अन्य विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

- नगरपालिकाको समग्र भौतिक पूर्वाधारको अवस्था बारे तथ्याङ्कहरुको अभिलेख तयार पार्ने ।
- नगरपालिकाको समग्र आर्थिक पक्षहरुको अवस्था बारे तथ्याङ्कहरुको अभिलेख तयार पार्ने ।
- नगरपालिकाको समग्र सामाजिक पक्षहरुको अवस्था बारे तथ्याङ्कहरुको अभिलेख तयार पार्ने।
- नगरपालिकाको समग्र वातावरणीय प्राकृतिक सम्पदा तथा विपद् व्यवस्थापन सम्बद्ध पक्षहरुको सूचना तथा तथ्याङ्कको अभिलेख तयार पार्ने ।
- नगरपालिकाको सेवा प्रवाह तथा संस्थागत संयन्त्रहरु बारेका सूचना तथा तथ्याङ्कहरुको अभिलेख तयार गर्ने ।
- नगरपालिकाको सबल पक्षहरू, दुर्बल पक्षहरू, अवसरहरू चुनौति तथा संभावनाको विश्लेषण गर्ने ।
- नगरपालिकाको विभिन्न विषयगत आधार नक्शा तयार गर्ने ।
- नगरपालिकाको समग्र जनसांख्यिक, आर्थिक, सामाजिक, भौतिक, प्राकृतिक, ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथ्याङ्कहरूको व्याख्या र विश्लेषण गर्ने ।
- प्राप्त सूचनाहरुको वर्गीकरण गरी सुव्यवस्थित र सरल ढंगले सर्वसाधारणले बुझ्न सक्ने गरी विभिन्न खण्डमा विभाजन गरी प्रस्तुत गर्ने ।
- माथि उल्लेखित सम्पुर्ण विषयसँग सम्बन्धित एकमुष्ट तथ्याङ्कीय आधार तयार पार्ने ।

## १.३ कानुनी तथा नीतिगत आधारहरू

नगरपालिकाको पार्श्चचित्र अद्यावधिक गर्नुको कानुनी तथा नितीगत आधारहरु निम्न बमोजिम रहेका छनः

क) वैधानिक आधार

नेपालको संविधानको अनुसूची ८ बमोजिम स्थानीय तहलाई दिइएको अधिकार अनुसार स्थानीय सरकार सञ्चालन गर्न बनेको स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तथ्याङ्कहरुको अभिलेख तयार गरी अद्यावधिक गर्ने अधिकार र जिम्मेवारी स्थानीय तहलाई नै प्रदान गरेकोले नगरपालिकालाई पाश्र्व चित्र तयार पार्ने आधार बनेको छ ।

ख) नीतिगत आधारहरु

नीतिगत आधारहरु अन्तर्गत नेपाल सरकारले तयार पारेको समग्र योजनाहरु नीतिहरु, प्रादेशिक नीतिहरु र यी नीतिहरुका आधारमा तयार भएका स्थानीय तहका नीतिहरुलाई कार्यान्वयन गर्न आधारभुतरुपमा आवश्यक तथ्याङ्कहरुको अनिवार्यता हुने भएकाले नगरपालिकाको समग्र सूचनाहरु तयार पानुपर्ने नीतिगत आवश्यकता रहेको र सूचना व्यवस्थापनको नीतिगत व्यवस्था समेत रहेकाले सोका आधारमा यो वस्तुगत विवरण तयार पारिएको हो ।

ग) स्थानीय आवश्यकता

स्थानीय सरकार सञ्चालन गर्न तथा स्थानीय आश्यकताहरुको पहिचान गर्न वस्तुगत सूचनाहरुको आवश्यकता पर्दछ । स्थानीय आवश्यकताहरुको पहिचान पश्चात विकास निर्माण नीति, योजना तथा कार्यक्रमहरु तय गर्न सकिन्छ । तसर्थ समग्र विकास प्रक्रियालाई अगाडी बढाउँदै स्थानीय सरकार सञ्चालन गर्न आवश्यक सूचना तथा तथ्याङ्कहरुको संगालोको टड्कारो आवश्यकता रहने हुँदा यो नै वस्तुगत विवरण तयारीको अर्को महत्वपूर्ण आधार हो ।

यी बाहेक नेपालले पक्ष राष्ट्र भई हस्ताक्षर गरेका अन्तराष्ट्रिय सन्धि तथा सम्झौताहरुलाई कार्यान्वयन गर्न समेत वस्तुगत सूचनाहरुको आवश्यकता पर्दछ । दिगो विकास लक्ष्य हासिल गर्न जलवायू परिवर्तनका असरहरु न्यूनिकरण गर्न, मानव अधिकारको सुनिश्चतता गर्न, पर्यावरणीय सुन्तलन कायम गरी दिगो विकास गर्न तथ्यपरक सुचनाहरुको आवश्यकता पर्ने भएकाले यी आवश्यकता आधारमा यो विवरण तयार पारिएको हो ।

## १.४ तयारी प्रक्रिया

पार्श्वचित्र अद्यावधिक गर्ने कार्यमा प्राथमिक (Participatory) तथा तथा द्वित्तीय (क्भअयलमबचथ) सूचना संकलन पद्दती उपयोग गरिएको छ । भू-उपयोग, सडकहरू र सोको गुणस्तर तथा वातावरणीय समस्याहरू जस्ता प्राथमिक तथ्याङ्कहरू, डिजिटल तथ्याङ्क (GIS Data), स्थलस्वरुप नक्शा, नापी नक्शा, स्थलगत निरीक्षण तथा अन्तरर्वाता गरी संकलन गरिएको छ । वडा स्तरीय समस्याहरू र खाँचोहरू, वडाबासीहरू बीच सहभागितामूलक छरितो मूल्याङ्कन पद्दति (Participatory Rapid Appraisal) अपनाई जानकारी लिइएको छ । यसका साथै नगरपालिका स्थिति विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूका पदाधिकारीहरू, वुद्धिजिवीहरू उपलब्ध प्रतिष्ठित व्यक्तित्वहरूसंग छलफल एवं अर्न्तवार्ता गरी नगरपालिकाकाका प्रमुख समस्या एवं विकासका सम्भावनाहरू माथि जानकारी लिइएको छ । नगरपालिकाका समग्र तथ्याङ्कहरू जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्याङ्कहरू नगरपालिका कार्यालय लगायत नगरपालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरूको रेकर्डबाट र केही तथ्याङ्कहरू विषयगत शाखा तथा अन्य निकायहरूबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरू अध्ययन गरी संकलन गरिएको छ ।

## १.५ अध्ययनको सीमा

नगरपालिकाका विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्याङ्क, केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न मन्त्रालय, विभागहरु, सम्बन्धित नगरपालिका आदि स्रोतहरुबाट उपलब्ध तथ्याङ्क तथा स्थलगत अध्ययनको आधारमा यो वस्तुगत विवरण अद्यावधिक गरिएको छ । पार्श्चचित्रको

अवधारणा अनुसार यसले नगरपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिन्छ । अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ । यद्यपि स्रोत, साधन तथा समयको परिधीले यस अध्ययनलाई केही सीमिततामा बाँधेको छ । तथापी अध्ययनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकता अनुसारका तथ्याङ्कहरु उल्लेख गरिएको छ ।

# परिच्छेदः २ नगरपालिकाको चिनारी

## २.१ भौगोलिक अवस्थिति तथा प्रशासनिक विभाजन




*नक्सा: १ राइनास नगरपालिकाको अवस्थिति*

### २.१.१ भौगोलिक अवस्थिति

नेपालको करिब मध्यभागमा अवस्थित गण्डकि प्रदेश लमजुङ जिल्लाको राइनास नगरपालिका पूर्वमा गोरखा जिल्लाको सिरानचोक गाउँपालिका, दक्षिणमा तनहुँको भानु नगरपालिका र गोरखाको पालुङटार नगरपालिका, पश्चिममा सुन्दरबजार नगरपालिका र उत्तरमा दोदी तथा दुधपोखरी गाउँपालिकाले घेरिएको छ । लमजुङ जिल्लाका ८ स्थानिय तहमा ४ नगरपालिका र ४ गाउँपालीका रहेका छन् जसमा भानुभक्त राजमार्गको नेपालडाँडाबाट करिब १ कि.मि. पूर्वमा पर्ने यस नगरपालिकाको अधिकांश भुभाग पहाडी क्षेत्रले ढाकेको छ भने केहि भाग टार बेसीले ढाकेको छ । भौगोलिक रुपमा यस नगरपालिका पूर्वमा ८४°२६'०४.७१" देखि ८४°३३'१५"देशान्तर  र उत्तरमा २८°३'२१.४९" देखि २८°१०'१५.५१" सम्म विस्तार भएको छ । यस नगरपालिकाको न्युनतम उचाई ६०० मि.(चेपे र मर्स्याङ्दी नदीको संगम) तथा अधिकतम उचाई करिब १८०० मि.(राइनासकोटको डाँडा) रहेको छ । यस नगरपालिका वि.सं. २०७२ आश्विन १ गते तत्कालीन ६ वटा गा.वि.स.( तार्कुघाट, धमिलिकुवा, चक्रतिर्थ, भलायखर्क, प्याराजुङ र राइनास मोहोरियाकोटं) हरुलाई गाभेर गठन गरिएको हो र यसको कुल क्षेत्रफल ७१.९७ वर्ग कि।मि। रहेको छ । नगरपालिकालाई प्रशासनिक तवरले १० वटा वडामा विभाजित गरिएको छ र यी वडाहरुमा बाक्लो बस्ती रहेको देखिन्छ । यस

नगरपालिकाको प्रमुख बजारहरुमा धमिलिकुवा, तिनपिप्ले, सातबिसे, टिमुरे, बोराङखोला आदि रहेका छन् । यी बाहेक बाक्ला बस्ती भएका अन्य स्थानहरुमा टिमुरे, लामागाउँ, बोराङ, भलायखर्क, प्याराजुङ, मोहोरियाकोट, तार्कुघाट आदि हुन् ।

*तालिका: १ राइनास नगरपालिकाको अवस्थिति*

| | | | |
|---|---|---|---|
| प्रदेश | गण्डकि | | |
| जिल्ला | लमजुङ्ग | क्षेत्रफल | ७१.९७ वर्ग कि.मि. |
| पालिकाको नाम | राइनास नगरपालिका | जनसंख्या | १८५२७ (२०६८ को गणनाअनुसार) |
| वडा संख्या | १० | अक्षांश | उत्तरमा २८°३'२१.४९" देखि २८°१०'१५.५१" सम्म |
| नगरपालिकाको केन्द्र | साबिक चक्रतीर्थ गाविसको तिनपिप्लेमा | देशान्तर | पूर्वमा ८४°२६'०४.७१" देखि ८४°३३'१५"देशान्तर सम्म |
| पूवी सिमाना | गोरखाको सिरानचोक गाउँपालिका | उचाइ | करिब ६०० मि. देखि १८०० मि. सम्म |
| पश्चिम सिमाना | सुन्दरबजार नगरपालिका | हावापानी | समशीतोष्ण |
| उत्तरी सिमाना | दोर्दी गाउँपालिका र दुधपोखरी गाउँपालिका | तापक्रम | ० डिग्री सेन्टीग्रेड (पुष, माघ) देखि अधिकतम ३२ डिग्री सेन्टीग्रेड |
| दक्षिणी सिमाना | तनहुँको भानु नगरपालिका | औषत वर्षा | कम्तिमा ३ मि.मि.(कार्तिक, मंसिर, पुष, माघ) देखि वढिमा १२९ मि |

### २.१.२ प्रशासनिक विभाजन

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको नमुना वमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष,संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले पेश गरेको प्रतिवेदन अनुसार माननीय संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७२/०६/१ मा साबिकका ६ वटा गाविसहरुलाई तार्कुघाट, धमिलिकुवा, चक्रतिर्थ, भलायखर्क, प्याराजुङ र राइनास मोहोरियाकोट समेटेर १० वटा वडाहरु कायम गरिएको हो । हाल राइनास नगरपालिकाको संरचना यस प्रकार रहेको छ ।

*तालिका: २ राइनास नगरपालिकाको प्रशासनिक विभाजन*

| नयाँ वडा नं. | समावेश गा.वि.स./न.पा. | क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|---|
| १ | राईनास (१०) | ४.४८ |
| २ | राईनास (९) | ५.९१ |
| ३ | राईनास (८) | ८.०८ |
| ४ | राईनास (७) | ३.७ |
| ५ | राईनास (६) | ४.२ |
| ६ | राईनास (४,५) | ८.३७ |
| ७ | राईनास (३) | ६.६५ |
| ८ | राईनास (१,२) | ९.७६ |
| ९ | राईनास (१३,१४) | १०.२१ |

| नयाँ वडा नं. | समावेश गा.वि.स. ⁄ न.पा. | क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|---|
| १० | राइनास(११,१२) | १०.५३ |
| **जम्मा** | | **७१.९७** |




*नक्सा: २ राइनास नगरपालिकाको वडा विभाजन*

## २.२ ऐतिहासिक चिनारी तथा नामाकरण

विभिन्न ऐतिहासिक किल्ला र धरोहर भएको राइनास नगरपालिका समुद्रसतह देखि १७०० मिटर (५५७७ फिट) को उचाईमा रहेको छ। नेपाल एकीकरणमा हस्ती मानिने राष्ट्रिय विभूती भक्ति थापाको विर्तास्थलसमेत रहेको यस क्षेत्रमा बिभिन्न किसिमका ऐतिहासिक महत्वका किल्ला देख्न सकिन्छ । बाइसे चौबिसे राज्य शासनमा तत्कालीन लमजुङे राजा यशोब्रह्म शाहको कान्छा छोरा द्रव्य शाह बसेको दरबार यसै ठाउँमा अवस्थित छ। यहाँ बाइसे चौबिसे राज्य शासनकालमा निर्माण गरिएका ऐतिहासिक राइनासकोट किल्ला, स्थानीय कालिका, कोटेश्वर महादेव, थानीमाई मन्दिर र अन्य कोट, किल्ला र गढीलागायतका इतिहास बोकेका स्थलहरु रहेका छन् । इतिहासमा उल्लेख भएअनुसार द्रव्य शाहले आफ्नो बाहुबल र गोरखाका भारदारहरुको सहायताबाट गोरखा राज्यको स्थापना गरेको थिए। यसबाट उनका दाजु नरहरि शाहलाई इर्ष्या भयो । उनले भाइ द्रव्य शाहले मेरै सरदारको रुपमा गोरखा विजय गरेकोले गोरखामाथि लमजुङकै अधिकार

हुन्छ भनी किचलो उठाएका थिए । द्रव्य शाह भने आफूले ठूलो कठिनाइका साथ स्थापना गरेको गोरखा राज्यलाई लमजुङमा गाभ्ने पक्षमा थिएनन् । यसबाट नरहरि शाह र द्रव्य शाहबीच विवाद बढ्यो र आपसमा ठूलो शत्रुता भएसपछि द्रव्य शाहको हत्या गर्ने र गोरखामाथि आक्रमण गर्ने लगायतका योजनाहरु बनाइ पटक पटक प्रयास गरियो तर सफलता भएन । यसै विवादका कारण गोरखा र लमजुङबीच पछिसम्म पनि शत्रुता बढ्न गई दुई भाइबीच झगडा भए पछि दुबै राजाकी आमाले दूधपोखरीमा पुगी चेपे नदीमा आफ्नो दूधको धारा बगाइ दुई भाइलाई सीमा छुट्टयाएको किंबदन्ती छ । चेपे नदीको किनारमा रहेको चक्रतीर्थमा नरहरि शाह तथा द्रव्य शाहले आफ्ना मातापिता यशोब्रह्मा र बसन्तावतीको श्राद्ध गर्ने गरेको इतिहास पाइन्छ । पारी लिगलिगकोट तथा वारि राइनासकोट र विचमा चेपेखोला रहेको यस ठाउँको भुगोल तथा ऐतिहासिक रुपमा ख्याति कमाएको किल्लाको रुपमा रहेको यस किल्ला अर्थात राइनासकोटबाट नै यस नगरपालिकाको नामाकरण भएको हो ।

प्रकृतिक श्रोतको दृष्टीकोणले संभावनायुक्त, मानवीश्रोतको दृष्टिकोणबाट नेतृत्व क्षमतायुक्त, राजनैतिक दल र सचेत एवं उत्प्रेरित नगपालिकाबासी यस नगरपालिकाको दिगो विकासका आधारस्तम्भका रुपमा रहेका छन् । यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । नगरपालिकाको केही भाग ऐतिहासिक तथा बजार क्षेत्रको रुपमा रहेको छ। यहाँ साना व्यापार तथा साना उद्योगहरु प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरु रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको वैकल्पिक श्रोतको रूपमा वैदेशिक रोजगारी पनि रहेको छ । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक कृषि प्रणालीको विकल्पमा समेत लागिरहेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम पनि रहेको छ । योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुनसकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रामा विभिन्न चाडपर्व मनाउने गरिन्छ, दशैं, तिहार, ल्होसार, दिपावली, ठूलो एकादशी, मकर संक्रान्ति, तिज, होली, महाशिवरात्री, चैते दशैम, रामनवमी, श्रीकृष्णजन्माष्टमी, बुद्धजयन्ती, आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाइन्छ ।

## २.३ धरातलिय अवस्था (भू-क्षेत्रको प्रकृति भिरालोपन तथा उचाइ, मोहडा)

नगरपालिकाको भौतिक अवस्थाको विवरण तयार पार्दा यहाँको धरातलीय अवस्थाका बारेमा उल्लेख गर्नु अनिवार्य हुन्छ । क्षेत्रफलका हिसाबले सानो भएतापनि नेपाल धरातलीय विविधताका हिसाबले विश्वमै सम्पन्न मानिन्छ। विशेषतः भौगार्भिक प्रक्रियाका दौरान पछिल्लो समयमा निर्माण भएको महालङ्गुर हिमश्रृङ्खला निर्माण हुँदा तिब्बतियन भू-खण्ड र भारतीय उपहाद्विपको एक आपसमा टकराब हुँदा यि दुई भू-खण्ड बीच रहेको टेथिस सागरको अस्तित्व समाप्त भई उच्च हिमालय पर्वत, मध्यम महाभारत पर्वत श्रृङ्खला तथा होचा चुरे पर्वत श्रृङ्खला र सबैभन्दा दक्षिण भेगमा फैलिएको विशाल गंगाको मैदानको अंशको रुपमा रहेको तराई भू-भाग मिलेर समग्र देशको भू-सतह निर्माण भएको छ। यो भू-धरातलीय वस्तुगत चरित्रहरु मध्ये एक वा अर्को प्रकारको भू-धारातलको प्रधानता हाम्रा नगरपालिका वा नगरपालिकामा रहेको पाईन्छ । भू-धरातलीय स्वरुपले विकास निर्माणमा अहम भूमिका खेल्दछ। भू-धरातलको विवरण अन्तर्गत विशेषत भिरालोपन, मोहडा, उचाई, भू-आवरण, माटोको बनावट जस्ता आधाभूत पक्षहरु पर्दछन ।

भौगोलिक हिसाबले यस नगरपालिका मध्य पहाडमा रहेको छ र अधिकांश भूभाग पहाडी क्षेत्रले ढाकेको छ भने केही भाग टार बेसीले ढाकेको छ पूर्वमा गोरखाको सिमाना हुँदै बग्ने चम्पावती अर्थात चेपे नदीले यस नगरपालिकाको पूवी भेगमा रहेका बोराङ खोला देखि साहिलिटार, टिमुरे सातबिसे, अलकाटार, तीनपिप्ले, स्याउली, धमिलिकुवा, गरमबेशी हुँदै चेपेघाटसम्म समथर खेतबारी र ठूला टारहरु सिंचित गरेका छन ।

## २.४ भू-उपयोगको विवरण

मानव जातिको सृष्टि र जनजीवन भू-धरातलमा उपलब्ध प्राकृतिक श्रोतहरुको उपयोगका आधारमा अडेको छ । मानवीय अस्तित्व भित्रका समग्र मानवीय गतिविधिहरु उसले गर्ने जमिन तथा जमिनमा उपलब्ध श्रोतहरुका पूर्णत निर्भर गर्दछ । तसर्थ भू-आवरण अन्तर्गत मानिसले उपयोगमा ल्याउने वन क्षेत्रको तथ्याङ्क, खेतियोग्य जमिन, जल, बालुवा, हिमाल, पहाड, आदिको तथ्याङ्कलाई भू-उपयोग अन्तर्गत उल्लेख गरिएको छ। राइनास




*नक्सा: ३ नगरपालिकाको वर्तमान भू उपयोगको अवस्था*

नगरपालिकाको विद्यमान भू-उपयोग हेर्दा नगरपालिकाको ५१.३४ प्रतिशत (३७४७.८१ हेक्टर ) कृषि क्षेत्रले ओगटेको खेतीयोग्य जमिन रहेको छ । त्यसैगरी करिब ३५.४६ प्रतिशत (२५८८.५१ हेक्टर) जग्गा वनले ढाकेको छ। खेतीयोग्य जमिनमध्ये माथिल्लो भेगमा मौसमी वर्षामा निर्भर रहेको छ भने तल्लो भेगमा चेपेको पानीबाट सिंचाईको व्यवस्था गरिएको छ । नगरपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित यस नगरपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति राम्रो रहेको छ। त्यस्तै यस नगरपालिकामा

९.१२ प्रतिशत (६६५.७६ हेक्टर) आवास औद्योगीक तथा सडक क्षेत्रको रुपमा रहेको छ र बाकिँ अन्य विभिध क्षेत्रले ओगटेको पाइन्छ । नगरपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन,संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा नगरपालिकाबासीहरूको आर्थिक हैसीयत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के-कस्ता उत्पादन प्रणाली तथा नीतिहरू अवलम्बन गर्नसकिन्छ । यस विषयमा विस्तृत अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । वर्तमान भू-उपयोग सम्बन्धि नक्सा माथि र सो-सम्बन्धि वृस्तित विवरण तलको तालिकामा देखाइएको छ ।

*तालिका: ३ वर्तमान भूउपयोगको अवस्था*

| क.सं. | विवरण | क्षेत्रफल(हेक्टरमा) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | ३७४७.८१ | ५१.३४ |
| २ | वन क्षेत्र | २५८८.५१ | ३५.४६ |
| ३ | आवास औद्योगिक तथा सडक क्षेत्र | ६६५.७६ | ९.१२ |
| ४ | नदीनाला तथा ताल तलैयाले ओगटेको क्षेत्र | ७६.५४ | १.०५ |
| ५ | बालुवा | ८२.८७ | १.१४ |
| ६ | बुट्यान झाडी | ८६.१४ | १.१८ |
| ७ | घाँस भएको क्षेत्र | ५०.१७ | ०.६९ |
| ८ | अन्य | २.२१ | ०.०२ |

## २.५ माटोको बनावट

बलौटे, रातो तथा पागोमाटो रहेको यस नगरपालिकाको  प्राकृतिक सम्पदाको हिसाबले तथा कृषिको लागि उपयुक्त उर्वर माटोको धनी हुनुको साथै राम्रो जलाधार भएको नगरपालिका हो। नगरपालिकाको प्रमुख खाद्यान्न तथा अन्न बालीमा धान, गहुँ, मकै, कोदो, मास, मुसुरो, रहर, तोरी आदी हुन् ।

## २.६ भू-क्षेत्रको बगीकरण

नगरपालिकाको भूमिलाई भू-बनौट, प्रणाली, तथा भू-स्खलन जस्ता प्रबृत्तिका आधारमा अध्ययन गर्दा भूमिको बर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने ( Degrading) क्रममा राखिएको छ । अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रबृत्ति भूबनोट अनुसार फरक पर्दै जान्छ । त्यसै क्रमले भूमिको स्थायित्वलाई मजबुत बनाउने उपायको भौतिक लक्षण (Physical Characteristics) का आधारमा माटोको अवस्था र भिरालोपन आँकडन गरिएको छ । नगरपालिकामा भूमिलाई भू-बनौट, पारिस्थितिक प्रणाली, तथा भू-स्खलन जस्ता तत्वका आधारमा भूमिको वगीकरणलाई हेर्दा नगरपालिकाको जमिनमा ० डिग्रि देखि ७० डिग्रि सम्मको भिरालोपन देखिन्छ । जसलाई तल उल्लेख गरिएको छ ।

### क) Slope १°-५°(माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने कान्ला बनाई खेती गर्न सकिने)

यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ । मनसुनी खेती गर्नका लागि यस्तो भूमिमा गह्राहरू बनाउनु पर्दछ । सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ । माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यानदिनु पर्दछ ।यस वर्गको जमिनमा परम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ । मनसुनको समयमा

हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ । यस्तो जमिनमा धान खेती गर्न सकिन्छ । सिंचाइ सुविधा उपलब्ध भएको छ भने मोटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ ।सिंचाइ भएमा हिउँदे एवं बसन्ते बाली पनि लगाउन सकिन्छ ।




*नक्सा: ४ नगरपालिकाको भिरालोपनसम्बन्धि विवरण*

### ख) Slope ५°-३०° (माटोको गहिराई ५०-१०० से.मी. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्रखेती गर्न सकिने)

५°-३०° स्लोप रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से.मी. देखि १०० से.मि.सम्म रहेको जग्गा यस वर्गमा पर्दछ । यस वर्गको जमिनमा पहिरो जाने, जमिन भासिने जस्ता भू-क्षयीकरणका प्रवृत्तिहरू सामान्यरुपमा देखा परि रहन्छन् । त्यसैले जमिनलाई सामान्यरुपमा व्यवस्थापन नगरिएमा यस्ता प्रवृत्तिमा झन वृद्धि हुने हुन्छ । वन, वनस्पतीका लागि यो जमिन त्यति सहज हुँदैन । गाईबस्तुको आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि हुने हुनाले चरन विकासलाई यस प्रकारको जमिनमा प्रश्रय दिन ठीक हुँदैन । तर, पालैपालो निश्चित स्थानहरूमा गाईबस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पनि पुर्‍याउन सक्दछ ।यस प्रकारको जमिनमा विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गह्राहरू बनाउन अनिवार्य हुन्छ ।यसमा खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनुपर्ने हुन्छ । यस प्रकारको भिरालोपन भएको जमिनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सिपको सम्मिश्रणले मुख्य भूमिका खेलेको हुन्छ । सिंचाइको प्रयोग नियमित रुपमा पहिलेदेखि नै भइरहेको खण्डमा सिंचाइ गर्दा भू-क्षयको समस्या आउदैन, तर नयाँ सिंचाइ प्रणाली शुरु गर्ने हो भने शुरुमा सावधानी अपनाउनु पर्दछ । एक्कासी बढी सिंचाइ भएको खण्डमा भू-क्षयीकरणको प्रवृत्ति तुरुन्त शुरु हुन सक्दछ ।

### ग) Slope ३०°-४०°  माटोको गहिराई २० से.मी. मात्र भएको, पानीको निकास सहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मी.) भन्दा बढी भएको, काठ दाउरा उत्पादन गर्न उपयुक्त

यस प्रकारको ज्यादा भिरालोपन भएको जग्गामा गरा बनाएर खेती गर्नु फाइदाजनक देखिँदैन । यस प्रकारको जमिनमा वर्षाको पानीबाट छिटो खोल्सीहरू बन्ने वा बाढीले क्षती पुर्‍याउने ठूलो सम्भावना रहन्छ। यस प्रकारको जमिनमा बनस्पतीहरू लगाउन, उपयुक्त देखिन्छ । यहाँ काठ र इन्धनका लागि वन पैदावारको उत्पादन वृद्धि गर्नु उपयुक्त हुनेछ ।पहिरो जाने वा बाढीबाट क्षति हुने प्रवृत्ति यस प्रकारको जमिनका सामान्य लक्षण हुन् । यस्तो क्षेत्रमा जङ्गलको विकास गरी इन्धन, पशु आहार तथा काठ उत्पादन गर्न सकिन्छ । जङ्गल फडानी भएको छ भने पनि यस्तो क्षेत्रमा या त बोटविरुवालाई पुनः हुर्काउन सकिन्छ या त वृक्षारोपण गर्न सकिन्छ । यस वर्गमा पर्ने जमिनहरूमा गाईबस्तुलाई चराउने चलन कडाइकासाथ नियन्त्रण गर्नुपर्छ । यदि इन्धन, पशु, आहार तथा चरनको लागि उपयोग गर्ने हो भने पनि वार्षिक उपयोगले भविष्यको उत्पादकत्वलाई जोखिममा पार्ने खालको हुनु हुँदैन । यस प्रकारको क्षेत्रमा यस्तो वन पैदावार उपयोग गर्ने तरिका, स्थान र पहुँचको लागि सडक विस्तारका र सुरक्षित योजना बनाउनु पर्दछ । यस्तो जमिन खेतीको लागि उपयुक्त हुँदैन ।

### घ) Slope >४०० माटोको गहिराई २० से.मी. भन्दा कम भएको, भु-क्षय भइरहने पुनरुत्पादनको संभावना कम भएको

ज्यादै भिरालो भएको, मध्यम भिरालोपन भए पनि माटो पत्र २० से. मि. भन्दा कम भएको वा जस्तोसुकै भिरालोपन भए पनि वर्षे पानीबाट क्षति भएको, धेरै खोल्सीहरू सिर्जना भएको जमिन यस वर्गमा पर्दछ । यस प्रकारको जमिन अति नै कमजोर, भू-क्षयीकरणको प्रवृत्ति भएको तथा पुनर्निर्माण र पुनर्स्थायीकरणको सम्भावना पनि अत्यन्त कम भएको कारण अन्न एवं वनस्पती खेतीका लागि अनुपयुक्त मानिन्छ ।यस प्रकारको जमिनलाई घाँस वा बोट-विरुवा लगाएर हराभरा बनाइराख्नु पर्छ, किनभने माथि उल्लेख गरिए झैं एकातिर यस्तो जनिमा भू-क्षयीकरणको प्रवृत्ति तीब्र रहेको हुन्छ भने अर्कातिर एक पटक भू-स्खलन भइसकेको क्षेत्रलाई पुनः अधिग्रहण (Reclaim) गर्न असम्भव नै हुन्छ । उच्च भू-भागमा माटोको तापक्रम कम रहने भएबाट तथा भिरालोपन भएबाट माटो सजिलैसँग बग्दछ ।

## २.७ जलवायु

वायूमण्डलमा भैरहने प्राकृतिक प्रक्रियाहरु जस्तै सौर्य उर्जा, वायुमण्डलीय चाप, हावाको बहाव तथा दिशा,वर्षात, शीत, हिमपात, चक्रपात, जाडो, गमी आदीको समग्र चक्रलाई नै कुनै पनि स्थानको जालवायू भनिन्छ । अर्थात प्रत्येक पलमा घट्ने मौसमी गतिविधिहरुको समग्रलाई जलवायू भनिन्छ। कुनैपनि स्थान विशेषको जलवायूले मानिसको जीवनस्तर शैली तथा समग्र विकास निर्माणका क्रियाकलापहरुमा प्रत्यक्ष प्रभाव पार्दछ । भौगोलिक विविधता कारणले यस क्षेत्रमा विभिन्न किसिमका हावापानी अनुभव गर्न पाइन्छ । फाँटहरुमा उपोष्ण हावापानी तथा माथिल्ला भेग तथा डाँडाकाँडामा न्यानो समशितोष्ण हावापानी पाइन्छ । यहाँको तल्लो भागमा ग्रीष्ममा धेरै गमी हुने गर्दछ । यहाँको अधिकतम तापक्रम गमीमा ३० डिग्री भन्दा माथी हिउँदमा १० डिग्री सम्म हुने गर्दछ ।

## २.८ मुख्य प्राकृतिक सम्पदा

यस नगरपालिकाका खहरे तथा चेपेको किनारमा ठुलो मात्रामा निर्माणजन्य ढुङ्गा, गिट्टि तथा वालुवाको सम्भावना देखिएको छ।त्यसैले वातावरणीय र पर्यावरणीय प्रभावमूल्याङ्कन गरेर उक्तक्षेत्रमा उत्खनन सम्बधि काम हुनसक्ने सम्भावना देखिन्छ । यस नगरपालिकामा प्राकृतिक रुपमा प्रदत्त खानी तथा खनिजको श्रोत रहेको पाइदैन । यस क्षेत्रमा नदीनालाहरूबाट सिँचाई सुविधा, खानेपानीको आपूर्ति, पर्यटन र मत्स्य पालनको क्षेत्रमा बहुआयामिक रूपले प्रयोग गर्न सकिने देखिन्छ । तर समग्रमा समुचित र व्यापक ढंगले जल उपयोग

ज्यादै न्यून भई इन्धनका विविध साधनकोप्रयोग गरिरहनु परेको कुरालाई नकार्न सकिन्न । यस नगरपालिका भएर बग्ने खोला तथा नदिहरु तलको तालिका तथा नक्सामा देखाइएका छन् ।

*तालिका: ४ प्रमुख नदीनालाहरु*

| क्र.सं. | नदी तथा खोलाको नाम | वार्ड नं. |
|---|---|---|
| १. | चम्पावती नदी | १,२,३,४,५,६,७,८ |
| २. | मर्स्याङ्दी नदी | ६,७,८ |
| ३. | बोराङ खोला | १,२ |
| ४. | तार्दी खोला | ८,९ |
| ५. | लुपुखोला | ८ |
| ६. | चिल्ली खोला | १ |




*नक्सा: ५ प्रमुख नदीनालाहरु*

## २.९ साँस्कृतिक विशेषताहरु

यहाँ वभिन्न जाती धर्म समप्रदाय र भेषभुषाका मानिसहरु बसोबास गर्दछनयहाँ अधिकाङश हिन्दु धर्म मान्ने मानिसहरु रहेका छन् भने बौद्ध, इस्लाम र क्रिश्चियन धर्म मान्ने मानिसहरु पनि छनसबै जातजाती र सम्प्रदायका आ(आफ्नै खाले धर्म संस्कृति र चालचलनहरु छन् ।जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, होली, चैते दशैं, साउने(माघे संक्रान्ति, मातातिर्थ औंशी, बालाचतुर्दशी, कोजाग्रत पूर्णिमा, श्री स्वस्थानी पूर्णिमा, कर्कट संक्रान्ति, वुद्ध जयन्ति, विभिन्न ल्होसार पर्वहरु, ईद, वकरइद, इदुलफितर, क्रिशमस डे, नयाँ वर्ष, असार १५ आदि चाडपर्बहरु रहेका छन् । यहाँ मनाइने स्थानीय चाडपर्व, जात्रा तथा मेला सम्बन्धि विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

*तालिका: ५ स्थानिय रुपमा मनाइने प्रमुख चाडपर्वहरू*

| क्र.सं. | नाम | स्थान | महिना | तिथि | मनाउने जातजाती |
|---|---|---|---|---|---|
| १ | नयाँ वर्ष | सवै वडामा | बैखाख सक्रान्ती | | सवै |
| २ | गौरा पर्व | सवै वडामा | भाद्र | कृष्णअष्टमी | ब्राह्मण क्षेत्री |
| ३ | तिज | सवै वडामा | भाद्र | तृतिया | ब्राह्मण क्षेत्री |
| ४ | दशै | सवै वडामा | असोज | दशमी | सवै |
| ५ | तिहार | सवै वडामा | असोज कार्तिक | द्वितिया | सवै |
| ६ | माघी पर्व | सवै वडामा | माघ | सक्रान्ति | सवै |
| ७ | होली | सवै वडामा | फागुन | शुक्ल पूर्णिमा | सवै |
| ८ | शिवरात्री | सवै वडामा | फागुन | त्रयोदशी | सवै |
| ९ | चैते दशमी | सवै वडामा | चैत्र | अष्टमी | सवै |

## २.१० विकासका मुख्य सम्भावनाहरु

हरेक स्थानको आफ्नै विशेषता हुन्छ, कुनै स्थानमा जंगलको भू-भाग अत्याधिक हुन्छ भने कुनै स्थानमा पर्याप्त मात्रामा जलश्रोतको उपलब्धता हुन्छ भने कुनै स्थानमा सुख्खा क्षेत्रकोरुपमा रहेका हुन्छन् । तसर्थ कृषियोग्य क्षेत्रमा कृषिको व्यवसायिकरण गरेर माथि उठ्न सकिन्छ भने वैज्ञानिक वन व्यवस्थापन मार्फत वन क्षेत्र अत्याधिक भएको स्थानीय तहलाई सम्वृद्ध बनाउन सकिन्छ । उपलब्ध श्रोत र साधनका आधारमा नगरपालिकाको संभावनाहरु उजागर गर्न सकिन्छ।वैज्ञानिक वनव्यवस्थापन भन्नाले वनजंगलाई बालीनाली सरह हेरचाह र सुधार संभार गर्ने भन्ने बुझिन्छ । नगरपालिका क्षेत्रमा रहेका सम्भाव्यता र अवसर अन्तर्गत परम्परागत तथा आधुनिक कृषि, जडिबुटी, पर्यटन, पुशपालन तथा साना तथा मझौला उद्योगहरुको विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छनसाथै नगरपालिकाको विभिन्न स्थानमा पार्क, उद्यान तथा गुम्बा एवं स्तुपाको निर्माण गरी पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न पर्याप्त अवसर रहेको छ । समग्रमा यस नगरपालिका क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ ।नगरपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलपफूल, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ । आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकता अनुसार वृद्धि हुन सकेको

छैन । जनचेतना, सीप तथा व्यावसायीकरण, आधुनीकिकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। नगरपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा आधुनिक कृषि प्रणालीको अभावले गर्दा खेतीयोग्य भूमिको पूर्ण सदुपयोग हुन सकेको छैन भने अर्को तर्फ माटोको उर्वराशक्ति क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। यस क्षेत्रका तल्ला फाँटहरुमा बाह्रै महिना सिंचाइको सुविधा भएतापनि विविध कारणले जग्गा बाँझो राखिएको पाइइएको छ भने प्रमुख सिंचाईका नहरहरुलाई नियमित मर्मतसम्भार गरी गरिब किसानहरुलाई जमिन उपलब्ध गराउन सकेको खण्डमा यहाँबाट प्रशस्त मात्रामा अन्नबाली तथा अन्य कृषि उपज निर्यातको सम्भावना रहेको छ ।

जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ती बढाई दिगो विकासको धारणा अनुरुप काम गर्न सकेमा भावी पुस्ताको लागि यस नगरपालिकालाई बस्न लायक ठाउँको रुपमा विकसित गर्न सकिन्छ । नगरको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कृषि उत्पादनको संकलन केन्द्ररकोल्ड स्टोर, मासुजन्य उद्योग आदि विकास गर्न सकिनेछ । जसबाट रोजगार श्रृजना गरी समग्र नगरपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ । यस नगरपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारी श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ । नगरपालिका क्षेत्रमा प्राकृतिक नदी तथा खोलाहरु भएको र थप केही अन्य ठाउँहरूमा ताल निर्माण गरी यस क्षेत्रको हावापानीमा हुने जातका माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र नगरपालिकाकै माछाले बजार लिने सम्भावना रहेको छ । नगरपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा सो क्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ । विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरु रहेको यो नगरपालिकका गहनाको रुपमा ऐतिहासिक तथा पुरातात्विक राइनासकोट धार्मिक पर्यटकीय क्षेत्र, झाँक्रिथान जोगिगुफालगात विभिन्न मठ मन्दिर तथा यहाँको लोक सँस्कृति आदि छनयी स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रुपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ ।

देशमा बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ । यस नगरपालिकाका युवाहरूलाई सिपमूलक तालिम प्रदान गरी स्थानीय स्तरमै रोजगारी श्रृजना गर्ने व्यवस्था भएमा नगरपालिकाको आर्थिक विकासमा ठुलो योगदान पुर्याउने प्रशस्त सम्भावना देखिन्छ । यसका अतिरिक्त राइनास नगरपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- नगरपालिका क्षेत्रमा रहेका कुलो तथा नहरलाई नियामित मर्मतसम्भार गरी व्यावसायीक रुपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ ।

- स्थानीय कच्ची सडकको स्तर वद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले भरपुर सुबिधा लिनुका साथै जीवनस्तरको स्तरोन्नती र समग्र नगरपालिकाको सुन्दरतामा वृद्धि हुन सक्छ ।
- तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि नजिकै बजार नभएपनि यहाँ भएका खेतीयोग्य जमिनमा प्रशस्त उत्पादन गर्न सके छिमेकी जिल्ला तथा पोखरा तथा काठमाडौँ निर्यात गर्न सकिन्छ ।
- यस नगरपालिका क्षेत्रमा थप औद्योगिक विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी वृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ ।
- यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरु रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ ।
- सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरु यस क्षेत्रमा क्रियाशिल रहेकाले नगरपालिकाको विकासमा साझेदार हुन सक्ने देखिन्छ ।
- नगरपालिका क्षेत्रमा उपभोक्ताहरुको वृद्धि भैरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ ।

# परिच्छेदः ३ पारिवारिक विवरण तथा जनसंख्याको अवस्था

## ३.१ बस्ती र घरपरिवार विवरण

राइनास नगरपालिकामा क्रमशः बस्तीहरूको विकास भइरहेको छ। नगरपालिकाको केन्द्रतिर बाटो बजार तथा स-साना घरेलु उद्योग देखीएतापनि समग्रमा नगरपालिकाको सबै वडाहरुमा सेवा तथा सुविधा पुगिसकेको छैन । नगरपालिकामा विकासका धेरै आयामहरूमा अभ्यास गर्न बाँकी देखिन्छ।राइनास नगरपालिकाको सबै वडाहरुमा सडक सञ्जालको विकास भएतापनि माथिल्ला वडाहरु ९ र १० मा वर्षायाममा सवारीसाधन चलाउन समस्या देखिन्छ। सहज स्वास्थ्य सुविधा सञ्चार जस्ता सुविधाहरु को पहुँच पुगेको देखिँदैन । कृषि एवं वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता भएको हुँदा साना घरेलु उद्योग धन्दाको साथै जडिबुटी प्रशोधन सम्बन्धी उद्योग विकास र विस्तारको सम्भावना रहेको छ । अन्य क्षेत्रहरुमा व्यवस्थित बस्ती विकासको संरचना नदेखिएकोले ती स्थानमा व्यवस्थित नगरपालिका योजना बनाएर बाटो खानेपानी र अन्य सामाजिक भौतिक पूर्वाधारको समयमै विकास गर्नुपर्ने देखिन्छ । नगरपालिका बासीहरुलाई घरदैलोमा सेवा प्रवाह गर्ने ध्येयका साथ वडासमिति कार्यालयहरु सम्बन्धित वडामै स्थापना गरी सेवा प्रभाव भइरहेका छन् । यसका अतिरिक्त राइनास नगरपालिका विकासका लागि योजना तयार गर्ने दौरानमा वडा भेला लगायत वडा कार्यालय, सरकारी निकायहरु, राजनैतिक पाटीहरु, गैह्रसरकारी संस्थाहरू, सामुदायिक संस्थाहरु, टोल विकास संस्थाहरु, बुद्धिजीवीहरू, समाजका प्रतिष्ठित व्यक्तित्वहरु, व्यवसायिक संस्थाहरु, संचारकमीहरु तथा योजना तर्जुमा टोली आदिलाई समावेश गरी बढीभन्दा बढी छलफल गरी प्रत्येक वडाका टोलहरका मुख्य तथा सहायक सडकहरुमा सोलार बत्ती जडान, टोलटोलमा सार्वजनिक खानेपानी तथा खानेपानीको परियोजना तथा पूर्वाधारका विकास निर्माणका योजनाहरु तयार गर्नुपर्ने देखिन्छ । यस नगरपालिकामा रहेका मुख्य वस्ती सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

*तालिकाः ६ प्रमुख बस्ती/गाउको नाम*

| वडा नं. | मुख्य बस्ती/गाउँ टोलको नाम |
|---|---|
| १. | बोराङखोला, घिमिरेगाउँ, गैरीथोक, दमाढुङ्गा, सालघारी, तल्लो बोराङ, भंगारी, छापस्वांरा, काप्रेचौर |
| २. | साहिलिटार, उपल्लोथोक,अम्बोट, भलायखर्क, पन्थेडाँडा, लामागाउँ, आठस्वाँरा, तिनघरे, मझुवा |
| ३. | टिमुरे, जेठाक, नौबिसे,बोहोरीबोटे-छाप गैरी गाउँ, लामपाटा, ढाँडखर्क, भीरकुना, भेडीखर्क, ज्यामिरे,सिरानचौर |
| ४. | बोहोरागाउँ, चिसापानी,छविसटोल,नेवोटे टोल, पोखरी वगैंचा, कुसुण्ड बगैंचा, अल्काटार, सातबिसे टोल |
| ५. | तिनपिप्ले बजार, कुमाल गाउँ, वालुवाटार, विरौटा, लोसुँ, डाँडागाउँ, कैनिटार, सुबेटार, कदमटार |
| ६. | पाँच भाइ चौतारा, नयाँ पौवा, धमिलिकुवा, मंगलटार, स्याउली बजार, माझहटिया, थपलीयागाउँ, पोखरीटार, छापस्वारा, जमुनडाँडा, मेजर गाउँ, सालफेदी, फुलबारी, लुपु गाउँ(तल्लो), लुपु गाउँ(उपल्लो), खहरे, मल्ल गाउँ, सानो भट्टी, आँपचौर, फोक्सिङ्ग |
| ७. | बगरगाउँ, ठुलो बगैंचा, बाङ्गेचौर, घर्तीगाउँ (पुतलिथुम्का), ढुङ्गाबगर,लामाटार,बिक्लेटार, साबिक ५ नं. वडा |
| ८. | माझगाउँ, हर्राबोट फाँट, विचौरीथोक, सिख, डौलिया डाँडा, अमले डाँडा, पिपलटारी, भाटगाउँ, तार्कुघाट बजार |
| ९. | बगुवा, राम्चे, काउरेपानी, लाम्पाटा, भएरस्वारा/साउनेपानी, कोटगाउँ/साउनेपानी, साततले, सग्रवास, कुँडुले, कुवापानी/राइनास |
| १०. | प्याराजंग, कोत्रेगाउँ, सिमघारी, पात्लेपानि, वोराङ, कत्रेनि, लामागाउँ |

## ३.२ जनसंख्याको अवस्था

कुनै पनि स्थानको जनसंख्या, विकासको साधन र साध्य दुवैको रुपमा रहेको हुन्छ । विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरुको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरुको अध्ययन र विश्लेषण हुनु आवश्यक हुन्छ । नेपालमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै नगरपालिकास्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ । यहाँ नगरपालिकाबाट घरधुरी तथ्यांक उपलब्ध नभएकोले र नयाँ जनगणना २०७८ को प्रतिवेदन पनि आइसकेको अवस्था नभएकोले केन्द्रीय तथ्यांक विभाग २०६८ को डाटा अनुसार जनसंख्याका विविध पक्षहरुको विश्लेषण गरिएको छ । जस अनुसार यस नगरपालिकाको कुल जनसंख्या १८,५२७ रहेको मध्ये पुरुषको संख्या ८,०९९ र महिलाको संख्या १०,४२८ रहेको छ भने जम्मा घरधुरीको संख्या ४,७५१ रहेको देखिन्छ ।

त्यसैगरी लैंगिक अनुपात ७८ रहेको र यस नगरपालिकामा औषत परिवार संख्या ३.९० रहेको छ ।नेपालको परिवारको औषत आकार ४।८८ रहेको छ । देशमा सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको देखिन्छ।नगरपालिकाको जनघनत्व करिब २५७.४३ वर्गकिलोमिटर रहेको छ वडागतरुपमा जनसंख्याको वितरणलाई तलको तालिका तथा स्तम्भ चित्र मा देखाइएको छ ।

*तालिकाः ७ जनसंख्या वितरणको अवस्था*

| विवरण | २०६८ |
|---|---|
| जम्मा जनसंख्या | १८५२७ |
| पुरुष | ८०९९ |
| महिला | १०४२८ |
| लैंगिक दर | ०.७८ |
| जम्मा घरधुरी | ४७५१ |
| औषत परिवार आकार | ३.९ |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | २५७.४३ |

*स्रोतः केन्द्रिय तथ्यांक विभाग २०६८*

## ३.३ वडागत क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

*तालिकाः ८ वडागत क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण*

| वडा नं. | घरधुरी | जनसंख्या | | | लैङ्गिक अनुपात | औसत परिवार आकार | क्षेत्रफल ( वर्ग कि.मि) | जनघनत्व |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | | | |
| १ | २८६ | १,१४३ | ५०८ | ६३५ | ०.८० | ४.०० | ४.४८ | २५५.१३ |
| २ | २६३ | १,०४७ | ४६३ | ५८४ | ०.७९ | ३.९८ | ५.९१ | १७७.१६ |
| ३ | ४२३ | १,६८४ | ७४९ | ९३५ | ०.८० | ३.९८ | ८.०८ | २०८.४२ |
| ४ | ४५४ | १,७३७ | ७३० | १,००७ | ०.७२ | ३.८३ | ३.७ | ४६९.४६ |
| ५ | ३७६ | १,५९० | ६८९ | ९०१ | ०.७६ | ४.२३ | ४.२ | ३७८.५७ |
| ६ | ७०८ | २,६८४ | १,१६५ | १,५१९ | ०.७७ | ३.७९ | ८.३७ | ३२०.६७ |
| ७ | ४४६ | १,७४१ | ७४४ | ९९७ | ०.७५ | ३.९० | ६.६५ | २६१.८० |

| वडा नं. | घरधुरी | जनसंख्या | | | लैङ्गिक अनुपात | औसत परिवार आकार | क्षेत्रफल ( वर्ग कि.मि) | जनघनत्व |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | | | |
| ८ | ७७२ | २,८९३ | १,२६६ | १,६२७ | ०.७८ | ३.७५ | ९.७६ | २९६.४१ |
| ९ | ५७१ | २,२६९ | ९७६ | १,२९३ | ०.७५ | ३९७ | १०.२९ | २२०.५१ |
| १० | ४५२ | १,७३९ | ८०९ | ९३० | ०.८७ | ३.८५ | १०.५३ | १६५.१५ |
| जम्मा | ४,७५१ | १८,५२७ | ८,०९९ | १०,४२८ | ०.७८ | ३.९० | ७१.९७ | २५७.४३ |

*स्रोत: केन्द्रिय तथ्यांक विभाग २०६८*

राइनास नगरपालिकाको वडागत जनसंख्याको तुलनात्मक विश्लेषण गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडा नं ८ रहेको छ जसमा जम्मा जनसंख्या २८९३ (पुरुष १,२६६ जना र महिला १,६२७ जना) रहेका छन् । यस वडाको औषत परिवार आकार ३.७५ र घरधुरी संख्या ७७२ रहेको छ । त्यस्तै सबैभन्दा थोरै जनसंख्या भएको वडा नं. २ रहेको छ जसको जनसंख्या १०४७ (पुरुष ४६३ जना र महिला ५८४ जना) रहेका छन् भने घरधुरी संख्या २६३ र औसत परिवार संख्या ३.९८ रहेको छ। सबै भन्दा बढी जनघनत्व भएको वडा नं ४ रहेको छ जसको जनघनत्व ४६९.४६ व्यक्ति प्रति वर्ग कि.मी. रहेको छ भने सबैभन्दा कम जनघनत्व भएको वडा नं १० रहेको छ जसको जनघनत्व १६५.१५ व्यक्ति प्रति वर्ग कि.मी. रहेको छ । जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ भने तालिकालाई तल स्तम्भ चित्रमा देखाईएको छ ।




*चित्र: १ लिंगको आधारमा जनसंख्याको बनोट*




*नक्सा: ६ वडाअनुसार जनसंख्याको अवस्था*

## ३.४ उमेर समूह अनुसार जनसख्याको विवरण

| उमेर समुह | जनसंख्या | | जम्मा |
|---|---|---|---|
| | पुरुष | महिला | |
| ०० - ०४ | ७७४ | ७५७ | १५३१ |
| ०५ - ०९ | ९६३ | ९५३ | १९१६ |
| ०९ - १४ | ११७७ | १३०१ | २४७८ |
| १५ - १९ | ९७७ | १०७९ | २०५६ |
| २० - २४ | ३६३ | ८२५ | ११८८ |
| २५ - २९ | ३१२ | ७६१ | १०७३ |

| उमेर समुह | जनसंख्या | | जम्मा |
|---|---|---|---|
| | पुरुष | महिला | |
| ३० - ३४ | ३२६ | ६६६ | ९९२ |
| ३५ - ३९ | ३७४ | ६४५ | १०१९ |
| ४० - ४४ | ४०१ | ६६७ | १०६८ |
| ४५ - ४९ | ४३२ | ५१८ | ९५० |
| ५० - ५४ | ४५३ | ५४२ | ९९५ |
| ५५ - ५९ | ४१६ | ४४७ | ८६३ |
| ६० - ६४ | ३४४ | ४०७ | ७५१ |
| ६५ - ६९ | २६० | २९५ | ५५५ |
| ७० - ७४ | २०६ | २१९ | ४२५ |
| ७५ + | ३२१ | ३४६ | ६६७ |
| जम्मा | ८०९९ | १०४२८ | १८५२७ |

*स्रोत: केन्द्रीय तथ्यांक विभाग २०६८*




*चित्र: २ उमेर समुह तथा लिंगको आधारमा जनसंख्या*

उमेर समुहको आधारमा जनसङ्ख्या विवरणलाई हेर्दा १० देखि १४ र १५ देखि १९ वर्ष उमेर समूहको जनसङ्ख्या सबै भन्दा वढि देखिन्छ जुन क्रमश: २४७८ र २०५६ जना रहेको छ। पुरुषको जनसङ्ख्या मात्रै हेर्दा

१५ देखि १९ वर्षको जनसङ्ख्या बढि देखिन्छ भने महिलाको पनि सबैभन्दा वढि जनसङ्ख्या १५ देखि १९ वर्षको उमेरसमुहमा नै देखिन्छ जुन क्रमशः ११७७ र १३०१ रहेको देखिन्छ । उमेर समूह तथा लिङ्गका आधारमा राइनास नगरपालिकाको जनसंख्याको विस्तृत विवरण माथिको तालिका तथा तलको चित्रमा उल्लेख गरिएको छ ।

## ३.५ जातजाती समूहअनुसार जनसंख्याको विवरण

*तालिकाः ९ जातिगत आधारमा जनसंख्याको विवरण*

| क्र.सं. | जाति | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ब्राह्मण | १४७७ | १९९८ | ३४७५ | १८.७६ |
| २ | गुरुङ्ग | १४२६ | १७९५ | ३२२१ | १७.३९ |
| ३ | क्षेत्री | १२१० | १७५८ | २९६८ | १६.०२ |
| ४ | सार्की | ८३१ | १०४१ | १८७२ | १०.१० |
| ५ | कामी | ७४८ | ९०१ | १६४९ | ८.९० |
| ६ | तामाङ्ग | ५३३ | ६७८ | १२११ | ६.५४ |
| ७ | नेवार | ४१७ | ४९० | ९०७ | ४.९० |
| ८ | दमाई | ३७८ | ४२२ | ८०० | ४.३२ |
| ९ | कुमाल | २९० | ३६६ | ६५६ | ३.५४ |
| १० | घर्तीभुजेल | २१५ | २५५ | ४७० | २.५४ |
| ११ | ठकुरी | १४६ | १९१ | ३३७ | १.८२ |
| १२ | मगर | १५३ | १७३ | ३२६ | १.७६ |
| १३ | सन्यासी | ९४ | १२७ | २२१ | १.१९ |
| १४ | मुसलमान | ८२ | १०२ | १८४ | ०.९९ |
| १५ | अन्य | ३४ | ४५ | ७९ | ०.४३ |
| १६ | गाइने | ३६ | ३५ | ७१ | ०.३८ |
| १७ | माझी | ११ | २५ | ३६ | ०.१९ |
| १८ | सुनुवार | १३ | १८ | ३१ | ०.१७ |
| १९ | राई | ५ | ८ | १३ | ०.०७ |
| | जम्मा | ८०९९ | १०४२८ | १८५२७ | १०० |

*स्रोतः केन्द्रीय तथ्यांक विभाग २०६८*

केन्द्रिय तथ्यांक विभाग २०६८ को आँकडाअनुसार यस नगरपालिकामा १० भन्दा बढि जातजातिको बसोबास रहेको पाइन्छ । यहाँ बसोबास गर्ने प्रमुख जातिहरूमा ब्राह्मण, क्षेत्री, गुरुङ, मगर,तामाङ्ग,नेवार, कुमालदलित लगायतका रहेका छन्। माथिको तालिकामा यस सम्बन्धी विवरण विस्तृत रूपमा देखाइएको छ ।

## ३.६ मातृभाषा अनुसार जनसंख्याको विवरण

*तालिकाः १० मातृभाषा अनुसार जनसंख्याको विवरण*

| क्र.सं. | मातृभाषा | जम्मा जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | १४१५२ | ७६.३९ |
| २ | गुरुङ्ग | २९४३ | १५.८८ |

| क्र.सं. | मातृभाषा | जम्मा जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| ३ | तामाङ्ग | ९४४ | ५.१० |
| ४ | नेवार | १९९ | १.०७ |
| ५ | उर्दु | १५२ | ०.८२ |
| ६ | मगर | ७४ | ०.४० |
| ७ | राई | ११ | ०.०६ |
| ८ | अन्य | ५२ | ०.२८ |
| जम्मा | | १८५२७ | १००.०० |

*स्रोत: केन्द्रीय तथ्यांक विभाग २०६८*

मातृभाषाका आधारमा यस नपालिकामा नेपाली भाषा बोल्ने मानिसहरूको सङ्ख्या अत्यधिक रहेको देखिन्छ। यस नगरपालिकामा रहेको जम्मा जनसङ्ख्या १८५२७ मध्ये १४१५२ जना (कुल जनसङ्ख्याको ७६.३९ प्रतिशत)ले नेपाली भाषा बोल्ने गरेको पाइएको छ भने त्यसपछिको ठुलो हिस्सा क्रमशः गुरुङ तथा तामाङ्ग भाषा बोल्ने मानिसहरू रहेका पाइएकोछ। जस अनुसार गुरुङ्ग भाषा बोल्ने २९४३ (कुल जनसङ्ख्याको १५.८८ प्रतिशत) र तामाङ्ग भाषा बोल्ने ९४४ (कुल जनसङ्ख्याको ५.१० प्रतिशत) जनसंख्या रहेको छ। अन्य मातृभाषा अन्तर्गत नेवारी,मगर,उर्दु, राई आदिछन्। माथिको तालिकामा मातृभाषाका आधारमा रहेको जनसंख्याको विवरण प्रस्तुत गरिएको छ।




*चित्र: ३ मातृभाषा अनुसार जनसंख्याको विवरण*

## ३.७ धर्मअनुसार जनसंख्याको वितरण

सङख्याको आधारमा हेर्दा यस नगरपालिकामा बसोबास गर्ने अधिकांश मानिसहरु हिन्दु रहेका छन्। १४,४१८ अर्थात कुल जनसङ्ख्याको ७७.८२ प्रतिशत हिन्दु धर्मावलम्वी रहेको देखिन्छ भने दोस्रो मुख्य धर्मको रुपमा वुद्ध धर्म रहेको छ। यसमा ३५८२ जना (कुल जनसङ्ख्याको १.०३ प्रतिशत) रहेको पाइन्छ। अन्य धर्म अन्तर्गत

क्रिश्चियन, मुस्लीम आदि छन् । धर्मका आधारमा यहाँको जनसङ्ख्याको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका: ११ धर्मअनुसार जनसंख्याको विवरण*

| क्र.सं. | धर्म | जम्मा जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | १४४१८ | ७७.८२ |
| २ | वुद्ध | ३५८२ | १९.३३ |
| ३ | क्रिश्चियन | ३२२ | १.७४ |
| ४ | मुश्लिम | १८५ | ०.९९ |
| ५ | अन्य | १ | ०.००५४ |
| ६ | नखुलाइएको | १९ | ०.१० |
| | जम्मा | १८५२७ | १०० |

*स्रोत: केन्द्रीय तथ्यांक विभाग २०६८*

## ३.८ अपाङ्गताको आधारमा जनसंख्याको विवरण

यस नगरपालिकामा कुल जनसङ्ख्याको करिब ४ प्रतिशत मानिस कुनै न कुनै किसिमका अपाङगताबाट प्रभावित भएका छन् । शारिरिक अपांगता भएका व्यक्ति १९१ जना अर्थात १.०३ प्रतिशत रहेका छन् । बोल्न नसक्ने तथा दृष्टि विहिन वहिराको संख्या करिब उस्तै (करिब ०.५७ प्रतिशत) रहेको छ । अन्य अपांगता भएको विवरण र प्रतिशत तलको तालिकामा देखाइएको छ ।

*तालिका: १२ अपांगताको आधारमा जनसंख्याको विवरण*

| क्र.सं. | अपाङ्गता | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | केहीछैन | ७७५५ | १०१८५ | १७,९४० | ९६.८३ |
| २ | शारिरिक अपाङ्ग | ११८ | ७३ | १९१ | १.०३ |
| ३ | दृष्टिविहिन कमदेख्ने | ३२ | ३२ | ६४ | ०.३५ |
| ४ | दृष्टिविहिनबहिरा | ६५ | ४० | १०५ | ०.५७ |
| ५ | बहिरा | ४ | ६ | १० | ०.०५ |
| ६ | बोल्ननसक्ने | ६५ | ४१ | १०६ | ०.५७ |
| ७ | सुस्तमनस्थिति | २० | १३ | ३३ | ०.१८ |
| ८ | बौद्धिक अक्षमता | १२ | १० | २२ | ०.१२ |
| ९ | विभिद असक्षमता | २८ | २८ | ५६ | ०.३ |
| जम्मा | | ८०९९ | १०४२८ | १८५२७ | १०० |

*स्रोत: केन्द्रीय तथ्यांक विभाग २०६८*

# परिच्छेदः ४ आर्थिक अवस्था

## ४.१ प्रमुख आर्थिक विवरण

आर्थिक सम्वृद्धिका आधारहरुमा नगरपालिकामा हुने मुख्य आर्थिक क्रियाकलापहरु नै हुन् । जति आर्थिक क्रियाकलापहरूमा तीब्रता आउँछ त्यति नै नगरपालिकाको अर्थतन्त्र चलायमान र सुदृढ हुँदै जान्छ । मुख्यतया नेपाली अर्थतन्त्र कृषि, पर्यटन, साना तथा घरेलु उद्योग, वैदेशिक रोजगार, बैङ्किङ, व्यापार, सेवा क्षेत्र आदिमा केन्द्रित छ।उच्च प्राविधिमा आधारित अन्तराष्ट्रिय स्तरका उद्योगहरुको विकास भै नसकेको अवस्थामा धेरैजसो आर्थिक धेरैजसो आर्थिक क्रियाकलापहरु निर्वाहमुखी नै रहेका छन् । यहाँका मानिसहरु विभिन्न आर्थिक गतिविधिमा आवद्ध भएका छन । केहि सरकारी नोकरी गर्छन, कोही बैदेशिक रोजगारीमा आवद्ध छन । त्यस्तै विभिन्न किसिमका कृषि उत्पादनमा लाग्ने, विशेषगरी तरकारी तथा बागवानी, कुखुरापालन, भैंसीपालन, बुंगुरपालन, मौरीपालन, बाख्रापालन,गाईपालन घरधुरीको संख्या पनि उल्लेख्य रहेको पाइन्छ ।

## ४.२ खाद्यान्न सुरक्षा तथा आपूर्तिको अवस्था

मौलिक हक अन्तर्गत नेपालको संविधानको धारा ३६ मा खाद्य सम्बन्धी हकको व्यवस्था गरिएको छ । सोही धाराको उपधारा २ मा प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ भनी उल्लेख गरिएको छ भने उपधारा ३ मा प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य संम्प्रभुताको हक हुनेछ भनी स्पष्ट उल्लेख छ । यसरी नगरपालिकाले जीवनको प्रमुख आधारको रुपमा रहेको खाद्यान्नको सूरक्षा र आपुर्तिको अवस्था प्रति संवेदनशील हुनुपर्ने देखिन्छ । बढ्दै गएको जग्गा बाँझो राख्ने प्रवृतिले भविष्यमा खाद्य संकट नआउला भन्न सकिन्न ।नगरपालिकामा प्रशस्त मात्रामा खेतियोग्य जमिन हुँदाहुँदै पनि दैनिक रुपमा उपभोग हुने खाद्यान्नहरु आयात गरिंदै आएकोले स्थानीय रुपमा कृषकलाई आधुनिक कृषि प्रणाली सम्बन्धि तालिम तथा सामाग्री उपलब्ध गराई कृषि कार्यमा प्रोत्साहन गर्नुपर्ने देखिन्छ । यस राइनास नगरपालिकाको खाद्य सूरक्षाको कुरा गर्दा करिब ५५ प्रतिशत जनतालाई आफ्नो उत्पादनले बाह्रै महिना खान पुग्ने देखिन्छ भने करिब १३ प्रतिशतलाई आफ्नो उत्पादनले ४ महिनाभन्दा बढी खान पुग्दैन ।

*तालिका: १३ खाद्यान्न सुरक्षा तथा आपूर्तिको अवस्था*

| वडा नं. | आफ्नो उत्पादनले वर्षैभरी खान पुग्ने घरधरी प्रतिशत | १० वा बढी महिना खान पुग्ने प्रतिशत | ७ देखि १० महिनासम्म खान पुग्ने प्रतिशत | ४ देखि ७ महिना सम्म खान पुग्ने प्रतिशत | ४ महिना भन्दा कम खान पुग्ने प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ६० | ५ | १५ | १० | १० |
| २ | २२ | ० | ५० | ८ | ६ |
| ३ | ६० | ० | ३ | ० | ३ |
| ४ | ८७ | ० | ३ | ० | ७ |
| ५ | ८५ | ० | ० | १५ | ० |
| ६ | ८३ | ० | ० | ८ | ८ |
| ७ | ३७ | २३ | १७ | ७ | १३ |
| ८ | ५० | ३ | १० | ३० | ७ |
| ९ | ३१ | ३ | १६ | १९ | ३४ |
| १० | ३३ | १० | ७ | ३७ | १० |
| जम्मा | ५५ | ४ | १२ | १३ | १० |

*स्रोत:राइनास नगरपालिकाको कृषि प्रतिवेदन २०७७*

## ४.३ आयात निर्यातको अवस्था

कुनै पनि स्थानीय निकाय आत्मनिर्भर हुनको लागि आयात भन्दा निर्यात धेरै हुनुपर्ने हुन्छ। यस क्षेत्रमा प्रचुर मात्रामा खाद्यान्न बालीको उत्पादनको सम्भावना रहेको भएतापनि यहाँ विभिन्न किसिमका दैनिक उपभोग्य सामाग्रीहरु आयात गरिंदै आएको छ । समग्र राष्ट्रको अवस्था जस्तै यहाँपनि निर्यातभन्दा आयात आयतन धेरै हुँदा समग्रमा नगरबासीको आर्थिक स्तर माथि उठाउनमा चुनौती रेहको देखिन्छ । नगरपालिका भित्र उत्पादन हुने उपजहरुलाई प्रर्वद्धन गरी स्थानीय स्तरमा उत्पादन हुने उपजमा आत्मनिर्भर भई निर्यात बढाउन सकेमात्र नगरपालिकाको आर्थिक हैसियत वृद्धि हुन सक्छ ।

## ४.४ स्थानीय श्रोतमा आधारित कच्चा पदार्थहरु

यस क्षेत्रमा देशको अन्य भागमा जस्तै स्थानीय रुपमा काठ, जडिबुटी, खोटो, लोक्त्ता, अल्लो, फलफूल, खाद्यान्न, तरकारी तथा निर्माणजन्य सामग्रीमा ढुङ्गा, गिट्टी, वालुवा पाइन्छ।यस प्रकारका कच्चा पदार्थहरुको व्यवसायिक उत्पादन र दिगो सदुपयोग गर्न सकेमा नगरपालिकाको  अर्थतन्त्रमा प्रत्यक्ष सकारात्मक योगदान पुग्दछ ।

## ४.५ सुकुम्बासी जनसंख्याको विवरण

नेपालमा परिवारको जमिन माथिको स्वामित्वको विषयलाई आर्थिक हैसियतसँग गाँसेर हेरिन्छ । नेपालको अर्थतन्त्र कृषिमा आधारित हुँदा जमिन माथिको स्वामित्वलाई आर्थिक हैसियतसँग गाँसेर हेर्नु स्वाभाविक भएतापनि पछिल्लो समयमा वैदेशिक रोजगार लगायत अन्य सेवा क्षेत्रमा मानिसहरुको पहुँच वृद्धि हुँदा गैह्र कृषि क्षेत्रबाट आफ्नो आर्थिक हैसियत निर्माण गर्ने परिपाटी सुरु भएको पाईन्छ । अर्कोतर्फ जमिनमाथिको स्वामित्वलाई आफ्नो थातथलो वा आवासको स्थलकारुपमा समेत हेरिन्छ । यसर्थ हरेक नागरिकको जमिनमाथिको स्वामित्वलाई सदियौंदेखि एक प्रमुख आर्थिक सामाजिक तथा राजनैतिक मुद्दाकोरुपमा हेरिँदै आएको छ । त्यस्तै नेपालमा जमिनको वितरण अवैज्ञानिक रहेको पाइन्छ त्यस्तै यस क्षेत्रमा पनि भूमिहीनहरु किसान छन् भने भूमिमा प्रशस्त स्वामित्व भएकाहरुले सामान्यतया खेतिपानी गर्दैनन् वा केहीले मात्र गर्दछन् ।

यस राइनास नगरपालिकाको कुरा गर्दा वडा नं। ६ का विभिन्न बस्तीहरु जस्तै गंगटे, स्याउली, स्याउली ढुंगे पाखा आदि वस्तीमा सबैभन्दा धेरै करिब १३० भन्दा बढी भुमीहिन घरधुरीहरु रहेको पाइयो । त्यस्तै ५ नं। को बुढीचौर ७ को घर्तिगाउँ, वडा ८ को गन्धर्व टोलमा करिब करिब ५० घरधुरी भुमिहिन हरु रहेको पाइएको छ ।नगरको विकास गर्न र सार्वजनिक सम्पतिको संरक्षण गर्न सकेसम्म छिटो यी सुकुम्बासी घरधुरीलाइ सकेसम्म छिटो आवश्यक बसोबासको व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

## ४.६ कृषि तथा पशु विकास

कृषि उत्पादन सम्बन्धि विवरण राष्ट्रिय कृषि नीति २०६१ मा देशमा भौगोलिक विविधताले उपलब्ध गराएको अवसर, कृषकहरुको लामोसमय देखिको विशिष्ट अनुभव र आधुनिक कृषि प्रविधिको सदुपयोगबाट दिगो आर्थिक वृद्धि तथा खाद्य सूरक्षा कायम गर्न सकिने सम्भावना रहेको औल्याँइएको छ । तथापि कृषि उर्वर भूमिको अवैज्ञानिक प्रयोग, प्राकृतिक प्रकोपहरुको भूमिमा पर्ने असरहरु, कृषि श्रम र सिप हुनेहरुमा कृषि योग्य भूमिको पहुँच नहुनु र पहुँच हुनेहरुले भूमिको प्रयोग गर्न नसक्नु, कृषि क्षेत्रको विकासका लागि आवस्यक भौतिक पूर्वाधारको व्यवस्था हुन नसक्नु नेपालमा कृषि क्षेत्रका मुख्य समस्याहरु र चुनौती रहेको राष्ट्रिय कृषि नीति २०६१ को पृष्ठभूमि मै स्पष्ट उल्लेख गरिएको छ । यो समग्र राष्ट्रको कृषि क्षेत्रको आम समस्या भएकोले यस नगरपालिकाको हकमा समेत लागु हुन्छ। नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भइ देशको अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको छ । ग्रामीण जनताहरूको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रूपमा लिन सकिन्छ । खाद्यान्न तथा नगदे बालीहरू फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि

उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरू कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीयस्तरमा कृषि सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रूपमा कृषि भूमि व्यवस्थापन तथा सहकारी मन्त्रालय र केन्द्रीय तथ्याङ्क विभाग रहेका छन्। स्थानीय उत्पादनको बृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ।

आर्थिक सर्वेक्षण २०७३/७४ अनुसार नेपालको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २९।३७ प्रतिशत रहेको छ। नेपालमा करिब ६३ प्रतिशत जनसंख्या रोजगारी तथा जीविकाको लागी कृषिमा निर्भर रहेका छन्। वर्षेनी युवा जनशक्ति पलायनमा बढोत्तरी, अव्यवस्थित शहरीकरण, जग्गाको खण्डिकरण, घडेरीकरण, जग्गा बाँझो राख्ने प्रवृत्ति, समग्र कृषि क्षेत्रका चुनौतीहरु हुन्। कृषि क्षेत्रको विकासका लागि आवश्यक सिँचाई,सडक, विजुली, संचार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरुमा पर्याप्त लगानी आर्कषण गर्न नसक्नु कृषि क्षेत्रको मूलभूत समस्या हो भने कृषि पेशालाई प्रतिस्पर्धा, नाफामूलक, सम्मानजनक र व्यवसायिक रुपमास्थापित गर्नु पनि चुनौतिको रुपमा रहेको छ।

कृषिको दृष्टिकोणबाट राईनास नगरपालिका भित्र अत्यन्त उर्वर भूमिहरु छन सिंचाईको हिसाबले दुई ठुला रास्ट्रिय स्तरका योजनाहरु राईनासटार सिंचाई योजना र पाङ्गे९हर्राबोट सिंचाई योजना यसै नगरपालिका भित्र पर्दछन। दुवै योजनाहरुबाट गरि ११६० हेक्टर सिंचित भुमि र लगभग १५००० जनता लाभान्वित छन। अरु साना ठुला कुलाहरुको माध्यमबाट धेरै जसो भूमिहरु सिंचित भुमि मै पर्दछन तार्कुघाटका फाँटहरु, राईनासटार, तिनपिप्ले, अल्काटार, टिमुरे, टारी, खरखरे, रयले, ढाँड साथै आसपासका फाँटहरु व्यबसायिक खेतीका लागि उपयुक्त छन्। यति हुँदाहुँदै पनि स्थानीय कृषिमा यान्त्रिकीकरण तथा लामो समयदेखि व्यवसायिकरण हुन नसक्नुलाई ठुलो कमजोरी मान्नुपर्दछ। चेपे र मर्स्यांदी नदि आसपासका फाँटहरु अन्न र तरकारी वालीको लागि उपयुक्त छन् भने, माथिल्लो पहाडी भुमि फलफुल, जैविक तरकारी, जडीबुडी र पशुपालनको लागि उपयुक्त देखिन्छ। व्यवसायिक हिसाबले यान्त्रिकीकरण सहित कृषि तथा पशुपालनमा ध्यान दिने हो भने यो भूभाग कृषिको उदाहरणीय केन्द्र बन्न सक्छ।

### ४.६.१ सिंचाइको स्रोत सम्बन्धि विवरण

कृषि आधुनिकीकरणका लागि वैज्ञानिक कृषि प्रणालीको आवश्यकता पर्दछ। वैज्ञानिक कृषि प्रणाली अन्तर्गत सदावहार सिंचाई सुविधाको उपलव्धता पहिलो शर्त हो। सिंचाइको प्रभावकारी व्यवस्थापन गरिसकेपछि मात्र वैज्ञानिक कृषि प्रणालिको सुरुवात हुन्छ। सिंचाईको पर्याप्त श्रोत यस नगरपालिकामा रहेको देखिए पनि सिंचाईलाई सुव्यवस्थित गर्न नगरपालिकाले कार्ययोजनाहरु वनाई त्यसलाई कार्यान्वयन गर्नु पर्ने देखिन्छ। राईनासटार सिंचाइ आयोजना यहाँको सवैभन्दा ठुलो सिंचाईको श्रोत मानिन्छ जसवाट करिव ८५० हेक्टर जमिन सिंचित भएको छ। यसबाहेक नगरपालिकामा धेरै ससाना सिंचाइ योजनाहरु रहेका छन भने प्रमुख सिचाइको स्रोतको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। यसका अतिरिक्त नगरपालिकामा भएका स्थानीय खोलाहरु चेपेखोला, पांग्रे खोला, ढाँडखोला, भैंसीखोला, लुपुखोला, सातविसे खोला, तिनपिप्ले खोला, सिम्ले खोला, स्याली खोला, वोराङखोला लाई प्रयोगमा ल्याई नगरका अधिकांस भुमी सिंचित गर्न सकिने सम्भावना प्रवल छ।

*तालिका: १४ प्रमुख सिंचाइका आयोजनाहरु*

| क्र.सं | सिंचाइको श्रोतको नाम, ठेगाना | सिंचित क्षेत्रफल(हे.) | लाभान्वित घरधुरी | लम्बाई (कि.मि.) | सिंचाइको स्रोत |
|---|---|---|---|---|---|
| १ | राइनासटार सिंचाइ परियोजना, वडा नं. २,३,४,५,६,७ | ८५० | १४०० | २१ | चेपे, बोराङ, चीली खोला |
| २ | केचुङ खोला वडा नं.१० | ३०-४० रोपनी | १२ | | केचुङ खोला |

| क्र.सं | सिंचाइको श्रोतको नाम, ठेगाना | सिंचित क्षेत्रफल(हे.) | लाभान्वित घरधुरी | लम्बाई (कि.मि.) | सिंचाइको स्रोत |
|---|---|---|---|---|---|
| ३ | बारौबोटे कुलो वडा नं.४ | | | | |
| ४ | छबिसे कुलो वडा नं.४ | | | | |
| ५ | चौतारिया कुलो वडा नं.४ | | | | |
| ६ | नेबोटे कुलो वडा नं.४ | | | | |
| ७ | चित्रे कुलो वडा नं.४ | | | | |
| ८ | सिम्ले कुलो वडा नं. ४ | | | | |
| ९ | चेपे खोला सिंचाइ वडा नं. ७ | २५ | १५० | ३ | |
| १० | ढाँड खोला सिंचाइ वडा नं. ८ | | | | |
| ११ | पांग्रे हर्रबोट सिंचाइ योजना, वडा नं.८ | ३१० | ५०० | ६ | तार्दी खोला |
| १२ | ज्यामिरेफाँट सिंचाइ, वडा नं. ९ | २५ | २५ | १ | सात्तले खोला |
| १३ | कुँडुले सिंचाइ वडा नं. ९ | ३ | ६५ | ३ | ठोट्ने खोला |
| १४ | पन्ध्रमुरे कुलो, वडा नं. १० | ४ | ३० | ५ | ठाङग्रे खोला |
| १६ | बाह्रमुरे कुलो, वडा नं. १० | २५ | १५ | १५ | बाह्रमुरे |
| १७ | ढाँडखोला बाँझोगैह्रा, वडा नं. १० | २ | १५ | १ | ढाँड खोला |

*स्रोत:राइनास नगरपालिकाको स्थलगत अध्ययन २०७८*

### ४.६.२ मुख्य कृषिजन्य उत्पादनहरुको विवरण र उत्पादकत्व

नगरपालिकाको ठूलो क्षेत्रफल पहाडी भूभागले भरिएको हुँदा कृषिका लागि उपयोगी क्षेत्र कम रहेको छ । सामान्यत: कृषि प्रणालीमा मुख्य अन्न बालीहरुमकै, धान, मकै, कोदो, गहुँ आदि हुन् । यस्तै दलहन बालीमा बोडी, मास, मसुरो, सानो केराउ, गहत, भटमास आदी उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरी, बदाम, तिल, रायो, सर्स्यु उत्पादन गरिन्छ भने तरकारी खेती आलु, फसी, लौका, सिमी, स्कुस, घिँरौला, रायो , बन्दा, प्याज, काउली, भिन्डी, लसुन, अदुवा, बेसार लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यिनको उत्पादकत्व पनि बढी छ । फलफुलमा आँप, नास्पाती, हलुवावेद,  आरु, लप्सी, रुख कटहर, जुनार, ज्यामिर, भोगटे, कागती, अम्बा, केरा, आदीको उत्पादन हुन्छ । खाद्यान्न बालिको उत्पादकत्वको कुरा गर्दा समग्रमा धानको उत्पादकत्व ३.६७ मुरी प्रतिरोपनी रहेको छ भने मकैको र कोदो फापरको क्रमश १.५ र १.१६ मुरी प्रति रोपनी रहेको छ । विभिन्न वडामा रहेको कृषिको उत्पादकत्व तलको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका: १५ मुख्य कृषिजन्य उत्पादनहरुको उत्पादकत्व*

| वडा नं. | धानको उत्पादकत्व (प्रति रोपनी) | मकैको उत्पादकत्व (प्रति रोपनी) | कोदो फापरको उत्पादकत्व (प्रति रोपनी) |
|---|---|---|---|
| १ | ३.३७ | १.५६ | १.२३ |
| २ | ३.० | १.६६ | ०.९९ |
| ३ | ३.५७ | १.८८ | २.८८ |
| ४ | ४.६६ | | १.६४ |
| ५ | ६.२२ | ३.३९ | |

| वडा नं. | धानको उत्पादकत्व (प्रति रोपनी) | मकैको उत्पादकत्व (प्रति रोपनी) | कोदो फापरको उत्पादकत्व (प्रति रोपनी) |
|---|---|---|---|
| ६ | ३.२९ | ०.८९ | ४.० |
| ७ | ३.७२ | १.१९ | |
| ८ | ४.७२ | १.३२ | १.७५ |
| ९ | २.३४ | १.८८ | १.२५ |
| १० | ३.६१ | १.१६ | ०.८२ |
| जम्मा | ३.६७ | १.५ | १.१६ |

*स्रोत:राइनास नगरपालिकाको कृषि प्रतिवेदन २०७७*

**क) हिउँदे तरकारी बाली**

नगरपालिकाको कृषि सर्वेक्षण २०७७ अनुसार यस नगरपालिकामा करिब ८५ प्रतिशत मानिसले काउली, बन्दा, ब्रो काउली, मूला, गोलभेंडा, लसुन, प्याज, रायोको साग आदि तरकारी बालीको उत्पादन गरेको देखिन्छ । उक्त प्रतिवेदनअनुसार कुल उत्पादनको करिब ३० प्रतिशत घरायसी उपभोगमा खर्च गरिएको देखिन्छ भने बाँकी ७० प्रतिशत आम्दानीको लागि बिक्रीबितरण गर्ने गरेको पाइन्छ ।

**ख) फलफुल बाली**

यस नगरपालिकामा प्रमुख रुपमा उत्पादन हुने फलफुलहरुमा केरा, आँप, लीची, सुन्तला, अनार, नास्पाती, रुख कटहर, भुँईकटहर, आरुबखडा, हुन नगरपालिकाका कृषकहरु खाद्य उत्पादन, तरकारी बाली लगायत थोरै मात्रामा भएपनि फलफुलको खेती र उत्पादनमा संलग्न भएको पाइएको छ ।

**ग) मसला बाली**

औषत रुपमा करिब ८८ प्रतिशत घरधुरीले मसला बालीको रुपमा अदुवा बेसार, लसुन, अलैँची, धनियाँ, मेथी, प्याज आदि खेती गरेको पाइन्छ ।मसला बालीको औषत उत्पादन ४४ के.जी. प्रति घरपरिवार रहेको देखिन्छ भने यसको बिक्रीबाट औषत रुपमा प्रति घरपरिवारले करिब ८९० रुपैयाँ बराबरको आम्दानी गरेको देखिन्छ । यसको वृस्तित विवरण तलको तालिकामा देखाइएको छ ।

*तालिका: १६ कृषिजन्य बालीको उत्पादन र आम्दानीको विवरण*

| वडा नं. | मसला बालीको औषत उत्पादन | मसला बालीको औषत बिक्री | मसला बालीबाट औषत आम्दानी |
|---|---|---|---|
| | (के.जी.) | (के.जी.) | रुपैयाँ |
| १ | १६६.६७ | १२९.१७ | १६६६६.६७ |
| २ | १ | ० | १७१४.२९ |
| ३ | २९.८६ | २७.७६ | ८७९.३१ |
| ४ | २६.८७ | | |
| ५ | ८०.३ | | |
| ६ | ९३.३३ | २८३.८९ | ९१७ |
| ७ | ३०.४७ | | |
| ८ | ६४.२५ | | ११००. |

| वडा नं. | मसला बालीको औषत उत्पादन | मसला बालीको औषत बिक्री | मसला बालीबाट औषत आम्दानी |
|---|---|---|---|
| | (के.जी.) | (के.जी.) | रुपैयाँ |
| ९ | २६.६२ | ०.१ | |
| १० | ३६.९२ | | |
| जम्मा | ४६.५९ | ४४ | ८९०.४७ |

*स्रोत:राइनास नगरपालिकाको कृषि प्रतिवेदन २०७७*

### ४.६.३ बाली पात्रो

नेपालको भौगोलिक विविधताको कारण विभिन्न क्षेत्रहरूमा लगाईने बालीहरू र लगाउने समय फरक फरक पाईन्छ। यस्तै एउटै ठाउँको माथिल्लो मध्य र तल्लो भागमा पनि बाली लगाउने र वालीको भिन्नता पाईन्छ। यस राइनास नगरपालिकाको बालीको समयअनुसार बाली पात्रोको विवरण तल तालिकामा देखाईएको छ।

*तालिका: १७ बाली पात्रो*

| क्षेत्र | वाली | लगाउने समय | | बाली लिने समय | |
|---|---|---|---|---|---|
| | | खेत | पाखो | खेत | पाखो |
| माथिल्लो भेग | धान | बैशाख–श्रावण | | आश्विन मंसिर | |
| | गहुँ | कार्तिक –मंसिर | आश्विन–मंसिर | चैत–बैशाख | चैत–बैशाख |
| | मकै | फागुन–चैत | फागुन–चैत | असार–श्रावण | श्रावण–भदौ |
| | आलु | कार्तिक –मंसिर | कार्तिक –मंसिर | फागुन–चैत | फागुन–चैत |
| | कोदो | | जेष्ठ–असार | | कातिक–मंसिर |
| | तोरी | असोज –कार्तिक | असोज –कार्तिक | मंसिर–चैत | फागुन–चैत |
| | भटमास | जेठ–असार | जेठ–असार | कातिक–मंसिर | मंसिर–चैत |
| तल्लो भेग | धान | बैशाख–श्रावण | | आश्विन–मंसिर | |
| | गहुँ | कार्तिक –मंसिर | आश्विन–मंसिर | चैत–बैशाख | चैत–बैशाख |
| | मकै | | चैत–बैशाख | | श्रावण–भदौ |
| | आलु | कार्तिक –मंसिर | असोज –मंसिर | फागुन–चैत | पुस–माघ |
| | तोरी | असोज –कार्तिक | असोज –कार्तिक | मंसिर–चैत | फागुन–चैत |

### ४.६.४ खाद्यान्न तथा तरकारी बालीमा लाग्ने रोग तथा कीरा

नगरपालिकाको कृषि उत्पादनमा धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी, फलफूल आदी नै मुख्यरूपमा रहेको छ। सामान्यतया धानमा ब्लास्ट, खैरो थोप्ले, फेद कुहिने रोगहरू देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरेजस्ता रोगहरू देखिन्छन्। यसैगरी मकैमा डाँठ वा घोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटब्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिनेजस्ता रोगहरू मुख्य रूपमा देखा पर्दछन्। फलफूलमा विशेषगरी कोत्रे, सेतो धुले रोग, भोजक पात गुजुमुज्ज हुने, जरा कुहिने, ओइलाउने आदी रोगहरूको प्रकोपबाट कृषकहरू समस्यामा परेका छन्। यिबाहेक प्रमुख तरकारी बालीमा लाग्ने रोगहरुको विवरण तल देखाइएको छ।

*तालिका: १८ तरकारी बालीमा लाग्ने रोग तथा कीरा*

| क्र.सं. | बाली | प्रमुख शत्रु जीव | प्रमुख रोग |
|---|---|---|---|
| १ | गोलभेडा | टुटायस्पुलुटा, सेतो झिंगा, लाही, फलको गवारो, पतेरो आदि । | उडूवा– अगौटे, पछौटे आईलाउने, ममाजाईक आदि । |
| २ | काउली, बन्दा | डाइमण्ड ब्याक मोथ, टोवाको क्याटरपिलर, लाही, उफ्रने फड्के आदि । | सफ्ट रट , ब्लाक रट, अल्टरवेरिया, क्लव रुट डेम्पीङ अफ आदि । |
| ३ | आलू | पि.टी. एम., लाही, पात खाने लाभ्रे आदि । | डढूवा , मोजाइफ खैरो पिप,चक्के आदि । |
| ४ | रायो | डाइमण्ड ब्याक मोथ, टोवाको क्याटरपिलर, लाही, उफ्रने फड्के आदि । | सफ्ट रट , ब्लाक रट, अल्टरवेरिया, क्लव रुट डेम्पीङ अफ आदि । |
| ५ | सून्तला | पतेरो, लाही, फ्रूट फ्लाई , स्केल लिफ, भाईनर, लेमन डग आदि । | क्याकर, फूट रट , रुटरघ ,स्वीटीमोल्ढ आदि । |
| ६ | अलैंची | गवारो, लाही, हेरो क्याटर पिलर, थ्रीप्स आदि । | पात कूहिने, वगान डढ्ने, जरा कूहिने रोग आदि । |

*स्रोत:जिल्ला कृषि विकास कार्यालय लमजुङ*

### ४.६.५ खेतीजन्य जमिनको विवरण

नेपाल भू-उपयोग र भुमि सुधार कार्यक्रमहरु निष्प्रभावी रहेका छनवैज्ञानिक र व्यवसायिक ढङ्गले भू-उपयोग नहुँदा कृषि क्षेत्रमा ठुलो घाटा व्यहोर्नु परेको अवस्था छ।हरेक स्थानीय तहमा उपलब्ध सम्पर्ण खेतियोग्य जमिनको वैज्ञानिक र व्यवसायिक ढङ्गले सदुपयोग हुन सकेको पाइदैन।खेतियोग्य जमिनको उपलब्धता भएपनि पूर्ण सदुपयोग नहुँदा एकातर्फ जमिन बाँझो हुँदै जाने त अर्कोतर्फ कृषि उत्पादनमा कमी भई आयात गर्नुपर्ने अवस्था श्रृजना भैरहेको छ ।

### ४.६.६ कृषि बजार सम्बन्धी विवरण

परम्परागत कृषि बजारीकरणमा उत्पादकहरूले असंगठीतरूपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविधखाले बजार श्रृंखला पार गर्दै कृषिउपजहरूको बजारीकरण प्रचलन विकास हुन थालेको छ । यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भई नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरूले कृषि बजारको क्रमिक विकासमा टेवा पुर्‍याएका छन् । कृषि उपज बजारीकरणका ढाँचाहरूले एकले अर्कोलाई विस्थापन गरेका छैनन्, तर एकले अर्काको विकास गर्न परिस्थिति निर्माण गरेका छन् ।यस क्षेत्रमा पनि क्रमिक रुपमा बस्ती विस्तार भइरहेकोले बजारको राम्रो सम्भावना छ।हाललाई उत्पादन बढी भएको खण्डमा स्थानीय उत्पादनहरु जिल्ला सदरमुकाम तथा पोखरा तिर पनि निर्यात गर्न सकिन्छ ।

### ४.६.७ कृषि पकेट क्षेत्रको विवरण

नेपालमा भौगोलिक विविधिताका कारणले जलवायूमा ठुलो विविधता रहेको छ ।माटोको बनावट समेत स्थान पिच्चे फरक-फरक रहेको छ । तसर्थ एक प्रकारको जलवायू र माटोमा हुने विरुवा अर्को प्रकारको जलवायू र माटोमा हुँदैन र अर्को भिन्न प्रकारको विरुवा हुने गर्दछ । यसैका कारण स्थान विशेष कृषि उपज पकेट क्षेत्र निर्धारण गरी त्यस्ता स्थानहरुका सघनरुपमा जलवायू उपयुक्त बालीनालीहरु लगाउने नीति नेपाल सरकारले लिएको छ । यस्ता पकेट क्षेत्रहरुले कुनै पनि स्थानको उपज विशेष पहिचान स्थापित गर्न समेत ठुलो सहयोग पुग्दछ । पकेट क्षेत्र भन्नाले राष्ट्रिय आवश्यकता र स्थानीय संभाव्यताका आधारमा तोकिएको बाली/ वस्तुमा न्युनतम १० हेक्टर जमिनमा जिल्ला स्तरमा सञ्चालन गरेको साना व्यवसायिक उत्पादन केन्द्रलाई बुझिन्छ । यसको प्रमुख उद्देश्य पकेटमा समावेश गरिएका बालीरवस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुको साथै

पकेट क्षेत्रमा मौसमी रोजगारी सिर्जना गर्नु हो । कृषि मन्त्रालयले स्थानीय संभाव्यताको आधारमा सडकको पहुँच, सिँचाईको उपलब्धता, विद्युतको उपलब्धता, तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको एउटै कोरिडोरमा रहेको कृषि बालीरव्यवसायिक उत्पादन क्षेत्रलाई कृषि पकेट क्षेत्र भनिन्छ ।

कृषि, भूमि व्यवस्थापन तथा सहकारी मन्त्रालयले परिवर्तित नेपालको संरचना अनुसार ७ प्रदेशमा संभावित व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट क्षेत्र) निर्धारण गरेको छ । हिमाल, पहाड, तराई र हिमाली जिल्लाहरुमा बालीको प्रकृति अनुसार सार्वजनिकरनिजी साझेदारीमा पकेट क्षेत्र घोषणा भईरहेको छ । राष्ट्रियस्तरमा कृषि क्षेत्रको विकास गर्न पकेट क्षेत्र अवधारणा अनुसार कृषि उत्पादन बढाउने लक्ष्य राखिएको छ । राइनास नगरपालिकामा कृषि पेशा अँगाल्ने परिवारको संख्या उच्च रहेको छ । कृषि पेशामा संलग्नश्रम शक्ति उच्च रहेको यस नगरपालिकामा कृषि व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले नगरपालिकामा विभिन्न क्षेत्रलाई कृषि पकेट क्षेत्रको रूपमा विकास गरी नगदे, तरकारी, फलफुल, खाद्यान्न, मौरी पालन, अलैचीजस्ता कृषि उत्पादनको वृद्धि गर्न सक्ने प्रशस्त संम्भावना देखिन्छ। यस नगरपालिकामा रहेका पकेट क्षेत्रको विवरण निम्नअनुसार रहेको छ ।

*तालिका: १९ कृषि पकेट क्षेत्रको बिवरण*

| क.सं. | व्यवसायिक पकेट क्षेत्र | वडा नं. |
|---|---|---|
| १ | कागती | ९,१ |
| २ | मसलाबाली | ५ |
| ३ | कफी | २ |
| ४ | केरा | ३ |
| ५ | तरकारी(आलु) | २,४,६ |

*स्रोत:राइनास नगरपालिकाको स्थलगत अध्ययन २०७८*


खेतीयोग्य जमिन, वडा-३


टनेल खेति, वडा-८,



उन्नत बाखा फार्म, वडा-१



मसार कागती पकेट क्षेत्र, वडा-१

*फोटोसंग्रहः १ कृषियोग्य जमिन तथा पकेट क्षेत्र*

### ४.६.८ चिस्यान केन्द्र, भण्डारण केन्द्र तथा डेरीहरुको विवरण

कृषि उत्पादन वृद्धि गर्नु जति जरुरी छ त्यति नै उत्पादित सामाग्रीहरुको सूरक्षित भण्डारण गर्नु जरुरी हुन्छ ।उचित ढङ्गले भण्डारण गर्दा कृषि उपजमा रहेको पोषक तत्वलाई कायम राख्न समेत मद्दत पुग्दछ । भण्डारण वैज्ञानिक नहुँदा एकातर्फ उत्पादित उपजको गुणस्तर कमजोर हुने र नष्ट हुनेसमेत हुन जान्छ तसर्थ कृषि उपजलाई वैज्ञानिक तवरले भण्डारण गरी बेमौसममा समेत बजारमा उपलब्धता गरार्य बजार मूल्य सन्तुलनमा राख्न सहयोग पुग्दछ । यसका लागि आवश्यकताका आधारमा विभिन्न स्थान चिस्यान केन्द्र, भण्डारण केन्द्र र डेरीहरु स्थापना गर्नु आवश्यक छ ।यस नगरपालिकामा हाल ४ नं वडाको नौबिसेमा १ वटा कोल्ड स्टोर तथा नगरपालिका केन्द्र नजिकै डि।डि।सी को दुग्ध संकलन केन्द्र रहेको छ ।



दुध चिस्यान केन्द्र, तीनपिप्ले, वडा-५



तरकारी तथा फलफुल चिस्यान केन्द्र, सातबिसे, वडा-४

*फोटोसंग्रहः २ चिस्यान केन्द्रहरु*

### ४.६.९ कृषि तथा पशुपालनसँग सम्बन्धित सामुदायिक, सहकारी फार्म वा संस्थाको विवरण

यस नगरपालिकामा कृषि तथा पशुपालनसँग सम्बन्धित सामुदायिक तथा सहकारी फार्महरुको विगत केहि वर्षदेखी उल्लेखनीय रुपमा स्थापित भएको देखिन्छ । शहरी स्थानमा यस्ता फार्महरुको स्थापना भएपनि ग्रामिण क्षेत्रमा भने आफ्नो प्रयोजनको लागि आफै उत्पादन गर्ने गरेको पाइन्छ । कृषि तथा पशुपालन व्यवसायबाट नगरपालिकामा प्रशस्त मुनाफा कमाउन सकिने सम्भावना यस नगरपालिकामा रहेको छ । यस नगरपालिकामा रहेका कृषि तथा पशु पालनसँग सम्बन्धित सामुदायीक, सहकारी फार्म वा संस्थाको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

*तालिका: २० कृषि सहकारी फार्म वा संस्थाको विवरण*

| क्र.सं. | नाम | स्थान | वार्ड नं. |
|---|---|---|---|
| १ | बोराङ कृषि सहकारी | बोराङ खोला | १ |
| २ | सञ्जीवनी  कृषि सहकारी | साइलिटार | १ |
| ३ | सुनौलो कृषि सहकारी | साइलिटार | १ |
| ४ | जनउन्नती कृषि सहकारी | बोराङ खोला | १ |
| ५ | कृषि जागरण कृषि सहकारी | सातबिसे | ४ |
| ६ | प्रगतिशिल जनजागृति कृषि सहकारी | तिनपिप्ले | ५ |
| ७ | धमिलिकुवा ग्रामीण कृषि सहकारी | नयाँ पौवा | ६ |
| ८ | मदरल्याण्ड कृषि सहकारी | ठुलो बगैंचा | ७ |
| ९ | उन्नति कृषि सहकारी | ठुलो बगैंचा | ७ |
| १० | मिलिजुलि कृषि सहकारी | ढाँड खोला | ८ |
| ११ | कृषि बिहानी कृषि सहकारी | मगरगाउँ | ९ |
| १२ | ग्रामीण विकास कृषि सहकारी | प्यारजुंग | १० |
| १३ | हिमचुली कृषि सहकारी(अलैंची उत्पादन) | प्यारजुंग | १० |

*स्रोत:राइनास नगरपालिकाको स्थलगत अध्ययन २०७८*

### ४.६.१० पशुपालन

नगरपालिकामा विशेषगरी गाई, भैंसी, बाखा, बुँगुर नै यहाँका मुख्य घरपालुवा जनावर हुन ।यसबाट नगरपालिकाबासीहरूको जीविकोपार्जनमा उल्लेख्य सुधार भैरहेको छ। पशुजन्य उत्पादनहरू जस्तै, दुध, दही,घ्यू तथा मासुका लागि कुखुरा, बंगुर, खसी, बोकाहरूको बिक्रीबाट आम्दानी बढेको देखिन्छ । यहाँ डेरी उद्योग, व्यापारिक फार्म, गाई, भैसी, कुखुरा फार्महरू लगायतका कृषिजन्य उद्योगहरू रहेका छन । त्यस्तै गरि भेटेनरी सेवा पनि नगरपालिकामा उपलब्ध रहेको छ । नगरपालिकाका माथिल्लो भेगहरुमा बाखापालन तथा तल्लो क्षेत्रम गाइभैंसीपालनको प्रशस्त सम्भावना देखिन्छ ।

### ४.६.११ पशु नश्ल

नगरपालिकामा पालन गरिने मुख्य पशुपंक्षीहरूमा गाई, भैंसी, बाखा, कुखुरा, हाँस आदि रहेका छन् । सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरू पाल्ने गरेको पाइन्छ । गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाखा र बंगुरतर्फ उन्नत जातका भालेहरूसँग प्रजनन गराउने परिपाटीको सुरुवात भएको हुँदा यी जातका जनावरहरूमा वर्णशंकरको संख्या बढ्दो छ । तथापि बँधुवा पशुपालन पद्धतिको कमी, कमजोर पशु स्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशुपालन सम्बन्धी प्राविधिक ज्ञान तथा चेतनाको अभावको कारण वर्ण शंकरबाट उत्पादनमा खासै उत्साह थपिएको अवस्था छैन । त्यसैगरी ठूलो संख्यामा रहेका कम उत्पादक जनावरहरूले अपेक्षाकृत बढी उत्पादक जनावरहरूको आहारा खाईदिने हुँदा सबै न्यून उत्पादक जनावरहरूलाई हटाएर उन्नत जातको जनावर किनेर पाल्दा उचित हुन्छ।तसर्थ नश्ल सुधारमार्फत नयाँ जन्मिएका जनावरका बच्चाहरू भविष्यको राम्रो माउमा विकसित गर्ने कुरा मध्यनजर गरी थप कार्यक्रमहरू संचालन गर्नु आवश्यक छ ।सारांशमा, विगतका वर्षहरूमा नगरपालिकाको पशुपालन क्षेत्रले क्रमश प्रगती गरेको छ जसले गर्दा पशुपंक्षीजन्य उत्पादनमा परिमाणात्मक विकास सम्भव भएको छ । तर हालको परिमाणात्मक विकासको गतिसुस्त छ । पशुपालन क्षेत्रमा क्रमिक रूपमा व्यवसायिकता थपिएको छ तर पशुपंक्षीजन्य उत्पादन प्रशोधनका लागि उद्योग स्थापना खासै हुन सकेको पाईंदैन । त्यसैगरी पशुपालनतर्फ

गुणात्मक विकासको खाँचो सर्वत्र महसुस गरिएको छ । पशुपालनसँग आवद्ध श्रमिक तथा महिला वर्गहरूको उत्पादकत्व अति न्यून हुनु, युवा वर्गहरू विदेश पलायन हुनु र सो अनुरूप पशुपालनमा यान्त्रिकिकरण हुन नसक्नु, पशु पालन क्षेत्रमा पूँजी लगानीको आकार धेरै सानो हुनु तथा जनमानसमा पशुपालनको कृषि अर्थतन्त्रमा योगदानको बारेमा अज्ञानता आदि कारणले गर्दा पशुपालन क्षेत्रबाट आशातीत उपलब्धि हासिल हुन सकिरहेको छैन ।

### ४.६.१२ नगरपालिकामा दुग्ध बजारीकरण

राइनास नगरपालिकामा पशुपालन एक प्रमुख व्यवसायको रूपमा पूर्णरुपमा विकास हुँदै गइरहेको पाइन्छ । हालसालै नगरकेन्द्र रहेको स्थानमा डिाडिासी को दुग्ध संकलन केन्द्र स्थापना हुनुले पानि यस क्षेत्रमा बजारको अभाव नरहेको पाइन्छ तर पनि स्थानिय जनताको भनाइअनुसार पशुपालक कृषकलाई चरनक्षेत्र तथा तालिमको अभावले गर्दा उद्येश्य अनुसार दुध संकलन हुन सकिरहेको छैन । जग्गा प्रशस्त हुनेले पशु नपाल्ने र आफ्नो जग्गा नहुनेले पशुपालन गरिरहेको हुँदा पशुपालक किसानलाई चरन क्षेत्रको अभाव रहेको पाइन्छ । त्यस्तै नगरपालिकाको केन्द्रमा दुग्ध संकलन केन्द्र भएतापनि टाढाको वडा तथा बस्तीहरुमा बजारको विस्तार हुन सकिरहेको छैन, केवल सोहीठाउँ नजिकका कृषकहरुमात्र लाभान्वित भइरहेको अवस्था छ ।

### ४.६.१३ पशुपंक्षी फार्महरूको विवरण

यस नगरपालिकामा विभिन्न पशुपंछी पालन कृषि फार्महरु रहेका छन् । पशुपंक्षी पालन व्यवसायले नगरपालिकाको तथा देशको नै आर्थिक विकास गर्ने भए पनि नगरपालिकामा व्यवसायिक कृषि फार्महरुको विकास हुन सकेको छैन।नेपाल एक कृषि प्रधान देश भएकोले कृषि व्यवसायमा विकासको धेरै सम्भावना रहेको छ। यस नगरपालिकामा भइका व्यवसायिक फर्महरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

*तालिका: २१ पशुपंक्षी फार्महरूको विवरण*

| क्र.सं. | फर्मको नाम | स्थान/वडा नं. | संलग्न कृषक | क्षेत्रफल |
|---|---|---|---|---|
| १ | गोट ल्यान्ड | पाँच भाइ चौतारा ,६ | १२ जना | १५ रोपनी |
| २ | महावौद्ध बाखा फर्म | माझहटिया,६ | १ | २ रोपनी |
| ३ | लक्ष्मी बाखा फर्म | नयाँ पौवा, ६ | १ | ३ रोपनी |
| ४ | साना किसान फर्म | मल्ल गाउँ,६ | १ | |
| ५ | स्याउली बाखा फर्म | स्याउली,६ | १ | |
| ६ | पुस्पाञ्जली बाखा फर्म | | | |
| ७ | कृष्ण बंगुर फर्म | | | |
| ८ | खहरे घले फिशरी | | | |
| ९ | पान्डे पोलट्री फार्म | | | |
| १० | जोशी पोलट्री फार्म | | | |
| ११ | श्रेष्ठ पोलट्री फार्म | | | |
| १२ | कुशल पोलट्री फार्म | | | |
| १३ | राम्रो व्यवसायिक गोट तथा पोल्ट्रि फार्म | | | |
| १४ | प्रमिला पोलट्री एन्ड फिशरी | | | |
| १५ | कामधेनु गाइ फार्म | | | |
| १६ | शितल गाइ फार्म | | | |
| १७ | कडेल बाखा फार्म | | | |
| १८ | दलित महिला बंगुर फार्म | | | |

| क्र.सं. | फर्मको नाम | स्थान/वडा नं. | संलग्न कृषक | क्षेत्रफल |
|---|---|---|---|---|
| १९ | एम.एल पोल्ट्री फार्म | | | |
| २० | च्युरिटार बाख्रा फार्म | | | |
| २१ | नमुना भैंसी फार्म | | | |
| २२ | पुर्ण बाख्रा फार्म | | | |

*स्रोत:राइनास नगरपालिकाको स्थलगत अध्ययन २०७८*

### ४.६.१४ पशु उपचार कार्यक्रम

नगरपालिकामा पशुपालनमा संलग्न किसानलाई प्रोत्साहन गर्न तथा विभिन्न संक्रामक रोगबाट पशुहरुलाई बचाउनको निमित्त नगरस्तरबाट नियमित रुपमा पशुउपचार कार्यक्रमहरु भइरहेका छनयस नगरपालिकामा बिगतको वर्षमा भएका पशुखोप तथा अन्य कार्यक्रमहरु तलको तालिकामा देखाइएको छ ।

*तालिका: २२ पशु उपचार कार्यक्रम*

| क्र.स | कार्यक्रमको बिवरण | पशुपन्क्षीको नाम | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | माइनर सर्जिकल सेवा | बंगुर | वोका | कुकुर | बिरालो | ९४ |
| | | ८० | १४ | - | - | |
| २ | गोवर परिक्षण | गाइ/गोरु /भैसि | भेडा/बाख्रा | | | २४२ |
| | | १८८ | ५४ | | | |
| ३ | रेविजखोप | कुकुर | बिरालो | बादर | | १०५ |
| | | ९६ | ६ | ३ | | |
| ४ | गाइनोक्लोजिकल उपचार | गाइ/भैसि,भेडा/बाख्रा,बंगुर/सुगर,कुखुरा | | | | ४३ |
| ५ | पशु बन्ध्याकरण | बहर | वोका | | | ४३२ |
| | | ७७ | ३५५ | | | |
| ६ | कृतिम गर्भाधान | गाई | भैसि | बाख्रा | | २४३ |
| | | ५९ | १८४ | - | | |
| ७ | मेडिकल उपचार सेवा | गाइ/भैसि,भेडा/बाख्रा,बंगुर/सुगर,कुखुरा | | | | १०८३ |

*स्रोत: राइनास नगरपालिका कृषि तथा पशुपन्छी शाखा २०७८*

### ४.६.१५ कृषि तथा पशु सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण

कृषि प्रबिधि बिस्तारको उद्देश्यलाई सहयोग गर्दै कृषकको कृषि प्राविधिक सम्मको पहुँचलाई सरल बनाउन राइनास नगरपालिकामा रहेका कृषि सेवा केन्द्रहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

*तालिका: २३ कृषि तथा पशु सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण*

| क्र.सं. | सेवा केन्द्र | वडा नं. | भवनको संख्या | भवनको अवस्था |
|---|---|---|---|---|
| १ | बोराङ कृषि समुह | १ | | |
| २ | सुनोलो कृषि समुह | १ | | |
| ३ | नगर कृषि केन्द्र | ५ | | |
| ४ | पशु सेवा केन्द्र | ५ | | |

*स्रोत:राइनास नगरपालिकाको स्थलगत अध्ययन २०७८*

### ४.६.१६ पशुपंक्षीको तथ्यांक विवरण

लमजुङ जिल्लाको वस्तुगत विवरण २०७४ अनुसार राइनास नगरपालिकामा पशुपंक्षीको तथ्यांक हेर्दा साबिकको धमिलिकुवा गाविसमा सबैभन्दा धेरै करिब ३५,७०० त्यसपछि साबिकको तार्कुघाटमा २१,६२१ र सबैभन्दा कम साबिकको भलायखर्कमा १०,९०८ वटा पशुपंक्षी रहेका छन्।समग्रमा यस नगरपालिकामा भएका पशुहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका: २४ पशुपंक्षीको तथ्यांक विवरण*

| पशुपंक्षीको किसिम | | वार्ड/साबिक गा.वि.स. | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | १ ,२ भलायखर्क | ३,४,५ चक्रतिर्थ | ६,७ धमिलिकुवा | ८ तार्कुघाट | ९ मोहोरीयाकोट | १० प्यार्जङ |
| | घरधुरीसंख्या | ५४९ | १२५३ | ११५४ | ७७२ | ५७१ | ४५२ |
| | जनसंख्या | २१९० | ५०११ | ४४२५ | २८९३ | २२६९ | १७३९ |
| गाइ/गोरु | उन्नत/बर्णशंकर | ६४ | २३ | ८५ | १९ | ४ | ० |
| | स्थानीय | ५३२ | ८१७ | ४५५ | ३३३ | ४५२ | ११२६ |
| भैसी/राँगो | उन्नत/बर्णशंकर | ३३४ | ४०३ | ४५२ | ११८ | ६७४ | १२४ |
| | स्थानीय | ५२१ | २२३ | ४७२ | ३७८ | १८६ | ९७२ |
| बोका/बाखा | उन्नत/बर्णशंकर | ९५० | १५४८ | २६७२ | ७८३ | ११६७ | ४३८ |
| | स्थानीय | २४७८ | ९४६ | २०५७ | १८६५ | १५६९ | २०७२ |
| भेडा/थुमा | उन्नत/बर्णशंकर | ० | ० | ० | ० | ० | ० |
| | स्थानीय | २२ | ० | ० | ० | ६७ | ९६ |
| वुंगुर/सँगुर | उन्नत/बर्णशंकर | ८१ | १२५ | १७३ | ६९ | १३४ | ५२ |
| | स्थानीय | ८० | ७६ | ५२ | २६ | २८ | २० |
| कुखुरा | स्थानीय | ५७२ | २५६१ | २१९५ | २६४० | ४७२५ | २३०० |
| | कमर्सियल लेयर्स | ३०० | ० | ० | १२००० | ० | ० |
| | कमर्सियल ब्रोइलर | १५०० | ५००० | २०००० | ६००० | ३००० | २६०० |
| | डुयल प्रपोज | ७३५ | ६३० | १५०० | ७२५ | १४६४ | ५१२ |
| हाँस | उन्नत/बर्णशंकर | ० | ३२ | ० | ० | ० | ० |
| | स्थानीय | ० | ० | ८ | ० | ० | ० |
| याक | याक | ० | ० | ० | ० | ० | ० |
| | झोपा | ० | ० | ० | ० | ० | ० |
| | दुधालु नाक | ० | ० | ० | ० | ० | ० |
| | दुधालु चौरी | ० | ० | ० | ० | ० | ० |
| खरायो | उन्नत/बर्णशंकर | ० | २२ | ० | ० | ० | ० |

| पशुपंक्षीको किसिम | | वार्ड/साविक गा.वि.स. | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | १ ,२ भलायखर्क | ३,४,५ चक्रतिर्थ | ६,७ धमिलिकुवा | ८ तार्कघुाट | ९ मोहोरीयाकोट | १० प्यार्जङ |
| | स्थानीय | ० | ० | ० | ० | ० | ० |
| घोडा/खच्चड | उन्नत/बर्णशंकर | ० | ० | ० | ० | ० | ० |
| | स्थानीय | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | १०९०८ | १८६७० | ३५७०० | २८६२१ | १६३१० | १२५०३ |

*स्रोत: लमजुङ जिल्ला वस्तुगत विवरण, २०७४*

## ४.७ पर्यटन विकास

एउटा विशिष्ट भौगोलिक संरचनाले श्रृजना गरेको हावापानी, जनजीवन, वन वनस्पति र वन्यजन्तु तथा साँस्कृतिक विविधताको कारण नेपाल विश्वमा नै एउटा पर्यटकीय गन्तब्य स्थलकोरुपमा परिचित छ । पर्यटन हाम्रो लागि प्रकृतिले प्रदान गरेको वरदान हो । अत्यन्त रमणीय विश्वकै उच्च हिमश्रृंखलाहरु, अनवरत बग्ने कञ्चन हिमनदीहरु, झरना, तालतलैया, प्राकृतिक गुफा, विविधतायुक्त वन जंगल यहाँको प्राकृतिक निधिहरु हुन भने यहाँको संस्कृति, जाति तथा रहनसहन समेत पर्यटनका आकर्षक पक्षहरु हुन् । यी सम्पुर्ण पर्यटकीय सम्पतिको पूर्ण सदुपयोग गरेमा देशको आर्थिक सम्वृद्धिमा उल्लेखनीय योगदान पुर्याई देशको अर्थतन्त्रलाई सबल बनाउन सकिने निश्चित छ । तसर्थ पर्यटन नीति, २०६५ ले मुलभूतरुपमा पर्यटन मार्फत स्वरोजगार श्रृजना, गरिबी निवारण, मूर्त तथा अमूर्त सम्पदाको खोज अनुसन्धान, हवाई तथा स्थलमार्गको थप विकास र विस्तार गर्ने र पर्यटन पूर्वाधारलाई दिगो विकासको अवधारणा अनुरुप अगाडि बढाउने उद्देश्य लिएको छ ।

### ४.७.१ होटल रिसोर्ट तथा रेस्टुरेन्ट सम्बन्धि विवरण

नगरपालिकाको आन्तरिक आर्थिक कृयाकलाप वृद्धि गरी पर्यटकको बन्दोबस्ती र व्यवस्थापन गर्न स्थानिय होटल तथा रिसोर्टहरुको महत्वपूर्ण भूमिका हुन्छ । होटल व्यवसायलाई पूर्ण रुपमा व्यवसायीक बनाउन स्थानिय स्तरमा नै संचालकहरुलाई अतिथिसत्कार (Hospitality) परिकार तथा अन्य सेवासम्बन्धी तालिमको व्यवस्था गर्न सके पर्यटन तथा आर्थिक विकासमा टेवा पुग्दछ ।यहाँ बजार क्षेत्रमा स्थानीय जनता तथा गाउँ बस्तिका मानिसलाई लक्षित गरेर साना सान खाजा घरहरु खुल्ने क्रम बढ्दो छ भने माथिल्लो भेग अर्थात राइनासकोट तथा मोहोरियाकोटमा बिदेशी तथा आन्तरिक पर्यटकलाई लक्षित गरेर होमस्टे हाल २-३ वटा होमस्टेहरु सञ्चालनमा आइरहेका छन् ।

### ४.७.२ धार्मिक ,ऐतिहासिक तथा पर्यटकिय स्थल सम्बन्धि विवरण

एउटा विशिष्ट भौगोलिक संरचनाले श्रृजना गरेको हावापानी, जनजीवन, वन वनस्पति र वन्यजन्तु तथासाँस्कृतिक विविधताको कारण नेपाल विश्वमा नै एउटा पर्यटकीय गन्तब्य स्थलकोरुपमा परिचित छ । पर्यटन हाम्रो लागि प्रकृतिले प्रदान गरेको बरदान हो । अत्यन्त रमणीय विश्वकै उच्च हिमश्रृंखलाहरु, अनवरत बग्ने कञ्चन हिम नदीहरु, झर्ना, तालतलैया, प्राकृतिक गुफा, विविधतायुक्त वन जंगल यहाँको प्राकृतिक निधिहरु हुने यहाँको संस्कृति, जाति तथा रहनसहन समेत पर्यटनका आकर्षक पक्षहरु हुन् । यी सम्पुर्ण पर्यटकीय सम्पतिको पूर्ण सदुपयोग गरेमा देशको आर्थिक सम्वृद्धिमा उल्लेखनीय योगदान पुर्याई देशको अर्थतन्त्रलाई सबल बनाउनसकिने निश्चित छ । तसर्थ पर्यटन नीति २०६५ ले मुलभूतरुपमा पर्यटन मार्फत स्वरोजगार श्रृजना, गरिबी निवारण, मूर्त तथा अमूर्त सम्पदाको खोज अनुसन्धान, हवाई तथा स्थलमार्गको थप विकास र विस्तार गर्ने र पर्यटन पुर्वाधारलाई दिगो विकासको अवधारणा अनुरुप अगाडि बढाउने उद्देश्य लिएको छ ।

### ४.७.३ प्रमुख पर्यटकीय स्थलहरु

ऐतिहासिक राईनासकोट, लिगलिगकोट यो क्षेत्रको गहनानै मान्नुपर्दछ । नेपालका बाइसेचौबिसे राज्यकालमा तत्कालीन राजकुमार द्रब्य शाह बसेको राइनासकोट पुग्न लमजुङ प्रवेशद्वार पाउँदीबाट १३ किलोमिटर हुँदै दूघपोखरी मार्ग र त्यहाँबाट झण्डै २० मिनेटको सिँढी उक्लनुपर्छ । नेपाल एकीकरणका सम्मानित पुरुष बीर भक्ति थापाको जन्मस्थल मोहोरियाकोट पनि ऐतिहासिक हिसाबले महत्वपूर्ण मानिन्छ । पदयात्रा, दृस्यावलोकन, ग्रामिण तथा सांस्कृतिक पर्यटन, कृषि पर्यटन, धार्मिक पर्यटनको लागि यो क्षेत्रले प्रचुर सम्भावना बोकेको छ । यसैगरी राईनासकोटबाट चेपेनदीको बगरसम्म प्याराग्लाइडिङ, रक क्लाइमीङ साथै साहसिक पर्यटनको लागि पनि उपयुक्त भूभागहरु पर्दछन । काठमान्डौ, पोखरा र लुम्बिनीबाट समदुरीमा पर्ने यो ऐतिहासिक क्षेत्र जातीय र सांस्कृतिक सहिष्सुणताको हिसाबले पनि उदाहरणीय नै मान्नु पर्दछ । होमस्टे र दृस्यावलोकन एकैसाथ गर्न सकिने राईनास गाउँ, बोहोरा गाउँ जस्तै जातीय सांस्कृतिक पहिचान सहितका प्रसस्तै गाउँहरु यो नगरपालिका भित्र पर्दछन । चेपे र मर्स्यांदी नदिका किनारहरुलाई जल मनोरन्जनको दृष्टिले विकास गर्ने र समग्रमा यो क्षेत्रलाई रास्ट्रिय स्तरका पदमार्गहरुसंग जोडी पर्यटनको दिर्घकालिन विकाश गर्न सकिन्छ । यस नगरपालिकामा रहेका प्रमुख धार्मिक तथा पर्यटकिय स्थलहरुको विवरण निम्नानुसार रहेका छन् ।

*तालिका: २५ प्रमुख पर्यटकीय स्थलहरु*

| क.सं. | नाम | स्थान/ वडा | अवसर |
|---|---|---|---|
| १ | कालिका मन्दिर | २ | धार्मिक पर्यटन |
| २ | गिद्धे पहरा(झाक्री पहरा) रक क्लाइम्बिङ | २ | साहसिक पर्यटन |
| ३ | मण्डलि थान | | |
| ४ | भलायखर्क, देउराली गढि | | वातावरणीय पर्यटन |
| ५ | झाक्री थान | ३ | धार्मिक पर्यटन |
| ६ | चक्रातीर्थ धाम | ४ | धार्मिक पर्यटन |
| ७ | बोहोरागाउँ प्याराग्लाइडिङ | ५ | साहसिक पर्यटन |
| ८ | राइनास मल्टी एग्रो फार्म | ५ | कृषि पर्यटन |
| ९ | शिवालय मन्दिर नयाँ पौवा | ६ | |
| १० | धमिलिकुवा | ६ | |
| ११ | धुन्डु गुफा | ६ | |
| १२ | चेपेघाट | ७ | |
| १३ | तार्कुघाट(राइनासकोट गौंडा | ८ | |
| १४ | फुलबारी(राइनासकोट | | पदमार्ग |
| १५ | माझगाउँ-बगुवा-बहरे-ठुलो पोखरी-बिरभक्तिपार्क-सिद्धमन्दिर-राइनासकोट पदमार्ग-राइनासकोट होमस्टे(सिद्धबाबा मन्दिर, राइनासकोट कोटेश्वर महादेव, कालिका मन्दिर) | ९ | पर्यटक पदमार्ग तथा होमस्टे |
| १६ | जोगि गुफा | १० | ऐतिहासकि तथा वातावरणीय पर्यटन |
| १७ | गोरखा कालिका | १० | धार्मिक पर्यटन |

*स्रोत:राइनास नगरपालिकाको स्थलगत अध्ययन २०७८*



बौद्ध स्तुपा, वडा-२



चक्रतिर्थ मन्दिर, वडा-५



वडा-६



शिव र गणेश मन्दिर, बगैचा, वडा-७



वडा-६



राइनास कोट मन्दिर, वडा-९

|  |  |
|---|---|
| ऐतिहासिक राइनासकोट किल्ला, वडा-९ | महाशिवरात्री मेला, राइनासकोट, वडा-९ |

*फोटोसंग्रह: ३ धार्मिक तथा पर्यटकिय स्थलहरु*

### ४.७.४ पर्यटकिय पूर्वाधारहरुको विवरण

| ३१ | श्री गौतम प्रा.बि | रा.न.पा | | | | | |

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | निरन्तर विद्याथी मुल्याङकन प्रणाली प्रयोगमा छ ? | पाठ योजना निर्माण र कार्यन्वयन भएको छ ? | छात्रावृत्तिको सूचना प्रकाशन गर्ने गरेको छ ? | छात्रवृत्ति वितरण पश्चात नामावली प्रकाशन गर्ने गरेको छ ? | विद्यालय आचार संहिता लागु भएको छ ? |
|---|---|---|---|---|---|---|---|
| | | १० | | | | | |
| ३२ | श्री सिद्धार्थ प्रा.बि | रा.न.पा १० | छ | सामान्य | छ | छ | छ |
| ३३ | श्री महेन्द्र प्रा.बि | रा.न.पा १० | | | | | |
| ३४ | श्री मनकामना प्रा.बि | रा.न.पा ४ | छैन | छैन | छ | छ | छैन |
| ३५ | श्री महेन्द्र ज्योति प्रा.बि | रा.न.पा ६ | | | | | |
| ३६ | श्री सन्त प्रा.बि | रा.न.पा ८ | | | | | |

## ५.२ स्वास्थ्य तथा पोषण

नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट प्राप्त हुने आधारभूत स्वास्थ्य सेवा निशूल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबैको समान पहुँच रहने कुरालाई मौलिक हकको रुपमै प्रत्याभूत गरेको छ । राजनितिक रूपमा १० वडाहरूमा विभाजित यस नगरपालिकाका धेरैजसो जनताले आवश्यकता अनुसार स्वास्थ्य सुविधा लिन सकेका छैननगरका केन्द्र क्षेत्रका जनताहरूको पहुँच सहज देखिएता पनि बाँकी जनताको पहुँच केवल स्वास्थ्य चौकीसम्म रहेको छ जहाँ सबै स्वास्थ्य समस्याको समाधान संभव छैन । हेल्थपोष्टहरूमा पर्याप्त स्वास्थ्यकमी, स्वास्थ्य उपकरण, सामाग्री र औषधीको उपलब्धता नहुँदा समस्या झेल्नुपर्ने बाध्यता छ ।नगरपालिकामा विभिन्न वडाहरूमा स्वास्थ्य चौकी रहेका छन् तर आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दीअनुसार स्वास्थ्यकमीहरू छैनन्। ग्रामीणस्तरमा उपचारात्मक स्वास्थ्य स्थिति कमजोर रहेको छ । यस नगरपालिकामा रहेको स्वास्थ्य संस्थाहरूको विवरण निम्नअनुसार छ ।

*तालिका: ४५ स्वास्थ्य संस्थाहरुको विवरण*

| क्र.सं. | स्वास्थ्य सेवा | संख्या |
|---|---|---|
| १ | एम्बुलेन्स संख्या | ६ |
| २ | अस्पताल संख्या | १ |
| ३ | प्राथमिक स्वास्थ्य केन्द्र संख्या | |
| ४ | स्वास्थ्य चौकी संख्या | ६ |
| ५ | आधारभूत स्वास्थ्य सेवा केन्द्र | ४ |
| ६ | सामुदायिक/शहरी स्वास्थ्य इकाइ संख्या | |
| ७ | बर्थिङ सेन्टर संख्या | ३ |
| ८ | आकस्मिक प्रसुति केन्द्र | |
| ९ | किशोर किशोरी मैत्री स्वास्थ्य संस्था | २ |
| १० | खोप क्लिनिक संख्या | २० |

| क्र.सं. | स्वास्थ्य सेवा | संख्या |
|---|---|---|
| ११ | गाउँघर क्लिनिक संख्या | १५ |
| १२ | महिला सामुदायिक स्वास्थय स्वयंसेविका संख्या | ६६ |
| १३ | क्षयरोग डट्स सेण्टर संख्या | १० |
| १४ | माइक्रोस्कोपी केन्द्र संख्या | १ |
| १५ | प्रयोगशाला संख्या | १ |

*स्रोत:नगरपालिकाको स्वास्थ्य शाखाको प्रतिवेदन २०७७*




*नक्सा: ११ स्वास्थ्य संस्थाहरुको विवरण*

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षण अनुसार करिब आधा जति जनसंख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्रले यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ। यस क्षेत्रमा आपतकालिन प्रसुती सेवा (Emergency Obstetrics Care) को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर (Maternal

Mortality) को सबैभन्दा प्रमुख कारण बनेको छ। समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको (Symptoms) गम्भीरता सम्बन्धि बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical Systems) माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि यात्रा गरिरहनुपर्ने दुरी सम्बन्धी कुराहरू, सेवाको लागत, परम्परागत विश्वास, गरिबी न्यून गर्ने सामाजिक, आर्थिक अवस्था जस्ता विविध प्रकारका तत्वहरूको कारणले गर्दा आपतकालीन सेवामा कमी आउने गरेको देखिएकोछ। नगरपालिकाको विभिन्न वडाहरूमा स्वास्थ्य चौकी रहेको देखिन्छ। स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रूपमा रहेको देखिन्छ ।टाढाका बस्तिहारुमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरैसमय खर्चिनु पर्ने बाध्यता छ ।


मोहोरियाकोट स्वास्थ्य चौकी, वडा-९


सातबिसे स्वास्थ्य चौकी, वडा-४



लामागाउँ स्वास्थ्य चौकी, वडा-१०


स्वास्थ्य चौकी, बगैचा,वडा-७

*फोटोसंग्रह: ६ स्वास्थ्य संस्थाहरु*

## ५.२.१ स्वास्थ्य संस्थाको भौतिक पूर्वाधारको अवस्था

स्वास्थ्य संस्थाको भौतिक पूर्वाधारको अवस्था तलको तालिकामा देखाइएको छ ।

*तालिका: ४६ स्वास्थ्य संस्थाको भौतिक पूर्वाधारको अवस्था*

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | आफ्नै जग्गा भएका स्वास्थ्य संस्था संख्या | ८ |
| २ | आफ्नै भवन भएका स्वास्थ्य संस्था संख्या | ७ |
| ३ | मापदण्ड अनुसारका भवन भएका स्वास्थ्य संस्था संख्या | ७ |

| क.सं. | विवरण | संख्या |
|---|---|---|
| ४ | सेवाग्राही र सेवा प्रदायकको लागि छुट्टै शौचालय भएका स्वास्थ्य संस्था संख्या | ५ |
| ५ | खानेपानीको नियमित उपलब्धता भएका स्वास्थ्य संस्था संख्या | ३ |
| ६ | बिद्युतको उपलब्धता भएका स्वास्थ्य संस्था संख्या | १० |
| ७ | सोलार ब्याकअप जडान भएका स्वास्थ्य संस्था संख्या | ० |
| ८ | कम्प्युटर वा ल्यापटप भएका स्वास्थ्य संस्था | १० |
| ९ | इण्टरनेट सुविधा भएका स्वास्थ्य संस्था संख्या | १० |
| १० | स्थानीय तहमा संचालनमा रहेका एम्बुलेन्स संख्या | ६ |
| ११ | प्लासेण्टा पीट भएका स्वास्थ्य संस्था संख्या | ३ |
| १२ | कर्मचारी आवास भएका स्वास्थ्य संस्था संख्या | ३ |
| १३ | मोटरबाटो पुगेका स्वास्थ्य संस्था संख्या | १० |

*स्रोत:नगरपालिकाको स्वास्थ्य शाखाको प्रतिवेदन २०७७*

### ५.२.२ स्वास्थ्य सुविधाको आधारमा सेवा केन्द्रहरु

*तालिका: ४७ स्वास्थ्य सुविधाको आधारमा सेवा केन्द्रहरु*

| क.सं. | स्वास्थ्य सुविधा | आयुसिडी | इमप्लान्ट | बर्थिङ सेन्टर | पिएमटीसीटी | टिबी | सासमा(SASMA) |
|---|---|---|---|---|---|---|---|
| १ | प्याराजुङग स्वास्थ्य चौकी | | | | √ | | |
| २ | मोहोरियाकोट स्वास्थ्य चौकी | | | | √ | | |
| ३ | तार्कुघाट स्वास्थ्य चौकी | √ | √ | √ | √ | | |
| ४ | धमिलिकुवा स्वास्थ्य चौकी | √ | √ | √ | √ | √ | √ |
| ५ | चक्रतिर्थ स्वास्थ्य चौकी | √ | √ | √ | √ | | √ |
| ६ | भलायखर्क स्वास्थ्य चौकी | | | | √ | | |
| ७ | भंगेरी स्वास्थ्य केन्द्र | | | | √ | | |
| ८ | जेठाक स्वास्थ्य केन्द्र | | | | √ | | |
| ९ | तिनपिप्ले स्वास्थ्य केन्द्र | | | | √ | | |
| १० | गरमबेशी स्वास्थ्य केन्द्र | | | | √ | | |
| जम्मा | | १ | ३ | ३ | १० | १ | २ |

*स्रोत:नगरपालिकाको स्वास्थ्य शाखाको प्रतिवेदन २०७७*

### ५.२.३ वडा अनुसार स्वास्थ्य संस्थाहरुको विवरण

वडा अनुसार स्वास्थ्य संस्थाहरुको विवरण तलको तालिकामा देखाइएको छ।

*तालिका: ४८ वडा अनुसार स्वास्थ्य संस्थाहरुको विवरण*

| क.सं. | वडा नं. | स्वास्थ्य संस्थाको नाम |
|---|---|---|
| १ | १ | भंगेरी स्वास्थ्य केन्द्र |
| २ | २ | भलायखर्क स्वास्थ्य चौकी |
| ३ | ३ | जेठाक स्वास्थ्य केन्द्र |

| क.सं. | वडा नं. | स्वास्थ्य संस्थाको नाम |
|---|---|---|
| ४ | ४ | चक्रतीर्थ स्वास्थ्य चौकी |
| ५ | ५ | तिनपपिप्ले स्वास्थ्य केन्द्र |
| ६ | ६ | धमिलिकुवा स्वास्थ्य चौकी |
| ७ | ७ | गरमबेशी स्वास्थ्य केन्द्र |
| ८ | ८ | तार्कुघाट स्वास्थ्य चौकी |
| ९ | ९ | मोहोरियाकोट स्वास्थ्य चौकी |
| १० | १० | प्याराजुंग स्वास्थ्य चौकी |

*स्रोत:नगरपालिकाको स्वास्थ्य शाखाको प्रतिवेदन २०७७*

## ५.२.४ गाउँघर क्लिनीक र नियमित खोप

खोप तथा मासिक क्लिनिकहरू सञ्चालन गर्नको लागि हरेक नगरपालिकाले विभिन्न स्थानहरूको पहिचान गर्दछ। नगरपालिकाको विभिन्न स्थानमा गाउँघर क्लिनिक कार्यक्रम संचालन भएको पाइएको छ । यी स्थानहरूमा आश्विन महिना बाहेक क्लिनिकहरूलाई नियमित रूपमा सञ्चालन गरिएको देखिन्छ । शारिरिक बृद्धिको लेखाजोखा जस्ता अन्य सेवाहरू स्वास्थ्यचौकीको तहमा मात्र उपलब्ध गराइन्छ। नगरपालिकामा नियमित खोप कार्यक्रम नियमित रूपमा नै चालु रहेको छ तथा यसले ढाक्ने लक्षित वर्ग पनि बढ्दो क्रममा पाइएको छ। ६ किसिमका विभिन्न प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जम्नेको १ वर्षभित्र ११ वटा खोप पुरा लगाइसक्नुपर्दछ। यस नगरपालिकामा भएको गाउँघर क्लिनिकको विवरण तलको तालिकामा देखाइएको छ ।

*तालिका: ४९ गाउघर क्लिनीक र नियमित खोपको विवरण*

| क्र.सं. | स्वास्थ्य संस्था | गाउँघर क्लिनिक | स्वास्थ्य सस्थाबाट पैदल दुरी (घण्टामा) |
|---|---|---|---|
| १ | प्यार्जुंग हे पो | कत्रेनी | ४५ मि. |
| | | शिशु स्याहार (प्यार्जुंग) | ४५ मि. |
| | | कोके गाउँ | ४५ मि. |
| २ | मोहोरियाकोट हे पो | बगुवा | १ घण्टा |
| | | साततले | ४५ मि. |
| | | कुवापानी | ४५ मि. |
| ३ | तार्कुघाट हे पो | माझीगाउँ | ४५ मि. |
| | | गाइने गाउँ | १ घण्टा |
| ४ | धमिलिकुवा हे पो | लुपुगाऊ | १ घण्टा |
| ५ | चक्रतीर्थ हे पो | बोहोरा गाउँ | १ घण्टा |
| ६ | आ.स्वा.के .जेठाक | ढाडखर्क | १ घण्टा |
| ७ | भलायखर्क हे पो | कटकटे | ४५ मि. |
| | | पंथे डाडा | ४५ मि. |
| ८ | आ.स्वा.के .भंगेरी | साहिली टार | १ घण्टा |
| | | बोरांग खोला | १ घण्टा |

*स्रोत:नगरपालिकाको स्वास्थ्य शाखाको प्रतिवेदन २०७७*

### ५.२.५ मानव संशाधानको अवस्था

यस नगरपालिकामा रहेका स्वास्थ्यकमीको विवरण निम्न बमोजिम रहेको छ ।

*तालिका: ५० मानव संशाधानको अवस्था*

| क्र.सं. | पद | विवरण स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | करार |
|---|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | | | | |
| २ | जनस्वास्थ्य अधिकृत | १ | १ | | |
| ३ | अधिकृत छैटौ (हे.इ) | ७ | ३ | ४ | |
| ४ | नर्सिङ (अधिकृत छैठौं) | २ | १ | १ | १ |
| ५ | स्टाफ नर्स | | | | |
| ६ | सहायक पाचौ (हे.इ) | ६ | ५ | १ | १ |
| ७ | सहायक पाचौ (क.न.) | ६ | ६ | | |
| ८ | सहायक चौथो (हे.इ) | ६ | ३ | ३ | ३ |
| ९ | सहायक चौथो (क.न.) | ६ | ५ | १ | १ |

*स्रोत:नगरपालिकाको स्वास्थ्य शाखाको प्रतिवेदन २०७७*

### ५.२.६ सुरक्षित मातृत्वको अवस्थाको विवरण

बालबालिकालाई गर्भमा रहँदादेखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलतः आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ।कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानि नोक्सानी पुग्ने भएकाले सरकारले कानूनी रूपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिएको छ। तर नेपालमा १७ प्रतिशत किशोरीहरू (१५ देखि १९ वर्ष उमेरका) गर्भवती भएका वा आमा भइसकेका हुन्छन् ( नेपाल जनसांख्यिक तथा स्वास्थ्यसर्वेक्षण-२०११) सरकारले स्वास्थ्य सेवा विभाग मार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ।यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरै मद्दत पुऱ्याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन। ग्रामीण भेगहरूमा समयमानै गर्भवती महिला स्वास्थ्यचौकी नपुग्दा र स्वास्थ्यकमी पर्याप्त नहुँदा कति शिशुहरू को मृत्यु हुने गरेको कुरा हामी सामु सर्ववितित नै छ।

*तालिका: ५१ सुरक्षित मातृत्वको अवस्थाको विवरण*

| क्र.सं. | विवरण | ०७६/७६ | ०७६/७७ | ०७७/७८ |
|---|---|---|---|---|
| १ | पहिलो पटक गर्भवति जाँच सेवा लिनेको प्रतिशत | ५७ | ६४ | ५९ |
| २ | प्रोटोकल अनुसार ४ पटक गर्भवति जाँच सेवा लिनेको प्रतिशत | ४० | ३८ | ३७ |
| ३ | % of pregnant women received 180 day IFA tablets during pregnancy | ४० | ५३ | ३७ |
| ४ | स्वास्थ्य संस्थामा प्रसुति भएको प्रतिशत | १५ | १५ | १२ |
| ५ | दक्ष प्रसुतिकर्मीबाट डाक्टर), नर्स, तालिम प्राप्त अ(.मी.न. प्रसुति गराएको | १५ | १५ | १२ |

| क्र.सं. | विवरण | ०७६/७६ | ०७६/७७ | ०७७/७८ |
|---|---|---|---|---|
| | जम्मा प्रतिशत | | | |
| ६ | % of vacuum, forceps, ans C/S deliveries among total delivery (Health Facility) | ० | ० | २ |
| ७ | प्रोटोकल अनुसार ३ पटक सुत्केरी जाँच गरेको प्रतिशत | १३ | ७ | ९ |
| ८ | % of postpartum mothers who received Vitamin A supplements among expected live birth | १५ | १५ | १४ |

*स्रोतःनगरपालिकाको स्वास्थ्य शाखाको प्रतिवेदन २०७७*

### ५.२.७ महिला स्वास्थ्य स्वयंसेवीकाहरू

सन १९९० देखि जनसंख्याको आधारमा महिला स्वास्थ्य स्वयंसेवीकाहरू छनौट गर्ने प्रावधानअनुसार यस राइनास नगरपालिकामा यस नगरपालिकामा पनि स्वयमसेविकाद्धारा सेवा पुर्याउँदै आइरहेका छन । नेपाल सरकारको राष्ट्रिय स्वास्थ्यनीति अनुसार सन् २००० को प्रारम्भमा नै छनौट भएका महिला स्वास्थ्य स्वंयसेविकाहरूले नगरपालिका तथा नगरपालिकास्वास्थ्य चौकीहरूमा उपचारात्मक, प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन् ।

*तालिका: ५२ महिला स्वास्थ्य स्वयंसेवीकाहरूका सेवाहरु*

| क्र.सं. | सेवा | २०७५/०७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|---|
| १ | No. of Pregnant Women Visited | ८४६ | ७९७ | ६१४ |
| २ | Total Live Birth (Home Delivery) | २ | ९ | ४ |
| ३ | Pills Cycles Distributed | ५५२ | ४०४ | ४८२ |
| ४ | Condom Pieces Distributed | ४२९७ | ५४६९ | ५४२५ |
| ५ | Maternal Death | ० | ० | ० |
| ६ | Neonatal Death | ० | १ | ० |

### ५.२.८ परिवार नियोजन सम्बन्धि विवरण

परिवार नियोजनबाट हुने फाइदाका बारेमा बिभिन्न संघसंस्थाहरुबाट गरिएको अध्ययन अनुसन्धानबाट आमा, बच्चा र नवजात शिशुको स्वास्थ्य सुधार गर्न उल्लेखनिय भूमिका खेल्ने कुरा प्रमाणित भएको छ । साथै यसले लैङ्गिकसमानता,महिलाको शिक्षा र वृति विकास गर्नको लागि सहयोगपुर्याउँछ। त्यसकारण गुणस्तरीय परिवार नियोजन सेवा प्रदान गर्ने उद्देश्यले सन् १९९१ देखि प्रजनन स्वास्थ्य कार्यक्रम र परिवार नियोजन कार्यक्रम लाई विस्तार गरी अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, गाउँघर क्लिनिक र घुम्ती शिविरहरु महिला स्वास्थ्य स्वयंसेवीकाद्धारा सेवा पुयाउँदै आएको छ । परिवार नियोजन सम्बन्धी अस्थायी विधिहरु प्रयोगकर्ताको संख्या तालिकामा उल्लेख गरिएको छ ।

*तालिका: ५३ परिवार नियोजन सम्बन्धि विवरण*

| विवरण | | ०७५/०७६ | ०७६/०७७ | ०७७/०७८ |
|---|---|---|---|---|
| नयाँ प्रयोगकर्ता संख्या | पिल्स | ८ | ७ | १० |
| | डिपो | १४ | ११ | १८ |
| | आई.डी.सी.यु. | ७ | ३ | ६ |
| | ईम्प्लान्ट | २१ | १९ | ४१ |
| हाल प्रयोग गरिरहेको संख्या | पिल्स | ६८ | ७३ | ६४ |

| विवरण | | ०७५/०७६ | ०७६/०७७ | ०७७/०७८ |
|---|---|---|---|---|
| | डिपो | १४३ | १०० | १७४ |
| | आई.डी.सी.यु. | ५३ | ८३ | ५५ |
| | ईम्प्लान्ट | १५८ | १२४ | १७९ |
| | कन्डम | २०२ | २४७ | २४१ |

*स्रोत:नगरपालिकाको स्वास्थ्य शाखाको प्रतिवेदन २०७७*

### ५.२.९ विपन्न नागरिक उपचार सहायता सिफारिस

यस नगरपालिकाबाट बिगतका वर्षमा देहायबमोजिमको विपन्न नागरिक उपचार सहायता सिफारिस गरिएको छ ।

*तालिका: ५४ विपन्न नागरिक उपचार सहायता सिफारिस*

| क्र. सं. | रोग | सिफारिस संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| १ | क्यान्सर | ८ | ४ | १२ |
| २ | मुटुरोग | ३ | २ | ५ |
| ३ | मृगौला रोग | २ | ४ | ६ |
| ४ | हेड इन्जुरी | १ | ० | १ |
| | जम्मा | १४ | १० | २४ |

*स्रोत:नगरपालिकाको स्वास्थ्य शाखाको प्रतिवेदन २०७७*

### ५.२.१० खोपको विवरण

बालबालिका भविष्यका निर्माता हुन् । तसर्थ यसको लागि यिनीहरू स्वस्थ र निरोगी हुनु आवश्यक छ । शिशु र बाल्य अवस्थामा उनीहरूलाई बी।सी।जी। एक पटक, डि।पि।टी। तीन पटक, दादुरा एक पटक, पोलियोर भिटामिन तोकिएको मात्रामा दिनै पर्दछ । बालबालिकाहरूको लागि पाँचओटै खोपहरू नियमित पुरा मात्रामा दिनु पर्दछ । नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रूपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्यरूपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुर्याएको पाइन्छ। जसले गर्दासहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.जी.डी.-४) प्राप्त गर्न सहयोग पुगेको छ। बालबालिकाले बाल्य अवस्थामा लगाएको खोपले बालबालिकाको स्वास्थ्य निर्धारण गर्दछ । बालक स्वस्थरहन बाल्य अवस्थामा लगाउनुपर्ने खोपहरू सबै पुरा गर्नु पर्छ । खोप कार्यक्रम प्रभावकारी भएको खण्डमाबाल अवस्थामा जोखिम हुने रोगहरू बाट बच्नुको साथै बाल मृत्युदर पनि कम हुन्छ । यस राइनास नगरपालिकामा बालबालिकामा लगाईएको खोपको विवरण निम्न अनुसार रहेको छ ।

*तालिका: ५५ खोपको विवरण*

| क्र.सं. | खोपको नाम | ०७५/७६ | ०७६/७७ | ०७७/७८ |
|---|---|---|---|---|
| १ | BCG | ४२ | ४४ | ३७ |
| २ | Penta3 | ६७ | ५९ | ६२ |
| ३ | PCV3(Polio) | ६१ | ५९ | ६५ |
| ४ | FIPV2 | ५९ | ६५ | ६२ |
| ५ | MR1 | ६१ | ५९ | ६५ |

| क्र.सं. | खोपको नाम | ०७५/७६ | ०७६/७७ | ०७७/७८ |
|---|---|---|---|---|
| ६ | MR2 | ७४ | ६९ | ७१ |
| ७ | JE(Japanese encephlytis) | ७० | ६७ | ७१ |
| ८ | Td2 & Td2+ | ४२ | ४४ | ४१ |

*स्रोत:नगरपालिकाको स्वास्थ्य शाखाको प्रतिवेदन २०७७*

### ५.२.११ अपांगताका आधारमा जनसंख्या

खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समस्याका कारण उत्पन्न रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्। जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस१२ गते नेपालले अपाङ्गता भएका व्यत्तिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धी, २००६ लाइ अनुमोदन गरेको छ।

अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्यूनदृष्टियुक्त, स्वर बोलाई सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टि विहिनता, मानसिक अपाङ्गता, बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग (पहेंलो रङको परिचयपत्र) र तह घ ( सेतो रङको परिचयपत्र) गरी चारतहमा विभक्त गरी परिचयपत्र वितरण गर्नेकार्य सुरु गरिएको छ।हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्नस्थानीय स्रोत साधन र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ। यस नगरपालिकामा तथ्याङ्कअनुसार अपाङ्ग भएका व्यक्तिहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

*तालिका: ५६ अपांगताका आधारमा जनसंख्या*

| क्र.सं. | अपाङ्गता | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | केहीछैन | ७७५५ | १०१८५ | १७९४० | ९६.८३ |
| २ | शारिरिकअपाङ्ग | ११८ | ७३ | १९१ | १.०३ |
| ३ | दृष्टिविहिनकमदेख्ने | ३२ | ३२ | ६४ | ०.३५ |
| ४ | दृष्टिविहिनबहिरा | ६५ | ४० | १०५ | ०.५७ |
| ५ | बहिरा | ४ | ६ | १० | ०.०५ |
| ६ | बोल्ननसक्ने | ६५ | ४१ | १०६ | ०.५७ |
| ७ | सुस्तमनस्थिति | २० | १३ | ३३ | ०.१८ |
| ८ | बौद्धिकअक्षमता | १२ | १० | २२ | ०.१२ |
| ९ | विभिदअसक्षमता | २८ | २८ | ५६ | ०.३० |
| जम्मा | | ८०९९ | १०४२८ | १८५२७ | १००.०० |

*स्रोत: केन्द्रीय तथ्यांक विभाग २०६८*

### ५.२.१२ महिला सम्बन्धि विवरण

कुल जनसङ्ख्याको आधा हिस्सा भन्दा बढी ओगटेका महिलाहरु अझै पनि देश विकासको मुल प्रवाहमा उल्लेखनीयरुपमा आउन सकेका छैनन् । महिला सहभागिता,सशक्तिकरण तथा विभिन्न कार्यक्रमहरु पछिल्लोसमयमा हुँदै आए पनि समान सहभागिता र लैङ्गिक समता भने कायम हुन सकेको देखिँदैन । यसको कारणसमाजमा व्याप्त असमान शक्ति सम्बन्घ, पितृसत्तात्मक सोच तथा सामाजिक संरचना आदी रहेका छन् जसको फलस्वरुप महिलाहरु आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक र शैक्षिकरुपमा अझै पनि तुलनात्मकरुपमा पछाडी परेको देखिन्छ । विकासमा महिलाहरुको समानुपातिक र सक्रिय सहभागिता सुनिश्चित गर्न उनीहरुको आर्थिक र सामाजिक जीवनस्तर अभिवृद्धि गर्ने उद्देश्यका साथ अभियानका रुपमा आ.व.२०३८/०३९ देखि ५ जिल्ला बाट सुरु भएको महिला विकास कार्यक्रम हाल नेपालको ७५ जिल्लामा विस्तार भएको छ । महिला विकास कार्यक्रम महिला विकास र सशक्तिकरणको लागि एउटा महत्वपुर्ण प्रयास हो । ग्रामीण विपन्न महिलाहरुलाई समूह,समिति, संस्थामा संगठित गराई जनचेतना अभिवृद्धि, क्षमता विकास गरी सामाजिक तथा आर्थिकरुपमा सशक्त बनाउन, सामाजिक विभेद र लैङ्गिक हिंसा विरुद्ध जागरुकता बढाउन यस कार्यक्रमले प्रमुख भूमिका निर्वाह गर्दै आईरहेको छ । महिला हक, अधिकार र शसक्तिकरणका लागि विभिन्न गैर सरकारी संघ संस्था तथा सरकारी निकायहरुबाट कामहरू शसक्त रूपमा भईरहेको छ । अझ नेपालको संविधान २०७२ मा महिला सम्बन्धि हकसमेत सुनिश्चित गरिएको छ । नेपालको संविधान २०७२ को भाग ३ को धारा ३८ ले देहाय बमोजिमको महिलाको हक सुनिश्चित गरेको छ ।

- प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ ।
- प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ ।
- महिला विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमाशारीरिक, मानसिक,यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिनेछैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।
- राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।
- महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।
- सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।

विशेष गरी गर्भवती महिलाहरुको निःशुल्क वा न्यूनतम शुल्कमा स्वास्थ्य परिक्षण गर्न तथा महिलाहरुमा देखिने स्तन क्यान्सर र पाठेघरको क्यान्सरको अग्रीम पहिचान र न्यूनिकरणका लागि विशेष पहल गर्नुपर्ने देखिन्छ। जिल्ला जनस्वास्थ्य कार्यालय एवं अन्य सम्बद्ध स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी मातृशिशुस्वास्थ्य तथा क्षयरोग नियन्त्रणका क्षेत्रमा कार्यरत स्वास्थ्यकमीहरुका लागि स्थायित्व, वृत्तिविकास तथा पुनर्ताजगि जस्ता कार्यक्रम ल्याई महिलाहरुका लागि लघुउद्यम व्यवसाय तालिम प्रदान गरी उद्यम व्यवसाय मार्फत आर्थिक रुपमा सबल बनाउनु पर्ने देखिन्छ।आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै नगरविकासमा महिलाहरुको समान सहभागिता गराउन अझैपनि उनीहरुलाई थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ । सामाजिक क्षेत्रमा उदाहरणीय कार्य गर्ने आमासमूह, टोलविकाससंस्था, महिला समन्वय समिति तथा महिला सम्बन्धी संघसंस्थालाई संस्थागत विकासका लागि विभिन्न कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्नुपर्दछ। महिला तथा बालबालिकाका लागि सामुदायिक कार्यप्रक्रियालाई वडाहरुमा विस्तार गर्ने तथा सामाजिक परिचालन प्रवर्द्धन कार्यलाई निरन्तरतादिई लक्षित समूहतर्फ सबै समूह र वर्गको सहभागिता हुने कार्यक्रमहरु सञ्चालन गरि समावेशी अवधारणा अनुरुप स्थानीय शासन र विकासमा महिलाको संलग्नता वृद्धि गर्न विभिन्न क्षमता

विकासका कार्यक्रमहरु ल्याउनुपर्ने देखिन्छ । नगरपालिकामा भएका आमासमुहहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

*तालिका: ५७ आमा समुहहरुको विवरण*

| क्र.सं. | सामुदायिक भवनहरुका नाम | स्थान/वडा | हालको उपयोग |
|---|---|---|---|
| १ | सम्वृद्धि आमा समुह | पन्थिगाउँ-२ | सामुहिक भेला तथा वैठक सचालन |
| २ | भगवति आमा समुह | भलायखर्क,२ | " |
| ३ | कालिका आमा समुह | पन्थेडाँडा,२ | " |
| ४ | वुद्ध आमा समुह | आठस्वारा,२ | " |
| ५ | जागृति आमा समुह | उपल्लोथोक,२ | " |
| ६ | आमा समुहको भवन | वडा नं .३ | आमा समुहको भवन |
| ७ | महिला सञ्जाल भवन | वडा नं.४ | |
| ८ | बोहोरा गाउँ आमा समा | चिसापानी,४ | |
| ९ | तमु आमा समुह | ४ | |
| १० | सातबिसे आमा समुह | ४ | |
| ११ | जनविकास सहकारी भवन | ५ | |
| १२ | दलितमैत्रि सामुदायिक भवन | ५ | |
| १३ | कुमालगाउँ आमासमुह | ५ | |
| १४ | शिबशक्ति आमा समुह | नयाँपौवा,६ | |
| १५ | राधाकृष्ण आमा समुह | स्याउली,६ | |

*स्रोत: राइनास नगरपालिकाकोस्थलगत अध्ययन २०७८*

### ५.२.१३ वाल क्लव सम्वन्धि विवरण

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रवर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बालसमूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रूपमा बालबालिकाहरू क्रियाशिल रहेका छन्। बालक्लब,बाल-सहभागिताको एक शसक्त माध्यम बनेको छ।जसलाई बालबालिका सँग सम्बन्धित थुप्रै नितीगत दस्तावेजहरूमा पनि उल्लेख गरिएको छ। बालबालिकाहरूलाई समूहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्तका गर्नका लागि विभिन्न स्तरका नीती तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधित्वलाई मान्यता दिइएकोछ। व्यक्तिगतरूपमा नगरपालिकामा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेको छन्।नगरमा भएका बालक्लबहरु विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका: ५८ वाल क्लव सम्वन्धि विवरण*

| क्र.सं. | नाम | स्थान | क्र.सं. | नाम | स्थान |
|---|---|---|---|---|---|
| १ | राईनास झरना वाल क्लव | धमिलीकुवा | ११ | गौरीशंकल वाल क्लव | भलायाखर्क |
| २ | नमुना वाल क्लव | धमिलीकुवा | १२ | महेन्द्र वालविकास काउन्सील | भलायाखर्क |
| ३ | सुनौलो वाल क्लव | धमिलीकुवा | १३ | प्रतिक्षा वाल क्लव | भलायाखर्क |
| ४ | समाज सुधार वाल क्लव | धमिलीकुवा | १४ | शिवशक्ति वाल क्लव | भलायाखर्क |

| क.सं. | नाम | स्थान | क.सं. | नाम | स्थान |
|---|---|---|---|---|---|
| ५ | आदर्श नमुना वाल क्लव | धमिलीकुवा | १५ | नवज्योती वाल क्लव | भलायाखर्क |
| ६ | वालचौतारी वाल क्लव | धमिलीकुवा | १६ | सुर्योदय वाल क्लव | भलायाखर्क |
| ७ | प्रतिभा वाल क्लव | भलायाखर्क | १७ | हिमशिखर वाल क्लव | भलायाखर्क |
| ८ | मखमली वाल क्लव | भलायाखर्क | १८ | कालिका वालमञ्च वाल क्लव | भलायाखर्क |
| ९ | मनकामना वाल क्लव | भलायाखर्क | १९ | श्रीजनशिल वाल क्लव | चक्रतिर्थ |
| १० | वालउद्वार वाल क्लव | भलायाखर्क | २० | विरोटा वाल क्लव | चक्रतिर्थ |

*स्रोत: राइनास नगरपालिकाकोस्थलगत अध्ययन २०७८*

## ५.३ खानेपानी तथा सरसफाइ

### ५.३.१ खानेपानी सुविधाको अवस्था




*नक्सा: १२ खानेपानी आयोजनाहरु तथा ट्यांकीहरु*

नगरपालिका स्वच्छ र सफा हुनुपर्छ, स्वच्छ खानेपानी जीवनको प्रमुख आधार हो । खानेपानी सुरक्षित नहुँदा विभिन्न दुषित तथा असुरक्षित पानी बाट लाग्ने रोगको जोखिम हुन्छ । खानेपानी सुरक्षित राख्न त्यस ठाउँको वातावरण पनि सफा र स्वच्छ रहनु पर्दछ र यसमा प्रयोग गरिएको स्रोतको आधारमा नगर तथा नगरपालिकाको स्वास्थ्य स्थिति निर्धारण गर्न सकिन्छ । सुरक्षित खानेपानीको प्रयोगबाट विभिन्न रोगकोजोखिम न्यूनीकरण गर्न सकिन्छ । यस नगरपालिकाका  वडा १ का छापस्वाँरा, कामीगाउँ, सालघारी, कदमखोला सिम्लेगैरीमा, वडा २ को करिब ३२ घरधुरीमा, वडा ३ का माथिल्लो भेग(ज्यामिरे, गैरिगाउँ, छाप र ढाँडखर्क), वडा ८ का केहि घरधुरीहरु तथा वडा १० का साबिकाको १ नं. मा १ घर १ धारा को उपलब्धता गराउनुपर्ने अवस्था छ । पानी फिल्ट्रेसन गर्ने प्रविधि नहुँदा वर्षातको समयमा विभिन्न वडाका बासीहरु धमिलो पानी खानुपर्ने बाध्यता रहेको छ ।नगरमा खानेपानीको अवस्थामा भने केही काम गर्नुपर्ने देखिएको छ । ट्यांकी, मर्मत सम्भार, पानीको मुहान संरक्षण, बर्षातको समयमा पानीको पाइपलाइनको संरक्षण जस्ता कार्यहरु गर्नाले नगरबासीलाई बाह्रै महिना नियामित रुपमा स्वच्छ खानेपानी उपलब्ध गराउन सकिनेछ । यस नगरपालिकामा भएका खानेपानीको योजना सम्बन्धि विवरण तलको तालिकामा देखाइएको छ ।

| | |
|---|---|
|  |  |
| खानेपानी धारा, लामागाउँ, वडा-१० | खानेपानी ट्याङ्की, वडा-१० |
|  |  |
| एक घर एक धारा अन्तर्गत खानेपानी योजना, वडा-३, नौबीसे | खानेपानी ट्याङ्की, वडा-८ |

|  |  |
|---|---|
| खानेपानी पाईप, तिनघरे, वडा-२ | खानेपानी पाईप, धमिलिकुवा, वडा-६ |

*फोटोसंग्रहः ७ खानेपानीका ट्याङकी तथा पाइपलाइनहरु*

*तालिकाः ५९ खानेपानी आयोजना सम्बन्धि विवरण*

| क्र.सं. | खानेपानी आयोजना र उद्योगको नाम | वडा नं. | पानीकोश्रोत | अवस्था | लाभान्वित घरधुरी संख्या |
|---|---|---|---|---|---|
| १ | नौबिसे खानेपानी | ३ | | | |
| २ | जेठाक टिमुरे खानेपानी | ३ | | | |
| ३ | लाम्पाटा | ३ | | | २२५ |
| ४ | ढाँडखर्क खानेपानी | ३ | | | |
| ५ | गैरिगाउँछाप ज्यामिरेथापागाउँ खानेपानी, | ३ | | | |
| ६ | लुपुखोला खानेपानि | ६ | | | ८०० |
| ७ | बसन्ति खोला खानेपानी | ६ | | | २७० |
| ८ | आँपचौर खानेपानी | ६ | | | ५० |
| ९ | खहरे खानेपानी | ६ | | | १८ |
| १० | मर्स्याङ्दी र चेपेखोला लिफ्टिङ | ६ | | सम्भावित | |
| ११ | धमिलिकुवा खानेपानी आयोजना(डिप बोरिङ) | ७ | | | ४१५ |
| १२ | चामबोटे खोला तार्कुघाटधमिलिकुवा वृहत , खानेपानी | ८ | | | |
| १३ | कोइराले खोला हर्राबोट | ८ | | सम्भावित | |
| १४ | धोबिखोला हर्राबोट खानेपानी | ८ | | " | |
| १५ | नगरखोला डौलाडाँडा गाऊँबेशी खानेपानी | ८ | | " | |
| १६ | नाइसर खोला अमलेडाँडा खानेपानी | ८ | | " | |
| १७ | लुपुखोला पिपलटारी भाटगाउँ खानेपानी | ८ | | " | |
| १८ | नाइमा खोला तार्कुघाट खानेपानी | ८ | | " | |

| क्र.सं. | खानेपानी आयोजना र उद्योगको नाम | वडा नं. | पानीकोश्रोत | अवस्था | लाभान्वित घरधुरी संख्या |
|---|---|---|---|---|---|
| १९ | राइनासकट वृहत लिफ्टिङ खानेपानी | ९ | | | |
| २० | राइनासकोट लिफ्टिङ खानेपानी | ९ | | | |

*स्रोत: राइनास नगरपालिकाकोस्थलगत अध्ययन २०७८*

### ५.३.२ खानेपानीको आधारमा घरधुरी

राईनास नगरपालिकाले राज्यका योजनालाई कार्यान्वयमा ल्याउदै सहज रुपले नागरिक समक्ष खानेपानी उपलव्ध गराउनको लागि विविध प्रयत्न गर्नुका साथै स्वच्छ खानेपानी उपलव्ध गराउनको लागि राज्य र यसका संचालक निकायसंग पनि समन्वय गर्दै आइरहेको छ । तुलनात्मक हिसाबमा पहाडी भेग भएकाले प्रायः घरहरु धाराको पानी नै मुख्य स्रोत बनेको भए पनि मुहान र खोलाको पानीलाई पनि प्रयोगमा ल्याएको देखिन्छ । यससम्वन्धि पुरा विवरण तल दिइएको छ ।

*तालिका: ६० खानेपानीको आधारमा घरधुरी*

| जम्मा घरधुरी | खानेपानीको मुख्य श्रोत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | धारा | ट्यूबवेल | इनार | कुवा | मूहानको पानी | खोला | अन्य | नखुलेको |
| ४,७५१ | ३९६३ | ८ | ४० | २५२ | ४१५ | ४९ | २ | २२ |

*स्रोत: केन्द्रीय तथ्यांक विभाग २०६८*

### ५.३.३ शौचालय प्रयोगको अवस्था

देशका कतिपय भागहरुमा सामुदायिक स्वास्थ्यका हिसाबले हानिकारक खुला रुपमा दिसा पिसाब गर्ने प्रवृति रहेको छ । यो मानव सभ्यता र व्यक्तिगत स्वास्थ्यका दृष्टिले समेत अवाञ्छित कार्य हो । तर हालका वर्षहरुमा सञ्चार माध्यमहरुको सकारात्मक भूमिका, शिक्षाको विकास र विस्तारले आम जनसमुदायहरुले खुला दिशा मुक्त क्षेत्र घोषणा गर्ने कार्य भईरहेको छ । नेपाल सरकारको साथै नागरिक समाजको सक्रिय पहलमा सञ्चालन भएका "एक घर एक चर्पी कार्यक्रम" "खुला दिशामुक्त क्षेत्रकार्यक्रम" लगायत जनचेतनामुलक कार्यक्रहरुले नगरपालिकामा शौचालयको प्रयोग बढ्दै गएको छ र पछिल्लो नतिजा अनुसार यस नगरपालिका पूर्ण खुल्लादिशामुक्त क्षेत्र कायम भएको छ ।

*तालिका: ६१ शौचालय प्रयोगको अवस्था*

| जम्मा घरधुरी | शौचालाय सुविधा नभएको घर | शौचालाय सुविधा भएको घर | | नखुलाएको |
|---|---|---|---|---|
| | | फ्लस भएको | साधारण | |
| ४,७५१ | ९६२ | २५७५ | ११९२ | २२ |

*स्रोत: केन्द्रीय तथ्यांक विभाग २०६८*

तथापि वडाबाट प्राप्त विवरण अनुसार नगरपालिकाको लगभग शतप्रतिशत घरधुरीमा शौचालय रहेको पाइयो ।

### ५.३.४ सार्वजनिक शौचालय

एउटा नगरमा हुनुपर्ने आधारभुत आवश्यकता अन्तर्गत सारवजनिक शौचालय पनि महत्वपुर्ण पूर्वाधार हो । त्यसैले नगरपालिकालाई प्रदुषण रहित बनाउन तथा नगरबासीलाई आवश्यक पर्दा शौच गर्नको लागि नगरका विभिन्न वडाहरुमा सार्वनजनिक शौचालयको निर्माण गरिएको छ ।यी शौचालयहरुलाई नियमित सरसफाइ गर्नु तथा पानीको उपलब्धता गराउनु प्रमुख चुनौति रहेको छ । राइनास नगरपालिकामा भएको सार्वजनिक शौचालयहरुको विवरण तलको तालिकामा देखाइएको छ ।

*तालिका: ६२ सार्वजनिक शौचालयहरु*

| क्र.सं. | नाम | ठेगाना/स्थान |
|---|---|---|
| १ | सार्बजनिक शौचालय | ठुलो बगैंचा ७ |
| २ | बिमिरे शार्बजनिक शौचालय | भेटघाट चोक ८ |
| ३ | बनपाले शाखा सार्बजनिक शौचालय | ९ |
| ४ | राइनासकोट सार्बजनिक शौचालय | ९ |
| ५ | प्याराजुंग भञ्याङ सार्वजनिक शौचालय | १० |
| ६ | जेठाक सार्बजनिक शौचालय | रानपा ३ |
| ७ | सातबिसे सार्वजनिक शौचालय | रानपा ४ |
| ८ | बान्द्राबोटे सार्बजनिक शौचालय | रानपा ४ |

*स्रोत: राइनास नगरपालिकाकोस्थलगत अध्ययन २०७८*

### ५.३.५ फोहोरमैला व्यवस्थापन तथा सरसफाइ

सचेतना केन्द्र, टोल विकास संस्था, टोल सुधार समाज र विपद व्यवस्थापन समितिको अगुवाई र सहकार्यमा टोल तथा वडास्तरमा अभियानको रूपमा संचालन भएको पाइन्छ । शहरीकरणको धेरै प्रभाव नभएको यस नगरपालिकामा स्वच्छ हावापानीको र प्राकृतिक वातावरणको अनुभव गर्न सकिन्छ । तर पनि दैनिक रुपमा घरबाट निस्किएको फोहोरलाई उचित व्यस्थापन गर्न सकिएको खण्डमा फोहोरमैलाको व्यवस्थापन हुन्छ।जसले नगरका बासिन्दालाई स्वस्थकर जीवन जिउन मद्दत गर्दछ।यस नगरपालिकामा अहिलेसम्म कुनै व्यवस्थापन केन्द्र देखिदैन तसर्थ नगरबाट निस्किएका फोहहोरमैला सडकको छेउछाउ तथा चेपे नदीको किनारमा छरपस्ट देखिन्छ । यस विषयमा नगरपालिकाले विशेष प्राथमिकताका साथ कार्यगर्नुपर्ने देखिन्छ ।

## ५.४ युवा तथा खेलकुद र मनोरञ्जन

### ५.४.१ खेलमैदान, पार्क, पिकनिक स्थल तथा मनोरञ्जनस्थल सम्वन्धीको विवरण

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पधी जनशक्ति उत्पादन गरी नगरपालिकाको खेल तथा अनुशासन विकासलाई बल पुर्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस नगरपालिकामा खेलकुदको विकासका लागि प्रयासरत रहेको पाइन्छ । यसको लागि नगरपालिकाले विभिन्न खुलास्थानहरूमा खेलकुदको लागि दिर्घकालिन पूर्वाधार तयार गरेको खण्डमा खेलकुदको विकास गर्न सकिन्छ ।नगरपालिकाले पनि आफ्नो कार्यक्षेत्र भित्र गतिशिल रहने गरी नगरपालिकामा नगर खेलकुद विकास समितिहरू गठन गरेका छन् । विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुर्याइरहेका छन् । यसका अतिरिक्त नेपाल सरकारद्वारा गठन हुने जिल्ला खेलकुद विकास समितिबाट पनि कतिपय राष्ट्रिय दिवसहरूमा कतिपय खेलहरूको आयोजना गर्ने गरिएको छ । समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वास्थ्य शारिरीक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्युन लगानी हुने गरेको देखिन्छ । विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ । हालका दिनहरुमा आएर निजी क्षेत्रहरूबाट पनि क्रिकेट, व्याडमिन्टन जस्ता केही खास खास खेलहरूमा लगानी गर्ने र प्रोत्साहित गर्ने क्रम सुरु भएको छ । यस क्रमलाई केन्द्रीय र स्थानीय सरकारले सहकार्य र साझेदारीको रुपमा विकसित गर्दै लैजानुपर्ने देखिन्छ । नगरपालिकाको खेलकुद तथा मनोरन्जनलाई विकास गरी नगरपालिका बासीहरुलाई खेलकुदमा आकर्षण गर्नका लागि विभिन्न योजनाहरु तयार पारेका छन् जसमा स्थानीय युवा क्लवको स्तरोन्नतिको लागि विभिन्न खेलकुद सामाग्रीको व्यवस्था गर्नुपर्ने, सामुदायिकरुपमा समन्वय गरी चिल्ड्रेनपार्कको व्यवस्था हुनपर्ने, खेलकुद प्याराफिट सहित खेलमैदान, वडा स्तरिय खेल मैदानमा आवश्यक चारैतिर पक्की नाली सहित माटो भरान, वडाका सबै क्लवहरुलाई खेलकुद सामाग्री उपलब्ध गराउने, खेल क्षेत्रमा स्तरउन्नती गर्न राइनास नगरपालिका रहेका बालबालिका तथा युवाहरुमा रहेको खेलकुद प्रतिको रुचि

मध्यनजर गर्दै राइनास नगरपालिकामा रहेका संभावना पहिचान गरेको खण्डमा राष्ट्रिय खेलकुदमा टेवा पुग्ने देखिन्छ । यस नगरपालिकाको प्रमुख खेल भलिबल र फुटबल रहेको छ । नगरपालिकामा रहेका खेल मैदानहरु सम्बन्धी विवरण तलको तालिकामा तथ नक्सामा देखाइएको छ ।




*नक्सा: १३ खेलमैदान, पार्क, पिकनिक स्थल तथा मनोरन्जनस्थल सम्वन्धि विवरण*

*तालिका: ६३ खेलमैदान, पार्क, पिकनिक स्थल तथा मनोरन्जनस्थल सम्वन्धि विवरण*

| क.सं. | खेल मैदान तथा पार्कको नाम | वार्ड नं. | क्षेत्रफल | सञ्चालक | कैफियत |
|---|---|---|---|---|---|
| १ | छिंगुरी फुटबल मैदान | १ | ६०*२० | | |
| २ | अम्बोटे फुटबल मैदान | १ | ५०*३० | | |
| ३ | लाकुरी भञ्ज्याङ खेल मैदान | १ | ६०*३० | | |
| ४ | नागेठाँटी खेल मैदान | ३ | | समुदाय | |
| ५ | जेठाक खेलमैदान | ३ | | | |

| क.सं. | खेल मैदान तथा पार्कको नाम | वार्ड नं. | क्षेत्रफल | सञ्चालक | कैफियत |
|---|---|---|---|---|---|
| ६ | ढाँडखर्क खेलमैदान | ३ | | | |
| ७ | दिउराली खेलमैदान | ३ | | | |
| ८ | छाप खेल मैदान | ३ | | | |
| ९ | पोखरी बगैंचा खेलमैदान | ४ | ९ रोपनी | समुदाय | हेलिप्याड, सामाजिक कार्य |
| १० | माझीटार | ४ | ७ रोपनी | | सभा समारोह |
| ११ | बोहोरागाउँ | ४ | ९ रोपनी | | |
| १२ | बद्राबोटे | ४ | १७ रोपनी | | भोजभतेर, खेलमैदान |
| १३ | बुढीचौर खेलमैदान | ५ | १.५ रोपनि | | भलिबल कोर्ट |
| १४ | सिम्ले चौर खेलमैदान | ५ | ५ रोपनी | | |
| १५ | गौलीटार खेलमैदान | ६ | २०० रोपनी | वडा | क्षेत्रीय स्तरको |
| १६ | ढुंगेकोत बालउद्यान तथा खेल मैदान | ६ | १५ रोपनी | वडा | |
| १७ | रा.न.पा. — ७ खेलकुद मैदान | ७ | | सामुदायिक | |
| १८ | नौबिसे खेल मैदान | ८ | ३ रोपनी | सार्वजनिक | |
| १९ | भाटगाउँ खेलमैदान | ८ | २.५ रोपनी | सार्वजनिक | |
| २० | माझीगाउँ खेलमैदान | ८ | ४ रोपनी | सार्वजनिक | |
| २१ | तार्कुघाट खेलमैदान | ८ | २.५ रोपनी | सार्वजनिक | |
| २२ | अमलडाँडा खेलमैदान | ८ | १.५ रोपनी | सार्वजनिक | भलिबल मैदान |
| २३ | ठुलोपोखरी खेलमैदान | ९ | ५००० वर्ग मिटर | सरकारी | |
| २५ | राइनासकोट खेलमैदान | ९ | | सरकारी | खेल मेला, पार्क |
| २६ | भक्ति पार्क मोहोरियाकोट | ९ | | | |
| २७ | योग बगैंचा पार्क स्तम्भ राइनासकट | ९ | | | पिकनिक स्थल, पार्क |
| २८ | लामगाउँ फुटबल मैदान | १० | | | |
| २९ | प्याराजंग पांगटे खेलमैदान | १० | | स्थानीय क्लव | |
| ३० | कोसीपा(कोके गाउँ, सिम पात्लेपानी)शिवशक्ति भलिबल मैदान | १० | | | |

*स्रोत: राइनास नगरपालिकाकोस्थलगत अध्ययन २०७८*

## ५.४.२ नगरपालिकामा भएका युवा क्लव सम्वन्धि विवरण

युवा क्लबसम्बन्धि विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

*तालिका: ६४ युवा क्लव सम्वन्धि विवरण*

| क.सं. | नाम | स्थान |
|---|---|---|
| १ | समाज कल्याण युवा क्लव | धमिलीकुवा |
| २ | नवीकरण युवा क्लव | धमिलीकुवा |
| ३ | सभ्य श्रीजन युवा क्लव | धमिलीकुवा |

| ४ | सुनौलो विहानी युवा क्लव | धमिलीकुवा |
|---|---|---|

*स्रोत: राइनास नगरपालिकाकोस्थलगत अध्ययन २०७८*

### ५.४.३ पार्क तथा पिकनिक स्थल सम्बन्धी विवरण

क्रमिकरुपमा विकसित भैरहेका शहरोन्मुख क्षेत्र तथा नगरपालिकामा रहेका पार्क तथा उद्यानहरु सार्वजनिक सम्पतिहरु हुन । क्षेत्रहरुले विशेषगरी नगरपालिकाको पर्यावरणीय प्रणालीलाई सुरक्षित गरी हरित क्षेत्रलाई प्रवर्द्धन गर्न यी क्षेत्रहरुको संरक्षण गर्नु आवश्यक छ। दैनिक नियमित कामकाजबाट पररही मानसिक स्फूर्ति र स्वच्छताका लागि मनोरञ्जनको आवश्यकता पर्दछ । मनोरञ्जनका विभिन्न उपायहरुमध्ये स्वच्छ तथा प्राकृतिक वातावरणमा रमाउने तथा वनभोज गर्ने चलन सर्वव्यापी र प्राचिन चलन हो। सार्वजनिक सम्पदाको रुपमा रहेका उद्यान, पार्क तथा खेलमैदानहरुको दिगो रुपमा संरक्षण विकास र विस्तार गर्न सके नगरपालिकाको विकास र विस्तार हुँदै जाँदा यी क्षेत्रहरु पर्यावरणीय महत्वका हिसाबले अत्यन्त आवस्यक र महत्वपूर्ण हुन्छन्। यी क्षेत्रहरुलाई हरित क्षेत्रको रुपमा विश्राम स्थल तथा नगरपालिकाको प्राकृतिक सुन्दरता कायम गर्न सहयोग गर्दछन्। यस नगरपालिकामा  सामुदायिक वन, कबुलियती वन, धार्मिक वन, सरकारी संरक्षित वनहरुमा पार्क तथा उद्यानहरुको संभावना रहेको छ।

## ५.५ शान्ति सुरक्षाको विवरण

सुरक्षाको प्रत्याभुति देशको संविधानमा सुनिश्चत हुन्छ। संविधानमा उल्लेख भए अनुरुप राज्यले नागरिकलाई सुरक्षित आभास गराउन सक्नु पर्दछ । हरेक राष्ट्रका नागरिकहरुलाई नागरिक सुरक्षा प्रदान गर्नु राज्यको दायित्व हो । नागरिकले आफ्नो राज्यमा सुरक्षित महसुस हुन पाउनुपर्छ । यसलाई चुस्त बनाउन नागरिक समाजको पनि त्यतिकै महत्वपुर्ण भूमिका रहन्छ । नगरपालिकामा भएका अपराधिक तथा सामाजिक नियम बाहिरका कार्य चोरी डकैती लगायतका अन्य कार्यहरु यी सुरक्षा निकाय मार्फत समाधान हुने गरेको पाइन्छ। नगरपालिकामा सानातिना झैझगडा, कुटपिट, साँध, सिमानामा विवाद, चोरी डकैती, ठगी, घरेलु हिंसाका घटनाहरु यदाकदा हुने गरेको स्थानीयबासीको भनाई छन् । नगरपालिकामा प्रहरी चौकी कार्यालय तिनपिप्ले, धमिलिकुवा, जस्ता नेपाल प्रहरीका विभिन्न ईकाइहरु रहेका छन् ।



आस्थाई प्रहरी चौकी, तीनपिप्ले, वडा नं. ५



निर्माणाधीन प्रहरीभवन, तीनपिप्ले, वडा नं. ५

*फोटोसंग्रह: ८ प्रहरि चौकीहरु*

*तालिका: ६५ प्रहरी इकाइको विवरण*

| क्र.सं. | विवरण | स्थान | कैफियत |
|---|---|---|---|
| १ | तिनपिप्ले प्रहरि चौकी | तिनपिप्ले,५ | |
| २ | धमिलिकुवा प्रहरि इकाइ | धमिलिकुवा ६ | |

| | | | |
|---|---|---|---|
| ३ | तार्कुघाट प्रहरी चौकी | तार्कुघाट ८ | |




नक्सा: १४ प्रहरी इकाइहरु

# परिच्छेदः ६ वन तथा वातावरणीय स्थिति

## ६.१ वन क्षेत्रको अवस्था तथा जैविक विविधता

नगरपालिकामा जैविक विविधताको अवस्था तथा स्थिति पत्ता लगाउन नगरपालिकाको जैविक विविधता बारे लेखिएका लेख, रचनाहरूको अध्ययन गर्नुको साथै सम्बन्धित कार्यालयबाट प्राप्त तथ्याङ्कको आधारमा यो विवरण तयार पारिएको हो । अध्ययन एवं प्राप्त जानकारी अनुसार यस नगरपालिकामा subtropical forest मा हुने वन्यजस्तु तथा वनस्पतिहरू पाईएका छन् । जैविक विविधता अन्तर्गत यस क्षेत्रमा पाईने प्रमुख वनस्पतिहरु, वन्यजन्तुहर, जलचर, चराचुरुङ्गी आदीको विवरण उल्लेख गरिएको छ ।

### ६.१.१ नगरपालिकामा पाइने प्रमुख वनस्पति विवरण

**क) वनस्पति**

यस नगरपालिकामा केही उष्ण प्रदेशीय जलवायु समेत भएको कारण यहाँ पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा, सिसौं, सिमल, जामुन, कदम, खयर, करम, पिठारी, छतिवन, वोहरी, खमारी, वोटधँगेरो, बकाईनो, इप्पील, वर, पीपल, बेल, अमला, निम, पलाँस, आँप, डुम्री, कटहर, लिची, नरिवल, सुपारी, वयर, काँशी अमला, कैँदल, राजवृक्ष, अशोक, चेरी, समी, मसला, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा, दारिम, तित्री, फडिर, असारे, साज, सादन, कुम्भी, हरी-बरी, हल्लुडे, सिरीस, तारी, कुसुम, क्यामुना, दबदबे, टुनी, सान्दन, कर्मा, मालती, पाचपाते, वनसुन्तला, कुम्भी, नेवारो, अशोक, सपेटा आदि छन् ।

**ख) जडिबुटी सम्बन्धी विवरण**

यस नगरपालिकाको वन क्षेत्रमा पाइने जडिबुटीहरूमा बोझ्रो, सिउँडी, घ्युकुमारी, तुलसी, बाबरी, भृंगराज, रिट्ठा, टिमुर, गुँरास, हरी, बरी, चिराँईतो चुत्रो अमला, रुदिलो, तितेपाती आदि पाईन्छ । यी जडिबुटीहरू संकलन तथा बिक्री हुने प्रसस्त सम्भावना रहेको देखिन्छ ।

### ६.१.२ नगरपालिकामा पाइने प्रमुख वन्यजन्तुको विवरण

**क) वन्यजन्तुसम्बन्धि विवरण**

यस नगरपालिकामा पाइने प्रमुख वन्यजन्तुहरुमा वन्यजन्तुहरुमा चितुवा,बाँदर, हापसिलो, बँदेल, ब्वाँसो, स्याल, रातो बाँदर, वन बिरालो, दुम्सी, निगाले बाघ, जङ्गली मुसा, मृग, मल साप्रो, न्याउरी मुसा, लोखर्के आदी रहेका छन्

**ख) चराचुरुङ्गिको विवरण**

यस नगरपालिकामा पंक्षी प्रजातीमा कालिज, ढुकुर, हुचिल, लाटोकोसरो, काग, जुरेली, गौथली, परेवा, चमेरा, सारौं, भँगेरा, कालो तित्रा, सिम तित्रा, लुईंचे, धनेश,सुगा, कालो गिद्ध, लामो ठुँडे गिद्ध, सिलसिले, कटुस टाउके मौरी चरी, जङ्गली लाटोकोसेरो, चिल, कोईली, हुट्टी ट्याउँ, कालो ढाडे लाहाँचे, भद्रे, सानो जलेवा, सानो बकुला, लालसर, कालो भूँडीफोर, चिभे, तोप चरा, कोकले, जुरेलीरबुलबुल, गाजले चरी, धोबी चरा, श्यामा, रानी चरी, छिरबिरे माटो कोरे, कालिज, निलकण्ठ, बट्टाई, कुथ्रुके, ठूलो चमेरो, भँगेरी बाज, थोप्ले लाटोकोसेरो, बकुला, मलेवा आदि प्रमुख छन् ।

**ग) घिस्रने जिवजन्तुको विवरण**

यस गाउँपलिकामा विशेष गरी घिस्रने जीवजन्तु अन्तर्गत सर्प दुई मुखे, पानी सर्प, छेपारो, गोहोरा, सुनगोहोरो, कछुवा, भ्यागुता पाईएका छन् ।

समग्रमा नगरपालिकाको हावापानीले जीवजन्तु र वनस्पतीहरूलाई संरक्षित गर्न सकिने खालका वासंस्थान उपलब्ध गराइएको भएतापनि यहाँको वनक्षेत्र अतिक्रमण र वन फडाँनीको चपेटामा पर्न गएको छ। जैविक विविधता अन्तर्गत पर्ने स्थानीय कला संस्कृतिहरूको विविधतालाई जगेर्ना गर्दै धार्मिक, ऐतिहासिक,सांस्कृतिकर

पर्यटकिय दृष्टिकोणले महत्वपुर्ण ठानिएका विभिन्न स्थानहरूको संरक्षण गर्नुपर्ने देखिन्छ। यस क्षेत्रमा पाइने गैरकाष्ठ वन पैदावारले यहाँका स्थानीय वासिन्दाका कतिपय महत्वपूर्ण आवश्यकता परिपूर्ति गर्नुका साथै नगरपालिकाका ग्रामीण बस्तीहरूको जीवन स्तर उकास्न र खाद्य सुरक्षामा महत्वपूर्ण भूमिका खेलेका छन् । यस्ता पैदावरहरूले जैविक विविधताको संरक्षण गर्नुका साथै रोजगारी र आयआर्जनको आधार तथा साना उद्योगहरूलाई अवसर प्रदान गर्छन् यसको लागि सरकार तथा सम्बन्धित निकायले नीति बनाउनु पर्छ ।

### ६.२ वन व्यवस्थापन सम्बन्धि विवरण

नेपालमा मुख्यतया स्वामित्व र व्यवस्थापनका आधारमा वन क्षेत्रलाई विभिन्न वर्गमा विभाजन गरिएको छ । वन ऐन २०४९ र त्यसमा भएका पछिल्ला संशोधन अनुसार वनका प्रकारहरुलाई विभिन्न किसिममा वर्गिकरण गरेको छ ।

### ६.२.१ राष्ट्रिय वन

राष्ट्रिय वन भन्नाले वातावरण सन्तुलन कायम राखी वनको विकास, संरक्षण तथा वन पैदावारको उपयोग र विक्रि वितरण गर्न तयार गरिएको वन सम्बन्धी कार्ययोजना भन्ने बुझिन्छ । राष्ट्रिय वन भन्नाले निजी वन बाहेक नेपाल भित्रको वन सिमाना लगाईएको वा नलगाईएको सबै वन सम्झनु पर्छ र सो शब्दले वनले घेरिएको वा वनका छेउछाउमा रहेको पती वा ऐलानी जग्गा तथा वन भित्र रहेको बाटो, पोखरी, ताल वा खोलानाला र बगर समेत जनाउँछ ।

### ६.२.२ सामुदायिक वन सम्बन्धी विवरण

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको नीतिअनुसार यस नगरपालिकामा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ ले व्यवस्था गरे बमोजिम सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफदेही सम्बन्धित वन उपभोक्ता समूहहरु नै हुन्छन् । यो कार्यक्रम शुरुमा लागू हुँदा यसको उद्देश्य नाङ्गा डाँडापाखाहरूमा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभुत आवश्यकता परिपुर्ति गर्ने रहेको थियो, तर अहिले यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरूको गरिवी निवारण, जीविकोपार्जन, जैविक विविधताकोसंरक्षण, दिगो वन व्यवस्थापन, सुशासन, समावेसीकरण, लैङ्गिक समानता, विशेष गरि महिला, दलित तथा जनजातिको सहभागिता जस्ता नयाँनयाँ सवालहरू समेत समावेश भएकोले यस कार्यक्रमले गरिवी न्युनिकरणमा समेत सहयोग पुर्‍याउन सक्ने विश्वास गरिएको छ । जिल्ला वन कार्यालयको प्राविधिक सहयोगमा समूहको स्वीकृत विधान तथा वन कार्ययोजना बमोजिम उपभोक्ता समूहको क्रियाकलापहरू संचालन तथा सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग हुने गरेको छ ।विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षण भन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्ष देखि वनक्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएकोछ।बढ्दो अतिक्रमण,लुकिचोरी हुने कटानी, चरिचरन, आगलागी आदि कारण र भैरहेको वन विनासले वनको अवस्था अत्यन्त संवेदनशील भएको छ।त्यसैले गर्दा वन क्षेत्रका बस्तीहरूमा वनसंरक्षण समिति तथा वन उपभोक्ता समितिहरू गठन गरी वन संरक्षणका लागि स्थानीय प्रयास शुरु हुन थालेको छ। एकातिर वनको महाभारत क्षेत्र नजिक बस्ने बासिन्दाहरूमा वन संरक्षणको प्रयास शुरु हुँदैछ भने अर्कोतर्फ वनक्षेत्रबाट टाढाका गाउँलेहरूको लागि सर्वसुलभ तरिकाबाट वन उपयोग व्यवस्थित हुन नसक्दा वनबाट काठदाउरा लुकिछिपी चोरीनिकासी हुनेक्रम पनि यथावत छ। विगतका वर्षहरूको तुलनामा जनताको सहभागिताको परिणाम स्वरूप वनको महाभारत क्षेत्र लगायत सघन अवस्थामा रहेका कतिपय वनक्षेत्रहरू पुनः प्राकृतिक अवस्थामा रूपान्तरित हुन पुगेका छन्। सामुदायिक वनहरूमा विद्यमान संरक्षण रआफ्नो सामुदायिक वन

प्रतिको लगावको परिणामस्वरूप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रूपमा संरक्षित भएका छन्। सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्ध हुनु जरुरी छ। उपभोक्ताहरूमा रहेका परम्परागत वनसंरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ। दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनारर अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ।

